## प्राक्कथन

प्रतिलिपि अधिकार व्यवस्थाले सिर्जनात्मक कार्यहरूको अधिकार संरक्षण गर्दछ। कला, साहित्य,संगीत, चलचित्र, कम्प्युटर सफ्टवेयर आदि ईत्यादि सबै कला, साहित्य र विज्ञानको क्षेत्रमा गरिने सिर्जनात्मक कामहरूले देशको साँस्कृतिक, आर्थिक र प्राविधिक क्षेत्रमा सम्बृद्धि ल्याउँदछ।

नेपालमा प्रतिलिपि अधिकार सम्बन्धमा चेतना र ज्ञानको कमी छ। यसैले यस सम्बन्धी कानूनी र प्रशासनिक व्यवस्था गरिए पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। यसैले प्रतिलिपि अधिकार सम्बन्धमा सचेतना बढाउने, ज्ञान र सीप विस्तार गर्ने, सम्बन्धित संघ संस्थाहरूको क्षमता बढाउने र कानून कार्यान्वयन गर्ने निकायहरूलाई प्रभावकारी बनाउने क्रियाकलापहरू सञ्चालन गरिएका छन्। यस अभियानमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना भएदेखि नै सक्रिय रहेको छ। नेपाल प्रतिलिपि अधिकार व्यवस्था लगायतले निरन्तर सहयोग गरिरहेको छ। यसैसंगठनको सहयोगमा यो प्रतिलिपि अधिकार सहयोग पुस्तिका (Hand Book) तयार भएको छ। यस पुस्तिकामा प्रतिलिपि अधिकार सम्बन्धी सैद्धान्तिक जानकारी, अन्तर्राष्ट्रिय सन्धिहरू तथा प्रणालीको संक्षिप्त चिनारी र नेपालको प्रतिलिपि अधिकार व्यवस्थाको परिचय दिने प्रयास गरिएको छ। प्रतिलिपि अधिकार सम्बन्धमा सरोकार राख्ने प्रतिलिपि अधिकारका धनीहरू, यस सम्बन्धी काममा संलग्न संघ, संस्था वा निकायहरूका लागि र अध्ययन अध्यापनमा संलग्न सबैको लागि यो पुस्तिका उपयोगी हुनेछ भन्ने विश्वास रहेको छ। विश्व बौद्धिक सम्पत्तिसंगठन (WIPO) ले अंग्रेजी भाष(ामा तयार पारेको सामाग्रीको अनुवाद गरिएको हुँदा शब्द चयन, वाक्य संरचना लग(ायत प्रस्तुतिको शैलीगत कमजोरी यसमा भए पनि प्रतिलिपि अधिकार सम्बन्धी ज्ञान र जानकारी भने पुस्तिकाले पाठकलाई दिन सक्नेछ भन्ने पनि विश्वास गरिएको छ।

यो सहयोगी पुस्तिका तयार पार्न सहयोग गरेकोमा विश्व बौद्धिक सम्पत्तिसंगठन (WIPO) प्रति हार्दिक आभार प्रकट गर्दछौं। अंग्रेजी भाषामा रहेको मूल पाठलाई नेपाली भाषामा अनुवाद गरिदिनु हुने अधिवक्ता श्री सज्जन बर सिंह थापा र नेपाल प्रतिलिपि अधिकार व्यवस्था सम्बन्धी आलेख तयार पारी दिनु हुने सहप्राध्यापक डा. बल बहादुर मुखिया दुबै जना धन्यवादका पात्र हुनु हुन्छ। साथै यस कार्यमा सहयोग गर्नु हुने नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कानून अधिकृत श्री विश्वबन्धु पौडेल लगायत सबै कर्मचारहिरूलाई धन्यवाद दिन चाहन्छु।

२०७० असार

**बिसु कुमार के.सी.**

रजिष्ट्रार

# परिच्छेद १

## प्रतिलिपि अधिकार तथा त्यससंग संबन्धित अधिकारको सामान्य जानकारी

विषय सुची


१. प्रतिलिपि अधिकारको सामान्य जानकारी

क. पृष्ठभूमी

१. बौद्धिक "सम्पति"

२. प्रतिलिपि अधिकार कानूनको उत्पत्ती र विकास

३. प्रतिलिपि अधिकार संरक्षणका सिद्धान्त

४. प्रतिलिपि अधिकार कानूनको आर्थिक पक्ष

५. राजनीतिक आयाम

ख. प्रतिलिपि अधिकार

१. संरक्षित विषय बस्तु (कार्य)

२. प्रतिलिपि अधिकार कानून अर्न्तगतका अधिकारहरू

पुनउत्पादन र त्यससंग सम्वन्धित अधिकारहरू

सर्वसाधारणको लागि संचारको अधिकार तथा सम्बन्धित अधिकारहरू

अनुबन्धन तथा संयोजनाका अधिकारहरू

नैतिक अधिकार

३. अधिकारहरूको सिमा

४. प्रतिलिपि अधिकारको अवधि

५. स्वामित्व तथा प्रतिलिपि अधिकारको प्रयोग

६. प्रतिलिपि अधिकारको आदर प्रती प्रर्वधन

२. सम्बन्धित अधिकारहरूको सामान्य जानकारी

## १. प्रतिलिपि अधिकार सम्बन्धी आधारभूत अवधारणा

### क. परिचय

१. प्रतिलिपि अधिकारलाई “बौद्धिक सम्पत्ति” (Intellectual Property) भनेर सम्बोधन गरिन्छ । प्रतिलिपि अधिकार कानूनले लेखक, अविष्कारक र अन्य सर्जकहरूलाई निर्धारित सीमित अवधिको लागि अधिकार प्रदान गरेर संरक्षण प्रदान गर्दछ। यस्तो अधिकार अनुसार निर्धारित अवधिसम्म तिनीहरूलाई आफ्नो सिर्जनाको प्रयोग माथि केही नियन्त्रण गर्न सक्तछन्। व्यक्ति वा कानूनी व्यक्तिको अधिकार र दायित्वलाई सम्बोधन गर्ने हुँदा बौद्धिक सम्पत्ति कानून देवानी कानून भित्र पर्दछ ।

२. बौद्धिक कानूनहरूलाई परंम्परागत रूपमा औद्योगिक सम्पत्ति कानून र प्रतिलिपि अधिकार कानून भनेर दुई वर्गमा विभाजित गरिएका छन्। यसले १९ औ शताब्दीको अन्ततिर बौद्धिक सम्पत्तिको संरक्षण गर्नको लागि ल्याईएका दुई अन्तराष्ट्रिय दस्तावेजलाई प्रतिबिम्बित गर्दछ । ती दुई दस्तावेजहरू Paris Convention for the Protection of Industrial Property (1883) र Berne Convention for the Protection of Literary and Artistic Works (1886) हुन । यी महासन्धिहरूको सदस्य राष्ट्रहरूको “संघ” (Union) बन्दछ : जस्तै कि पेरिस संघ र वर्न संघ र छुट्टै सचिवालयहरू पनि स्थापना भएका थिए । सन् १८९३ मा यी दुई छुट्टै सचिवालयहरू एकिकृत गरेर "United International Bureaux for the Protection of Intellectual Property" (French acronym BIRPI) बनाईएको थियो, जुन पछि हालको विश्व बौद्धिक सम्पत्तिसंगठन (WIPO) को रूपमा रूपान्त्रित भयो ।

३. अहिलेको परिवेशमा, बौद्धिक सम्पत्ति भन्ने शब्दावलीले मानिसको मस्तिष्कबाट सिर्जना हुने सबै सिर्जनाहरूलाई समेट्ने गरेकोछ । त्यस कारण, विश्व बौद्धिक सम्पत्तिसंगठन स्थापना गर्ने दस्तावेजको धारा २ (७) ले बौद्धिक सम्पत्तिको परिभाषा नगरिकन कस्ता विषय वस्तुहरू बौद्धिक सम्पत्ति अधिकारद्वारा संरक्षित छन भनी त्यस्ता सम्पत्तिको फेरिस्त उल्लेख गरेको छ। ती यस प्रकार छनः साहित्यिक, कलात्मक तथा वैज्ञानिक कार्यहरूः प्रस्तोता कलाकारहरूको प्रस्तुतिहरू, ध्वनि अंकन (phonogram) तथा प्रसारणहरू, मानवयप्रयासवाट गरिएको अविस्कारहरू, बैज्ञानिक खोजहरू, औद्योगिक डिजाईनहरू, व्यापार चिन्ह, सेवा चिन्ह, र व्यापारिक नाम र पद (designations), अस्वस्थ्य प्रतिस्पर्धाको विरूद्ध संरक्षण, र औद्योगिक, वैज्ञानिक, साहित्यिक र कलात्मक क्षेत्रमा बौद्धिक कृयाकलापद्वारा सिर्जना हुने अन्य अधिकारहरू ।

४. बौद्धिक सम्पत्ति सम्बन्धित देशको राष्ट्रिय कानूनद्वारा संरक्षित हुन्छ । बहुपक्षीय दस्तावेजहरू खास गरिकिन पेरिस र वर्न सन्धि र तत्कालिन General Agreement on Tariffs and Trade (GATT) , को उरूग्वे चरणका वार्ताहरूवाट टुङ्गो लागेको तथा हालको विश्व व्यापारसंगठन (WTO) अंर्तगत सम्पन्न भएको व्यापारसंग

सम्बन्धित बौद्धिक सम्पति अधिकार सम्झौता (Agreement on Trade-Related Aspects of Intellectual Property Rights (TRIPS Agreement) बौद्धिक सम्पत्ति कानूनका महत्वपुर्ण श्रोतहरू हुन । बौद्धिक सम्पत्ति कानूनलाई राष्ट्रहरू बिच सम्पन्न हुने बहुपक्षीय सम्झौतामा पनि समावेश गर्दछन र यो कतै पृथक निर्देशनको रूपमा जस्तै (Directives of the European Union or Decisions of the Andean Pact) कतै स्वतन्त्र व्यापार सम्झौताको हिस्सा को रूपमा हुन सक्दछ: जस्तै उत्तरी अमेरिकन स्वतन्त्र व्यापार सम्झौता (NAFTA)। बौद्धिक सम्पत्तिका व्यवस्थाहरू देशहरू बीच हुने दुई पक्षीय सम्झौतामा पनि समावेश गरिने गरिन्छ ।

**बौद्धिक "सम्पत्ति"**

५. "सम्पत्ति" भन्ने शब्दावलिले नै त्यसको धनीले त्यस्ता सम्पत्तिहरू आफ्नो इच्छा बमोजिम प्रयोग गर्न सक्छन र कानून बमोजिम धनीको स्विकृती विना कसैले पनि त्यस्तो सम्पत्ति प्रयोगमा ल्याउन सक्दैन भन्ने तथ्य औल्याउछ। धनी एउटा मानव पनि हुन सक्दछ या कानूनी व्यक्ति पनि हुन सक्दछ जस्तो कम्पनि, फर्म, संस्थान आदि ।

६. सम्पत्ति प्राय चल सम्पत्ति, अचल सम्पत्ति र बौद्धिक सम्पत्ति गरी तीन प्रकारका हुन्छन ।

७. चल सम्पत्तिले चल वस्तु जस्तै गाडी, घडी वा घरमा भएको टेबल कुर्सीलाई जनाउछ। धनीको आज्ञा विना, धनी बाहेक अरू कसैले पनि यो वस्तुहरूको प्रयोग गर्न सक्दैनन। यो एउटा "निवारिक" कानूनी अधिकार हो किनकी यस्तो सम्पत्तिको प्रयोग कसरी गर्ने भन्ने निर्णय गर्ने सर्वेसर्वा अधिकार धनीमा निहित रहन्छ। धनीले त्यस्तो सम्पत्तिको प्रयोग गर्ने अधिकार अरूलाई प्रदान गर्न सक्दछ तर यदि त्यस्तो स्वीकृती छैन भने त्यस्तो प्रयोग गैर कानूनी हुनेछ ।

८. अचल सम्पत्ति (कहिले काही यसलाई "वस्तविक" सम्पत्ति पनि भन्निछ) भित्र जग्गा र त्यस्तो जग्गामा स्थायी रूपमा जडान गरेको वस्तु र घरहरू समावेश हुन्छन । तिनीहरू "अचल" हुन्छन किनकी तिनीहरूलाई सार्न र एक स्थान बाट अर्को स्थानमा स्थानान्तरण गर्न सकिदैन ।

९. बौद्धिक सम्पत्ति त्यस्तो सम्पत्ति हो जुन मानव मस्तिष्क वा ज्ञान सम्बन्धित सिर्जित हुन्छ ।

१०. माथि उल्लेख गरिए जस्तो, बौद्धिक सम्पत्ति प्राय दुई हांगामा विभाजित गरिएकोछ। ती हुन औद्योगिक सम्पत्ति र प्रतिलिपि अधिकार र त्यससंग सम्बन्धित अधिकारहरू ।

११. औद्योगिक सम्पत्ति भित्र आविष्कारको पेटेण्ट ( विशीष्ट अधिकारपत्र), व्यापारिक चिन्हको दर्ता वा व्यापारिक नाम, औद्योगिक डिजाईनको दर्ता र भौगोलिक संकेत र integrated

circuit को लेआउट डिजाईन (topographies) पर्दछन । व्यापारिक गोपनियताको संरक्षण र अस्वस्थ्य प्रतिस्पर्धाको निरोध पनि यस क्षेत्र भित्र समावेश छन । प्रतिलिपि अधिकारलाई आफ्नो उचित स्थानमा राख्नको लागि र औद्योगिक सम्पत्ति क्षेत्र र प्रतिलिपि अधिकारको क्षेत्रमा केही तल माथि भएको हुनाले, तलका निम्न अनुच्छेदहरूमा औद्योगिक सम्पत्तिका विभिन्न हाँगाको सारांशमा व्याख्या गरेर स्पष्ट पार्ने प्रयास गरिएको छ ।

१२. आविष्कार एउटा उपाय वा जुक्ती (अवधाराणा) हो जस्ले कुनै एउटा निश्चित प्रविधिक क्षेत्रमा रहेको समस्याको व्यवाहारिक समाधान निकाल्दछ । पेटेन्टद्वारा संरक्षित हुनको लागि, सुझाईएको उपाय नविनतम हुनु पर्दछ । यस्को अर्थ के हो भने यस्तो उपाय पहिले प्रकाशित या सार्वजनिक रूपमा प्रयोग भएको छैन भनी प्रमाणित हुनु पर्दछ। त्यसै गरी यो non-obvious हुनु हुनु पर्दछ (काल्पनिक कदमको प्रयोग हुनु पर्दछ) । भन्नुको तातपर्य के हो भने कुनै विशेषज्ञलाई सम्बन्धित क्षेत्रमा यस्को जानकारी नभएको हुनु पर्दछ। त्यसै गरी यो उद्योगमा प्रयोग हुन सक्ने हुनु पर्दछ ताकी यो औद्योगिक रूपमा उत्पादन वा उपयोग हुन सकोस । पेटेन्ट एउटा यस्तो दस्तावेज हो जस्ले आविष्कारको वर्णन गर्दछ र यो सरकारी कार्यालयबाट जारी हुने गर्दछ । यसरी जारी भएको पेटेन्टको कानूनी महत्व हुन्छ अर्थात पेटेण्ट धनीको अनुमती विना अन्यवाट यसको शोषण हुन बाट रोक लगाउँदछ । धनीको इजाजत बिना पेटेण्ट गरेको आविस्कारलाई तेस्रो पक्षबाट प्रयोग गर्न पाईदैन । पेटेन्टको संरक्षण निश्चित समयको लागि मात्र हुन्छ । सामान्यतया यस्को अवधि २० वर्षको लागि हुन्छ ।

१३. "व्यापार चिन्ह" एउटा यस्तो चिन्ह हो जस्ले कुनै उद्योग वा व्यापारीक संस्थाको वस्तु वा सेवालाई अरू उद्योगको वस्तु वा सेवासंग भिन्नता छुट्ट्याउदछ । व्यापार चिन्हको रूपमा निम्न कुराहरू प्रयोग हुन सक्छनः अक्षर वा शब्द, अंक, रेखा चित्र, प्रतिक चिन्ह, रंग वा रंगहरूको समिश्रण आदि । व्यापार चिन्हको संरक्षण सरकारी कार्यालयमा दर्ता गरे पछि प्राप्त हुन्छ तर कहिले काही सम्बन्धित मुलुकको कानून अनुसार त्यस्तो संरक्षण व्यापार चिन्हको प्रयोग गरे पश्चात पनि पाउन सकिन्छ । व्यापार चिन्हको अधिकार भन्नाले त्यस्तो चिन्ह धनीको मन्जुरी बेगर कुनै तेस्रो पक्षले व्यापारिक उद्देश्यको लागि प्रयोग गर्न सक्ने छैन भन्ने बुझ्नु पर्दछ । व्यापार चिन्हको संरक्षण अवधि साधारणतया सीमित हुदैनः व्यापारिक चिन्हको दर्ता कुनै निश्चित अवधिको लागि जस्तै १० वा २० वर्षको लागि हुन्छ, तथापि यो असीमित पटक नविकरण हुन सक्दछ ।

१४. "औद्योगिक डिजाईन" अर्को प्रकारको औद्योगिक सम्पत्ति हो । "औद्योगिक डिजाईन" कुनै उपयोगी वस्तुको वाह्य अलंकारीक पक्ष हो । तथापि त्यस्तो वाह्य अलंकारीक पक्षले वस्तुको निर्धारित क्रियात्मक पक्षवाट निर्देशित हुनु हुदैन । "औद्योगिक डिजाईन" को संरक्षण कुनै सरकारी कार्यालयबाट दर्ता भए पछि प्राप्त हुन्छ ।

औद्योगिक डिजाईन मौलिक वा नयाँ (दुई बेग्ला बेग्लै अवधारणा) भए मात्र दर्ताको लागि योग्य मानिन्छ । यदि कुनै औद्योगिक डिजाईन दर्ता भएको छ भने, त्यस्तो डिजाईन कुनै तेस्रो पक्षले धनीको स्वीकृती बेगर डिजाईनको नक्कल वा अनुकरण गर्न पाउनेछैन । डिजाईन संरक्षणको अवधि निश्चित हुन्छ र प्रायजसो त संरक्षणको अवधि कानूनमा तोकिए बमोजिम ५ देखि १५ वर्षसम्मको लागि हुन्छ ।

१५. औद्योगिक सम्पत्तिले भौगोलिक संकेतको पनि संरक्षण गर्ने गर्दछ र खास गरिकिन भौगोलिक उत्पती (appellations of origin) को पनि संरक्षण गर्ने गर्दछ । यो शब्दावलीले भौगोलिक नामलाई जनाउछ जस्ले कुनै निश्चित भौगोलिक क्षेत्रमा उत्पादन हुने कुनै वस्तु तथा त्यसका गुण वा लक्षणलाई सम्बोधन गर्दछ । भौगोलिक उत्पती (appellations of origin) श्रोतको संकेत (indications of source) भन्दा फरक हो । भौगोलिक उत्पती (appellations of origin) को चिन्हले केवल एउटा निश्चित उत्पादनको प्रारम्भलाई सम्बोधन गर्दछ। व्यापारसंग सम्बन्धित बौद्धिक सम्पति अधिकार (TRIPS) सम्झौताले "भौगोलिक संकेत" (geographical indications) भन्ने शब्दावलीको प्रयोग गरेको पाईन्छ र यस्ले दुबै धारणालाई अंगालेको पाईन्छ । भौगोलिक लक्षण संरक्षणको विषय बौद्धिक सम्पत्ति कानून खासगरीकन WTO को सन्र्दभमा सबै भन्दा बादविबाद हुने विषय वस्तुको रूपमा रहेको पाईन्छ ।

१६. Integrated circuit को लेआउट डिजाईनलाई पनि विशेष प्रकारको औद्योगिक सम्पत्तिको रूपमा लिईन्छ । Integrated circuit को लेआउट डिजाईनको संरक्षण दर्ता वा विना दर्ता विना पनि प्रदान गरिन्छ । त्यस्तो सम्पत्तिको पहिलो व्यापारिक प्रयोग नै संरक्षणको आधार बिन्दुको रूपमा पनि लिईन्छ । संरक्षण कम्तिमा १० वर्षको लागि प्रदान गरिने गरिन्छ ।

१७. प्रायजसो औद्योगिक सम्पत्ति भन्ने शब्दावलीले "अस्वस्थ्य प्रतिस्पर्धा" को नियन्त्रणलाई पनि समावेश गरेको पाइन्छ । "अस्वस्थ्य प्रतिस्पर्धा" भन्नाले कुनै औद्योगिक वा व्यापारिक प्रतिस्पर्धीले उठाउने कदम हुन जुन इमान्दार आचरणको प्रतिकुल हुन्छ। उदाहरणको लागि कुनै समान वा सेवाको बारेमा त्यस्तो स्थापित सामान वा सेवाको बारेमा भ्रम फैलाउनु ।

१८. अस्वस्थ्य प्रतिस्पर्धाको संरक्षणको अर्को क्षेत्र हो "व्यापारिक गोपनियता" (जसलाई अप्रकाशित सुचना पनि भन्निछ) । व्यापारिक गोपनियता भन्नाले कुनै सुचना गोप्य राख्नु वा सामान्यतया त्यस्को खुलासा न गर्नु हो । यो गोप्य भएको कारणले यस्को व्यापारिक मुल्य रहन्छ र यस्लाई गोप्य राख्नको लागि उचित कदमहरू पनि चालिएका हुन्छ ।

१९. बौद्धिक सम्पत्तिको दोस्रो हाँगो प्रतिलिपि अधिकार हो । प्रतिलिपि अधिकार विषेश गरी साहित्यिक तथा कलात्मक कार्यमा केन्द्रित रहेको छ। त्यस भित्र साहित्य,संगीत तथा ललित कला जस्तै चित्रकला र मुर्तिकला आदि पर्दछन । प्रतिलिपि अधिकारले

व्यबहारिक कला (applied art) र हाल सालै कम्प्यूटर प्रोग्राम तथा विद्युतिय र अरू डाटाबेसलाई पनि संरक्षण प्रदान गर्ने गरेकोछ । प्रतिलिपि अधिकारले तथ्य र विचारको प्रस्तुतिलाई मात्र संरक्षण गर्दछ  विचार र तथ्यलाई होईन । प्रतिलिपि अधिकार कानूनले सिर्जनात्मक कार्यको संरक्षण गर्दछ। उदाहरणको लागि, शब्दहरूको छनौट र त्यस्को संयोजन (खास गरीकन साहित्य कार्यमा), सांगीतिक धुन (सांगितिक कार्यको लागि) र रंग तथा आकृतिहरू (कलात्मक कार्यहरूको लागि) । प्रतिलिपि अधिकार कानूनले धनीलाई संरक्षणको विशेष अधिकार प्रदान गरेको छ जसबाट धनीले अन्य तेस्रो व्यक्तिलाई आफ्नो कार्यको नक्कल गर्न वा त्यस्को प्रयोग गर्नको लागि अधिकार प्रत्यायोजन गर्न सक्छन वा त्यस्ता व्यक्तिलाई त्यस्तो कार्य गर्न रोक लगाउन सक्छ ।

२०. आविष्कार तथा साहित्यिक र कलात्मक कार्यको लागि प्रदान गर्ने संरक्षणमा केही आधारभुत भिन्नता रहेको छ । माथि उल्लेख गरिए जस्तो, पेटेन्ट कानून अन्तर्गत प्रदान गरिने कुनै पनि अविष्कारको संरक्षणले त्यस्तो अधिकारको धनीलाई त्यस्तो पेटेन्ट गरेको आविष्कारको जानकारी विना नै अन्यले स्वतन्त्रत रूपमा त्यस्तै आविष्कार गर्दछ भने पनि त्यस्ता व्यक्तिले त्यस्तो आविष्कारको प्रयोग गर्नु पुर्व पेटेन्टको धनीसित स्वीकृती प्राप्त गर्नु पर्दछ । पेटेन्टको संरक्षण तुल्नात्मक रूपमा छोटो हुन्छ - सामान्य त्यस्तो संरक्षण २० वर्षको लागि हुन्छ र त्यस्तो आविष्कार पेटेन्टद्वारा संरक्षित छ भन्ने कुरा सर्वसाधारणलाई जानकारी गराउनु पर्दछ । सरकारी दर्ता कितावमा दर्ता गर्दा पेटेन्ट दावी गरिएको आविस्कारको पुर्ण विवरण खुलासा गर्नु पर्दछ र यो सर्वसाधारणको लागि खुला हुनु पर्दछ र पेटेन्टको धनीले आफ्नो आविष्कार दर्ता किताबमा उल्लेख रहेको तथ्यलाई सुनिश्चित गर्नु पर्दछ ।

२१. माथि उल्लेख भए बमोजिम, प्रतिलिपि अधिकारको संरक्षण केवल व्यक्त भएका तथ्य वा विचारको प्रस्तुतिगत संरचना माथि मात्र लागु हुन्छ । पेटेण्ट उपरको एकाधिकार भन्दा प्रतिलिपि अधिकारको संरक्षण अवधि बढि हुन्छ - साधारणतया देशको कानून बमोजिम लेखकको मृत्य भएको वर्षबाट ५० देखि ७० वर्षसम्म रहन्छ। प्रतिलिपि अधिकार कानून अनुसार साधारणतया मौलिक रचनामा रचयिताको प्रतिलिपि अधिकारको घोषणा गरिन्छ र यसैवाट तेस्रो पक्षलाई  मौलिक रचना वा कार्यको नक्कल उतार गर्ने अधिकार प्रत्यायोजन गर्न वा त्यस्तो कार्य गर्नवाट रोक लगाउन सकिन्छ । त्यसकारण प्रतिलिपि अधिकार संरक्षणको लागि कतै दर्ता गर्न वा कुनै औपचारिकता पुरा गर्ने आवश्यकता पर्दैन ।

## २. प्रतिलिपि अधिकार कानूनको प्रारम्भ र त्यस पछिको विकास

२२. ऐतिहासिक रूपमा हेर्दा, छपाई प्रविधिको विकाससित प्रतिलिपि अधिकारको सम्बन्ध रहेको छ । छपाई प्रविधिको विकासले गर्दा कम खर्चमा किताबहरूको पुर्नउत्पादनलाई सम्भव बनायो । साक्षरताको विकासले कितावहरूको माग बढि हुन थाल्यो । यो विकास क्रमको शर्न्दभमा लेखक तथा प्रकाशकहरूको कार्यहरूलाई अनधिकृत रूप बाट नक्कल हुनुबाट रोक लगाउने र उनीहरूको संरक्षण गर्ने विषयको महत्व बढन थाल्यो । फलत अनधिकृत रूपबाट नक्कल गर्ने कामबाट पुगेको क्षती विरूद्ध प्रकाशन उद्योगको संरक्षण तथा रचयिताको हित गर्न प्रतिलिपि अधिकार कानूनको उत्पत्ति भयो ।

२३. सन् १७१० मा बेलायती संसदद्वारा जारी भएको एन्नेको विधान (Qmatute of Anne) नै पहिलो प्रतिलिपि अधिकार कानून हो । यो विधानले निश्चित गरेको अवधिको समाप्ति पछि कुनै पनि किताव बेच्ने कम्पनि (Qmationers' Company) ले किताबको प्रकाशन तथा वितरण गर्ने गरी प्राप्त सुविधा त्यस्तो अवधिको समाप्ति पछि लेखकको मा सर्ने भनी व्यवस्था गरेको पाईन्छ र त्यसरी त्यस्तो अधिकार लेखकमा सरी आए पछि लेखकले अरू कुनै प्रकाशकलाई त्यो अधिकार प्रत्योजन गर्न सक्ने अधिकारको व्यवस्था गरेको थियो । रचनात्मक कार्यहरू दर्ता हुनु पर्ने प्रावधान भए पनि दर्ता गर्न असफल भएको कारणले मात्र त्यस्तो प्रतिलिपि अधिकार रद्द नहुने र अधिकारको अतिक्रमणको विरूद्ध क्षतीपुर्तीको माग गर्न सक्ने प्रावधान थियो । एन्नेको विधानको उद्देश्य प्रकाशन व्यवसायीको एकाधिकारलाई नियन्त्रण गर्नुको साथै प्रकाशन व्यवसायमा प्रतिष्पर्धाको प्रवर्द्धन गर्नु थियो । यो विधानले रचयिता आफ्नो कार्य उपरको धनी हुने र त्यस्ता कार्यको नक्कलहरू उतार गर्न अख्तियारी दिने अधिकार भएको व्यक्ति भनी मान्यता प्रदान गरेको थियो ।

२४. यसरी सुरूवात भए पछि प्रतिलिपि अधिकारको संरक्षण अरू देशमा पनि विस्तार हुन थाल्यो । प्रतिलिपि अधिकार कानूनको प्रारम्भिक उदाहरणहरूमा १७४१ को डेनमार्कको अध्यादेश (Denmark's Ordinance, 1741) जस्ले रचयिताको अधिकारलाई मान्यता प्रदान गरेको थियो र सन् १७९० को संयुक्त राज्य अमेरिकाको संघीय प्रतिलिपि अधिकार ऐन (United Qmates Federal Copyright Qmatute, 1790) लाई लिन सकिन्छ । फ्रान्समा कन्ति भन्दा अगाडी प्रतिलिपि अधिकार सिद्धान्ततः प्रकाशकमा निहित थियो जुन सुविधा तिनीहरूलाई राजाद्वारा प्रदान गरियो थियो । फ्रान्सको कान्तिको समय सन् १७९१ र १७९३मा दुईटा आदेशहरू जारी भएका थिए जस्ले रचयिताको साहित्यिक र कलात्मक कार्यलाई संरक्षण प्रदान गरेको थियो ।

२५. जर्मनीमा प्रतिलिपि अधिकारको संरक्षण, प्रकाशन सम्झौताका लागि नियम लागू गरेर स्थापना भएको थियो । १९औं शताव्दीको मध्यतिर, जर्मन राज्यहरूले कानूनहरू

तर्जुमा गऱ्यो जस्ले रचयितालाई उस्को कार्यको धनी भनी स्विकार गऱ्यो । तेसै अवधीमा, अस्ट्रिया र स्पेनमा प्रतिलिपि अधिकार कानून जारी भए अनि लेटिन अमेरिकन देशहरूमा पनि तिनीहरूको स्वतन्त्रता पछि प्रतिलिपि अधिकारका कानूनहरू तर्जुमा भै जारी हुन थाल्यो ।

२६. १८औं शताव्दीको सुरूवातमानै प्रतिलिपि अधिकार दुई सामान्य फरक धारमा विकसित हुन थालेको थियो । यो दुई धारलाई युरोपयमहाद्विप (Contienetal European) धार र एङ्गलो (anglo) अमेरिकन धार भनी बुझ्न सकिन्छ ।

२७. युरोपीयन धारको सुरूवात फ्रान्सको क्रान्तिको समयमा जारी भएका दुई आदेशहरू वाट भएको हो । यी आदेशहरूले रचयिताहरूलाई आफ्नो कार्य माथि सम्पत्तिको अधिकार प्रदान गरेको थियो । जसले गर्दा अन्य तेस्रो पक्षले रचयिताको स्विकृती बेगर त्यस्तो कार्यको नक्कल वा सार्वजनिक रूपमा त्यस्को प्रस्तुती गर्न नपाउने भयो । यदि कसैले कुनै प्रकारको अतिक्रमण गरेमा रचयिताले छतिपुर्ति वापत हर्जानाको दाबी गर्न सक्ने व्यवस्था गरेको थियो । यो पद्दतिले प्रतिलिपि अधिकारलाई वैयक्तिक वनायो । आदेश अनुसार, व्यक्तिगत सिृजनाको काममा अधिकार पनि सिर्जना हुन्छ यस अर्थमा यो “मानव अधिकार” पनि हो । जुनसुकै प्रकृतिको कार्य भए पनि र कुनै सामाग्रीको सहयोगले स्थिरिकरण गरेको वा नगरेको भए पनि यसको अस्तित्व रहन्छ । संयुक्त राष्ट्र संघको विश्वव्यापी मानव अधिकार घोषणा पत्रका केही प्रावधान पनि प्रतिलीपी अधिकारको यही अवधारणामा आधारित छन् । धारा २७ (२) ले यस्तो प्रकारको व्यवस्था गरेको पाईन्छ : “प्रत्येक व्यक्तिलाई आफु रचयिता भएको कुनै पनि वैज्ञानिक, साहित्य वा कालात्मक कार्यबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणको अधिकार हुनेछ” ।

२८. एंग्लो अमेरिकन धारको दर्शन अलि फरक रहेको छ । यसले किताबको साथै कुनै पनि अन्य भौतिक मध्यममा स्थिरिकरण भएका कार्यको नक्कल गर्नमा पनि बन्देज लगाएको थियो र यस्ले अधिकारको धनीलाई आफ्नो कृतिको अनाधिकृत तवरबाट नक्कल गर्नबाट संरक्षण गरेको थियो । सहिमानेमा यो नै “प्रतिलिपि अधिकार” हो । (युरोपियन महाद्विपयधार जुन व्यक्ति विशेषमा केन्द्रित रहेको छ त्यसलाई प्रायजसो “रचयितााको अधिकार” भनी बुझ्ने गरिन्छ ।

२९. एंग्लो अमेरिकन धारको दर्शन, संयुक्त राज्य अमेरिकाको सम्विधानको धारा १ खण्ड ८ उल्लेखमा भएको छ । उक्त धाराले संयुक्त राज्यको काग्रेसलाई यस्तो अधिकार प्रदान गरेकोछः “विज्ञान र उपयोगी कलाको प्रवर्द्धन र विकास गर्नको लागि रचयिता र आविष्कारकको लेखन र आविष्कार उपर एकाधिकार निश्चित समयावधिका लागि सुरक्षित गरिदिने ”।

३०. यो दुई धार बीच नियुक्त गरिएको रचयिता (employed authors) को, नैतिक अधिकार तथा “कार्य”को अवधारणा सम्बन्धी क्षेत्रमा केही भिन्नता रहेको पाईन्छ । नियुक्त गरिएको रचयिताको सन्र्दभमा केही देशहरूले एंग्लो अमेरिकन धार अनुसर

ण गरेको पाईन्छ । खास गरिकन संयुक्त राज्य अमेरीकामा "कामको लागि नियुक्ति" (work-made-for-hire) भन्ने सिद्धान्त अवलम्बन गरेको पाईन्छ । यदि कुनै रचयिताले रोजगारीको करार (employment contract) अंर्तगत कुनै कार्यको सिर्जना गर्दछ भने, त्यस्तो कृतिको प्रतिलीपी अधिकार करारमा अन्य व्यवस्था नभएको भए रोजगारदातामा नै निहित हुन्छ। त्यस्को ठिक विपरितमा युरोपियन महाद्विपयधार रहेको छ । तथापी, केही अपवादलाई छोडेमा, यो दुई धार बीच रहेको भिन्नतामा त्यती सुस्पष्ट रूपमा कायम छैन र यस्तो भएको अन्तराष्ट्रिय सन्धिहरूको समाञ्जस्यता कायम गर्नु पर्ने कारणले पनि हो ।

३१. प्रतिलिपि अधिकारको संरक्षण प्रादेशिक किसिमको हुन्छ । प्रत्येक देशले आफ्नो राष्ट्रिय कानून अनुरूप संरक्षण प्रदान गरेको हुन्छ । सिद्धान्तः यसले मुलुकका रचयिताको रचना र त्यस देशमा पहिलो पटक प्रकाशन भएको कृतिलाई संरक्षण गर्ने गर्दछ । राष्ट्रिय सिमा क्षेत्र भन्दा बाहिर पनि यस्ता कार्यहरूको नक्कल हुन सक्ने र त्यसको प्रयोग हुन सक्ने हुनाले कही युरोपियन देशहरूले १९औं शताब्दीको मध्यतिर द्विपक्षीय सम्झौताहरू गरेका थिए जस अनुसार आर्को देशबाट सिर्जना भएको रचनात्मक कार्यलाई पनि संरक्षण प्रदान गर्न थालियो। तथापि यो प्रणाली न त व्यापक थियो न त एकरूपता। यही कारणले गर्दा स्थायी र एकैनासको संरक्षण प्रणालीको आवश्यकता महसुस हुन थाल्यो । साहित्यिक तथा कलात्मक कार्यको संरक्षणको लागि पहिलो पटक बर्न (Berne) महासन्धि सन् १८८६ मा जारी भएको थियो र यसको कार्य क्षेत्र व्यापक थियो । बर्न महासन्धिले संरक्षणको लागि केही आधारभुत सिद्धान्तको स्थापना गरेको थियो जुन अहिले पनि वैधानिक मानिन्छन् । अनेकौ सिद्धान्त मध्ये एउटा थियो "राष्ट्रिय व्यबहार" (national treatment)। यो सिद्धान्त अर्न्तगत यदि कुनै राष्ट्र यो महासन्धिको पक्ष रहेको छ भने त्यस राष्ट्रले अन्य देशबाट सिर्जना भएको कार्यको संरक्षण आफ्नो राष्ट्रको स्रष्टाका सिर्जनालाई गरे सरह संरक्षण गर्नु पर्दछ । अर्को सिद्धान्त न्युनतम अधिकार सित सम्बन्धित रहेको छ । यस अर्न्तगत राष्ट्रहरूले विदेशी रचयितालाई पनि निर्धारित न्यनतम अधिकार प्रदान गर्नु पर्ने हुन्छ। बर्न महासन्धि धेरै पटक संसोधन भए र यो पछि प्रतिलिपि अधिकार सम्बन्धी अन्य महासन्धि तथा सन्धिहरू पनि जारी भएका छन् ।

## ३. प्रतिलिपि अधिकार संरक्षणका औचित्यहरू

३२. प्रतिलिपि अधिकारको संरक्षणको आधारभुत करणलाई फरक फरक तरिकाबाट व्याख्या गर्न सक्निछ । प्रतिलिपि अधिकार संरक्षणले प्रतिभाशाली व्यक्तिहरूलाई आफ्नो सृजनात्मक कियाकलापलाई निरन्तरता दिन प्रोत्साहन गर्दछ जसले साहित्य, संगित, कला तथा अन्य सृजनात्मक कार्यको भण्डार भरिदै जान्छ। प्रतिलिपि अधिकारले सृजनात्मक कार्यको लागि प्रेरणाको रूपमा काम गर्ने गर्दछ र यसले

समाजिक, आर्थिक तथा सांस्कृतिक विकासमा महत्वपुर्ण योगदान पुऱ्याउदछ ।

३३. प्रतिलिपि अधिकार संरक्षणको अर्को आधारभुत कारण मष्तिस्कद्धारा हुने सृजना र त्यसको सञ्चार गर्न आवश्यक नितान्तर र सार्थक लगानीसंग सम्बन्धीत रहेको छ । यो कानूनी संरक्षणले गर्दा केही क्षेत्रमा जस्तो कि किताब प्रकाशन, सिनेमा निर्माण तथा CD र DVD को उत्पादन आदि तुलनात्मक रूपमा बढी खर्चालु उद्योगमा लागि पर्न सम्भव तुल्याएको छ भने नक्कल गर्ने वा अनुमती बिना त्यस्तो सृजनात्मक कार्यको अन्यथा प्रयोग गरेमा त्यस्ता विरूद्ध कार्यवाहीको आधार समेत प्रदान गरेकोछ ।

३४. रचयिताको कार्य निजको निजि विचार व्यक्तित्व र ज्ञानको अभिव्यक्ति हो । यो अर्को महत्वपुर्ण पक्ष हो । प्रतिलिपि अधिकार संरक्षणको कारण रचयिताहरूले आफ्नो कार्यको प्रतिष्ठा दाबि गर्न सक्षम हुन्छन र त्यसलाई विकृत, तोडमोड वा अपमान हुने कामको विरूद्धमा आपत्ती जनाउन सक्दछन् । यस्तो किसिमको संरक्षण प्रतिलिपि अधिकार कानूनले "नैतिक अधिकार" अन्तरगत प्रदान गर्ने गर्दछ ।

## ४. प्रतिलिपि अधिकार कानूनको आर्थिक पक्ष

३५. अहिलेको युगमा आधुनिक कम्पनिहरूको अमुर्त बौद्धिक सम्पत्ति जस्तै प्रतिलिपि अधिकार र काम गर्ने तरिका (Know-how) आदिको मुल्य मुर्त भौतिक सम्पत्ति भन्दा बढी हुन्छ । त्यसैगरी अनुमती पत्रको (Licenseing) रूपमा बौद्धिक सम्पत्ति अधिकारको अन्तराष्ट्रिय व्यापार व्यापक रूपमा वृद्धि हुन थालेकोछ ।

३६. प्रतिलिपि अधिकारको संरक्षणको सन्दर्भमा भएका केही अध्ययनहरूले "प्रतिलिपि अधिकार उद्योग"वाट राष्ट्रिय अर्थ व्यवस्थामा उल्लेखनीय मुल्य अभिवद्धि गरेको अनुमान गरेको छ । यसको सांस्कृतिक पक्षको अलावा, प्रतिलिपि अधिकार संरक्षणको आर्थिक आयाम पनि महत्वपूर्ण हुन्छ र यो आयाम राष्ट्रिय विकासको स्तर र अन्य कारक तत्वका कारण फरक भने हुनसक्छ । केही राष्ट्रिय अध्ययनहरू अनुसार यस्ता आर्थिक अवयबहरू उल्लेखनीयरूपमा महत्वपूर्ण रहेको देखाएको छ । औद्योगिक राष्ट्रहरूमा, प्रतिलिपि अधिकारमा आधारीत उद्योगको (उदाहरणको लागि प्रकाशन उद्योग, सिनेमा, रेडियो तथा टि.भी उत्पादन, कम्पुटर प्रोग्राम र डाटाबेस उद्योग) कुल ग्रहस्थ उत्पादनको ५ देखि ७ प्रतिशतसम्म योगदान रहेको पाईन्छ ।यस्ता अध्ययनहरू केही विकासोन्मुख राष्ट्रहरूलाई पनि लक्षित गरेर गरेको पनि पाईन्छ । यस्ता राष्ट्रिय अध्ययनको बारेमा बढी जानकारी पाउनको लागि WIPO को वेबसाइट (www.wipo.int) बाट प्राप्त गर्न सकिन्छ ।

## ५. राजनैतिक आयाम

३७. माथि उल्लेख गरे बमोजिम प्रतिलिपि अधिकार कानूनको आर्थिक पक्षको महत्व विगतका केही दशक यता बढेको पाईन्छ। बौद्धिक सम्पति कानूनको साथ प्रतिलिपि अधिकारलाई पनि व्यापारसंग सम्बन्धित बौद्धिक सम्पति अधिकार (TRIPS) सम्झैतामा समावेश गरेको पाईन्छ । यस्को अर्थ कानूनको यो शाखालाई अर्न्तराष्ट्रिय व्यापार कानून भित्र यसका आगामी परिणाम सहित समायोजन गरेको छ । यस्को अलावा, आजको सुचना तथा संचार प्रविधिको विकासले पनि प्रतिलिपि अधिकार संरक्षणलाई टडकारो रूपमा स्थापित गरेको छ जुन केही दशक अगाडीसम्म यस्तो होला भन्ने जानकारी नै थिएन । यसले केही नया सोचहरू पनि अगाडि सारेको छ जस्तै प्रतिलिपि अधिकार संरक्षण र ज्ञान तथा सुचना (A2K) उपरको पुहँच विचको सम्बन्ध आदि।

३८. यी र अन्य यस्तै तत्वहरूले प्रतिलिपि अधिकार संरक्षणको मुद्दालाई राजनैतिक क्षेत्रमा लेराएको छ। उदाहरणको लागि, विश्व बौद्धिक सम्पतिसंगठन (WIPO) को प्रतिलिपि अधिकार तथा तत्सम्बन्धी अधिकार सम्बन्धी स्थायी समिती (SCCR) को बैठकमा प्रतिलिपि अधिकारका अपबाद तथा सिमा बारेमा गहन बहसको विषय बनेको छ । विश्व बौद्धिक सम्पतिसंगठन (WIPO) को विकास कार्यसुची (Development Agenda) को छलफलको क्रममा प्रतिलिपि अधिकार कानून र त्यसको कार्यान्वयन पक्ष पनि सुक्ष्म बहसको विषय वस्तु रहेको थियो । विश्व बौद्धिक सम्पतिसंगठन (WIPO) को साधारण सभाले सन् २००४ मा यसका क्रियाकलापहरूलाई विकासमूखी बनाउने उद्देश्यले विकास कार्यसुची (Development Agenda) लाई पारित गरेको थियो ।

३९. प्रतिलिपि अधिकारसंग केही हदसम्म सम्बन्धित अर्को तत्व हो लोकगीत (folklore) वा अन्य शब्दमा भन्ने हो भने "परम्परागत सास्कृतिक अभिव्यक्ति" (TCEs) वा परम्परागत ज्ञानको (TK) अर्न्तराष्ट्रिय संरक्षणको अभाव । यस्ता मुद्दाहरू विकासोन्मुख राष्ट्रहरूको लागि चासोको विषय वस्तु बनेको छ किनकी यस्ता राष्ट्रहरू यस्ता सम्पतिका धनी छन । यी मुद्दाहरूको बारेमा विश्व बौद्धिक सम्पतिसंगठन (WIPO) (TRIPS सम्झौताको सन्र्दभमा विश्व व्यापारसंगठन) मा वार्ता चली रहेको छ ।

## ख. प्रतिलिपि अधिकार

४०. यो खण्डमा प्रतिलिपि अधिकार कानूनको आधारभुत तत्व र यसको सामान्य संरचना बारेमा छलफल तथा चर्चा गर्न खोजिएको छ । यसमा (१) संरक्षित विषय वस्तु (संरक्षित कार्य), (२) प्रतिलिपि अधिकार कानूनद्वारा प्रदान गरिएका अधिकारहरू, (३) ती अधिकारहरूको अपवाद र सिमाहरू, (४) प्रतिलिपि अधिकार संरक्षणको अवधि, (५) प्रतिलिपि अधिकारको स्वामित्व र हस्तान्तरण, र (६) अधिकारको कार्यान्वयन आदि बारे उल्लेख गरिएको छ ।

## १. संरक्षित विषय वस्तु (कार्यहरू)

बर्न महासन्धिको धारा २ (१), (३) र (५) मा "कार्य" को अवधारणा उल्लेख गरिएको छ । उक्त धाराले निम्न व्यावस्था गरेको पाईन्छ : "साहित्यितिक तथा कलात्मक कार्य" भन्ने अभिव्यक्तिले साहित्य, विज्ञान तथा कलात्मक क्षेत्रका सबै कुरा चाहे त्यो जुनसुकै विधा वा माध्यमबाट किन नभएको होस ती सबैलाई समेटदछ । जस्तै पुस्तक र अन्य लेखन, प्रवचन, सम्बोधन, उपदेश र यस्तै प्रकारका अन्य कार्यहरू, नाटक वा सांगीतिक नाटक, करियोग्राफिक कार्यहरू र मनोरन्जनात्मक मुक प्रर्दशन, शब्द वा शब्द विनाको सागित रचना, चलचित्र सम्बन्धी कार्यहरू, रेखाचित्र, रंगचित्र, खाकाचित्र, मुर्तिकला, कुँदनेकला र छाप्नेकला, फोटोग्राफी कार्य, प्रयोगात्मक कला, दृष्टान्तहरू,, नक्सा, योजना, मानचित्र, योजना, रेखांकन र त्रिआयामीक भौगोलिक चित्रहरू, मुद्रणकला,वैज्ञानिक खाका चित्र, "मौलिक रचनाको प्रतिलिपि अधिकारमा कुनै  वाधा नपुग्ने गरी अनुवाद, रूपान्तर, संगित संयोजन तथा अन्य साहित्यिक कलात्मक कार्यको रूपान्त्रणलाई पनि यस्तो संरक्षण गरिनेछ"

"बौद्धिक र सृजनात्मक रूपमा छनौट र विषय वस्तुहरूको  बन्दोवस्त गरिएका साहित्यिक वा कलात्मक कार्यहरूको संकलन जस्तोकी विश्वकोष (encyclopedias) रसंग्रह (anthologies) हरूको  त्यस्ता संकलित कार्यहरूको प्रतिलिपि अधिकार प्रती कुनै पुर्वाग्राह नरहने गरी संरक्षण प्रदान गरिने छ ।"

४२. माथि उल्लेखित व्यवस्थाबाट के स्पष्ट हुन्छ भने "अव्यिक्तिको माध्यम वा स्वरूप जेसुकै भए पनि साहित्यिक, वैज्ञानिक र कलात्मक क्षेत्रको हरेक उत्पादन" मा प्रतिलिपि अधिकार लागु हुन्छ । साहित्यिक वा कलात्मक स्तर जे सुकै भए पनि र त्यस्तो कार्य राम्रो वा नराम्रो भन्ने कुरा सित मतलव नराखी स्रष्टाको प्रत्येक मौलिक कार्यमा प्रतिलिपि अधिकार आवद्ध भएको हुन्छ । भलै स्वाद फरक हुन सक्छ र यो समय अनुसार बदल्न सक्छ ।

४३. बर्न महासन्धिमा साहित्यिक र कलात्मक कार्यको वर्णन  केवल सांकेतिक मात्र हो र यो पछिल्ला संसोधनहरूमा अद्यावधिक र परिमार्जन भएको छ । बर्न महासन्धिमा उल्लेख नभएको दुई प्रकारका कार्यहरूको वर्णन यस पछिका लेखमा गरिएको छ ।

४४. यसमा पहिलो कम्पुटर प्रोग्रामहरू हुन जसलाई (WIPO Copyright Treaty (WCT) WIPO प्रतिलिपि अधिकार सम्झौता को धारा ४ ले निम्न वमोजिम उल्लेख गरेकोछः

"बर्न  महासन्धिको धारा २ बमोजिम कम्प्युटर प्रोग्रामलाई पनि साहित्यिक कार्य सरह संरक्षण प्रदान गरिएकोछ । कम्प्यूटर प्रोग्रामहरूको मध्यम वा अभिव्यक्तिको रूप जे जस्तो भए पनि यस्तो संरक्षण प्राप्त हुनेछ ।"

४५. त्यसै गरी WCT को धारा ५ ले डाटाबेसको हकमा निम्न व्यवस्था गरेको पाईन्छ :

"जुनसुकै ढाँचाको तथ्याङ्क वा अन्य सामाग्री संकलन यदि त्यसको छनौट वा त्यसको विषय सूचिको व्यवस्थापन बौद्धिक सृजनामूलक छ भने संरक्षित हुनेछन् । तथ्याङ्क वा त्यस्ता सामाग्रीकोसंग्रहमा निहित रहेको प्रतिलिपि अधिकारमा प्रतिकुल नहुने गरी त्यस्ता तथ्याङ्क वा सामग्री मात्रलाई भने संरक्षणले समेटदैन ।

४६. कम्प्युटर प्रोग्राम र तथ्याङ्कहरूकोयी व्यवस्था TRIPs समझौतामा पनि सोही अनुरूप व्यवस्था गरिएकोछ ।

४७. बर्न महासन्धि वा अन्य पछि आउने महासन्धि वा सन्धिमा समावेश नगरिएको अन्य कार्यहरूलाई राष्ट्रिय कानूनले संरक्षण प्रदान गर्न सक्दछ । यसको एउटा उदाहरण हो मल्टीमिडिया उत्पादन । मल्टीमिडिया उत्पादन भन्नाले सांखिकी ढाँचा (digital format) मा ध्वनी, पाठ्य वस्तु र दृश्य प्रतिविम्ब समिश्रित कार्य हो जुन कम्पुटर प्रोग्रामको माध्यमबाट उपलब्ध हुन्छ ।यी उत्पादनहरू पनि स्पष्टरूपमा साहित्यिक, कलात्मक र वैज्ञानिक रचनाका सिमा भित्र पर्दछन् । त्यसै गरी कम्प्युटर खेलहरू र सृजनात्मक क्षेत्रका नविन प्रवृतिहरू पनि यसै भित्र पर्दछ भन्न सकिन्छ ।

४८. कुनै विषय वस्तुलाई "कार्य" को सज्ञा दिई त्यस्तो कार्य प्रतिलिपि अधिकारको संरक्षणको लागि योग्य हुनको लागि त्यस्तो कार्य एउटा व्यक्तिगत सृजनात्मक प्रयासको प्रतिफल हुनु पर्ने हुन्छ । अर्को शब्दमा भन्ने हो भने यस्ता कार्यहरू मौलिक हुनु पर्दछ । मौलिकताको तह परिस्थितीमा भर पर्दछ र यो विविध क्षेत्रहरू पिच्छे फरक फरक हुन सक्दछ । तथापी, मौलिक कार्य र नक्कल गरेको कार्य बिच भिन्नता देखाउनको लागि केही मौलिकताको आवश्यकता पर्दछ ।

४९. माथि उल्लेख गरे बमोजिम, प्रतिलिपि अधिकारको संरक्षण तथ्य र विचारमा रचयितताले गरेको अभिव्यक्तीमा मात्र सीमित रहन्छ त्यस्तो तथ्य र अभिप्रायमा भने रहदैन । यो कुरा WIPO प्रतिलिपि अधिकार सम्झौता (WCT) को धारा २ मा पनि उल्लेख गरिएको पाईन्छ । (TRIPS सम्झौतामा पनि)

"प्रतिलिपि अधिकारको संरक्षण अभिव्यक्ति माथि मात्र लागु हुन्छ र यस्तो संरक्षण विचार, कार्यविधि, कार्यवाही वा गणितयधारणामा आकर्षित हुदैन " ।

५०. अधिकांश देशहरूमा भौतिक रूपमा स्थिरिकरण नगरिएका कार्यहरूलाई पनि संरक्षण प्रदान गर्ने प्रचलन रहेको छ, उदाहरणको लागि लिपीबद्ध नगरेको वा अंकन नगरिएको कार्यहरू । यसको तात्पर्य के हो भने तत्काल प्रस्तुतसंगीत (improvised music) र स्वत स्फूर्त तयार गरिएको (Spontaneous choreographic) नाच पनि संरक्षित हुन सक्छ । अन्य देशहरू जस्ले एंग्लो अमेरिकन धार अवलम्बन गरेको छ त्यस्ता देशहरूमा संरक्षण प्रदान गर्नको लागि त्यस्ता कार्यहरू भौतिक रूपमा

कुदिएको हुनु पर्छ । उदाहरणको लागि कुनै एउटा पुस्तक वा अभिलेखबद्ध कार्य । बर्न महासन्धिको धारा २ (२) ले सदस्य देशहरूलाई संरक्षणको पुर्व शर्तको रूपमा स्थिरिकरण (fixation) लाई कायम गर्न सक्नेछ भन्ने स्पष्ट पारेको छ ।

## २. प्रतिलिपि अधिकार कानून अन्तरगतका अधिकारहरू

५१. "सम्पत्ति " भन्ने शब्दावलीले निम्नकुरा जनाउछ धनीले त्यस्ता सम्पत्ति आफ्नो इच्छा बमोजिम प्रयोग गर्न सक्छन् र आफ्नो अनुमती बेगर अन्यलाई त्यस्तो सम्पक्तिको उपभोग गर्नबाट रोक लगाउन सक्नेछ । यो धारणा बौद्धिक सम्पक्तिको हकमा पनि लागु हुन्छ । सिद्धान्तः, प्रतिलिपि अधिकार कानूनले रचिएतालाई आफ्नो कार्यको सर्न्दभमा कसैलाई अख्तियारी दिन वा केही कार्य गर्नमा रोक लगाउन सक्ने अधिकार प्रदान गरेकोछ । यो सिद्धान्त अन्य व्यक्तिलाई कानूनद्धारा मान्यता प्रदान गरेको अधिकार र हितको अधिन छ । सिद्धान्ततः, यस्तो अधिकारहरू "निवारक" हुन्छ । अर्थात, स्वामिले मात्रै यसको उपभोग गर्न सक्दछ ।

५२. प्रतिलिपि अधिकार कानून अर्न्तगत २ श्रेणीका अधिकारहरू निहित रहेको छ । पहिलो अधिकार आर्थिक अधिकार हो जस्ले प्रतिलिपि अधिकार धनीलाई अरूले आफ्नो कार्यको प्रयोग गरे वापत आर्थिक पारितोषक प्राप्त गर्ने हैसियत दिलाउछ । दोस्रो खालको अधिकार नैतिक अधिकार हो जसले रचयितालाई आफ्नो कार्य प्रती आफ्नो व्यक्तिगत आवद्धता (link) सुरक्षीत राख्ने सामर्थ्य प्रदान गर्दछ ।

५३. आर्थिक अधिकारहरूको व्यवस्थापन राष्ट्रिय कानूनहरूमा फरक ढंग बाट गर्न सकिन्छ, तथापी आधारभूत रूपमा खास रचनाको सम्बन्धमा निम्न कार्यहरूलाई समेटेको हुनुपर्दछ :

(क) रचनात्मक कामको पुनउत्पादन गर्ने अधिकार (त्यस्को प्रतिलिपि बनाउने);

(ख) रचनात्मक कामको सार्वजनिक संचार गर्ने अधिकार ; र

(ग) अनुवाद, संयोजन वा रचनात्मक कामकाको अन्य रूपान्तरण गर्ने अधिकार ।

## पुनउत्पादन गर्ने अधिकार र त्यससंग सम्बन्धित अधिकार

५४. आफ्नो कामको नक्कल उत्पादन गर्न अख्तियारी दिने वा रोक लगाउने अधिकार नै प्रतिलिपि अधिकार कानून अर्न्तगत रचयितालाई प्रदान गरिएको एउटा आधारभुत अधिकार हो । यस्तो नक्कल बनाउने काम प्रत्यक्षरूपमा पनि हुन सक्दछ । जस्तै साहित्यिक कार्यको प्रकाशकले वा कुनै ध्वनीअंकन उत्पादकले सांगीतिक कामको प्रस्तुती समावेश भएको सि.डी. को उत्पादन र अप्रत्यक्ष पनि हुन्छः जस्तै कुनै स्रोताले रेडियोमा वजाएको गीत रेर्कड गरेर आदि।

५५. पुनउत्पादनको अधिकार बर्न महासन्धिको धारा ९ ले व्यवस्था गरेको पाईन्छ । उक्त

धाराले निम्न व्यवस्था गरेकोछ : "साहित्यिक र कलात्मक कामहरूका रचयितालाई यो महासन्धिद्वारा संरक्षित गरे अनुसार आफ्नो कार्यको जुनसुकै तरिका वा ढाँचामा पुनउत्पादन गराउन अख्तियारी प्रदान गर्ने सर्वाअधिकार हुन्छ। "WCT को धारा १ (४) र TRIPS सम्झौताको धारा ९ ले सम्वन्धित दस्तावेज (instrument) का सदस्यहरूले त्यस दस्तावेजको अधिनमा रहि बर्न महासन्धिको धारा १ देखि धारा २१ र परिशिष्टका साथै बर्न महासन्धिको धारा ९ को परिपालन गर्नु पर्ने निर्देश गरेको पाईन्छ ।

५६. "पुनउत्पादन" भन्ने शब्दावलीले मानव आँखाले देख्न नसकिने प्रतिलिपिहरूलाई पनि समावेश गरेको छ । उदाहरणको लागि कम्प्युटरको मेमोरी (memory) मा भण्डारण गरेको कार्य । यो व्यबस्थालाई WCT को धारा १ (४)संग सम्बन्धित सहमती पत्रबाट अझ सुस्पष्ट पारिएकोछ । सहमती सम्बन्धी विज्ञप्तीमा निम्न कुराहरूको व्यवस्था गरेको पाईन्छ :

"बर्न महासिन्धको धारा ९ मा व्यवस्था गरेको पुनउत्पादनको अधिकार र त्यस अर्न्तगत रहेको अपबादहरू डिजिटल परिवेश (digital environment) र खास गरी किन डिजिटल रूपमा (digital form) प्रयोग हुने काममा लागु हुनेछ । विद्युतयमाध्यममा कुनै कार्य डिजिटल रूपमा (digital form) भण्डारण गरिएको छ भने त्यो पनि बर्न महासन्धिको धारा ९ अर्न्तगत पुनउत्पादनको क्षेत्र भित्र पर्दछ" ।

५७. पुनरूत्पादनले अल्पकालिन वा अस्थायी प्रतिलिपिहरूलाई पनि समावेश गरेको छ । उदाहरणको लागि विद्युतयसंजालको प्रसारणको सर्न्दभमा सर्भर वा राउटरको प्रयोगद्वारा प्रतिलिपि बनाएकोलाई लिन सकिन्छ । तथापी केही निश्चित प्रकारका अस्थायी प्रतिलीपीहरूलाई धेरै जसो राष्ट्रिय कानूनले पुनउत्पादन गर्ने अधिकारबाट बाहिर राखेका छन् । केही निश्चित कार्यहरू जस्तै कि caching, browsing वा यस्तै प्रकारका कार्यहरू रचयिताको स्विकृती बिना पनि गर्न सकिन्छ ।

५८. राष्ट्रिय प्रतिलिपि अधिकार कानूनहरूले रचनात्मक कार्यको प्रतिलिपिसंग सम्वन्धित केही अन्य अधिकारलाई पनि समावेश गरेको छ । त्यस्ता अधिकारहरू फरक फरक कानूनहरूमा फरक फरक ढंङ्गबाट व्याख्या हुन सक्छ। तथापी निम्न कार्यहरू समावेश भएको हुन्छ। उदाहरणको लागि राष्ट्रिय कानूनले रचयितालाई अख्तियारी दिने अधिकारको व्यवस्था गरेको हुन्छ जसबाट निजले अख्तियारी दिन वा आफ्नो कार्यको प्रतिलिपि सर्वसाधारणमा वितरण गर्न (वितरणको अधिकार) रोक लगाउन सक्नेछ । यो अधिकार WCT र WIPO Performance and Phonograms Treaty (WPPT) मा व्यवस्था गरेको छ। WCT को धारा ६ (१) ले निम्न व्यवस्था गरेको पाईन्छ : "साहित्यिक तथा कलात्मक कार्यका रचयिताहरूले निवारक अधिकारको उपभोग गर्न सक्नेछन जस अर्न्तगत उनीहरूले आफ्नो मौलिक कृती र त्यस्को प्रतिलीपी बिक्री गरी वा स्वामीत्वको हस्तान्तरणद्वारा सर्वसाधारणलाई

उपलब्ध गराउन सक्छन "।

५९. यदि कुनै निश्चित कार्यको प्रतिलिपि पहिलो पटक विक्री भएमा वा स्वामित्व हस्तान्तरण भएको अवस्थामा कार्यको वितरण माथिको नियन्त्रणको अधिकार समाप्त भएको मानिन्छ। यसको तात्पर्य के हो भने यदि कुनै प्रतिलिपि अधिकारको धनी वा अन्य कुनै व्यक्तिले धनीको स्वीकृती लिएर कुनै प्रतिलिपि बिक्री वा त्यस्तो प्रतिलिपि माथीको स्वामीत्व हस्तान्तरण गरेको छ भने, त्यस्तो प्रतिलिपिको धनीले साविक प्रतिलिपि अधिकारको धनीको स्वीकृत बीना नै त्यस्तो प्रतिलिपिको अन्य व्यवस्था (dispose) गर्न सक्नेछ। उदाहरणको लागि त्यस्तो प्रतिलिपि अरूलाई दिन वा पुनः बेच्न सक्नेछ। यस्तो किसिमको सम्पत्ति भुमण्डलय(संसारको कुनै पनि क्षेत्रमा स्वामित्वको हस्तरान्तरण हुन सक्ने), वा यो क्षेत्रयवा राष्ट्रिय (कुनै निश्चित क्षेत्रमा हस्तान्तरण भएमा जस्तै EU - वा कुनै तोकीएको राष्ट्रिय प्रदेश) मा हुन सक्दछ। WCT, WPPT र TRIPS सम्झौताहरूले राष्ट्रहरूलाई आफ्नो राष्ट्रिय कानूनमा सम्पत्तिको उपभोग कसरी गर्ने भन्ने बारेमा व्यबस्था गर्न स्वतन्त्र छोडेको छ।

६०. त्यसैगरी, केही देशहरूले प्रतिलिपिको आयात गर्न अख्तियारी दिने वा त्यसो गर्न निषेध गर्ने अधिकार प्रदान गर्न सक्दछ। यो एक प्रकारले वितरणको अधिकार र त्यसको उपभोगको उपसिदान्त हो। आयातको अधिकार प्रदान गर्नुको कारण पुनत्पादनको अधिकारमा क्षती हुन नदिई र प्रतिलिपि अधिकारको धनीले आफना पुनत्पादनको अधिकारको उपयोग प्रादेशिक आधारमा गर्न सक्षम बनाउनु हो।

६१. रचना कार्यको प्रतिलिपि बाहालमा दिनु वा पइचो दिनु पनि एक प्रकारको वितरण हो। केही निश्चित प्रकारका कार्यहरू, जस्तो भिडियोग्राम, DVDs, ध्वनी अंकन वा कम्प्युटर प्रोग्राम आदि को लागि बाहालमा दिने अधिकार उपयोगी र महत्व पुर्ण हुन्छः। यो अधिकार WCT को धारा ७ को र TRIPS सम्झौतामामा प्रष्टसित व्यवस्था गरेको छ। WCT को धारा ७ ले रचयितालाई निवारक अधिकारको व्यवस्था गरेको पाईन्छ जसले रचयितालाई आफ्नो मौलिक कार्य वा सो को प्रतिलिपिको व्यापारिक रूपमा बहालमा दिन सक्ने अधिकार निहित गरेको छ र त्यस्तो अधिकारमा निम्न कुराहरू उल्लेख भएको पाईन्छ।

(१) कम्प्युटर प्रोग्राम,

(२) चलचित्र सम्वन्धि कार्य र

(३) ध्वनी अंकन कार्यहरू।

यो अधिकारका केही निश्चित सीमाहरू छन जसलाई तल विवेचना गरेको छ।

६२. बहलमा दिने अधिकारको औचित्य दोहोरो छ। पहिलो सर्वसाधारणहरूले प्रयोग गर्ने सहज व्यबस्था गरेर रचनात्मक कार्यहरूको उपभोग गर्ने हो। दोस्रो के रहेको छ भने र हाम्रो अनुभवले के पनि देखाएको छ भने ग्राहकहरूले बहालमा

लिएको प्रतिलिपिहरूको प्रतिलिपि बनाउने गर्दछन् र प्रतिलिपि अधिकारको धनीको पुनरूउत्तपादन गर्ने अधिकारकर्तालाई सुरक्षित राख्नको लागि पनि त्यस्तो नियन्त्रणको अधिकारको आवश्यक्ता भएको हो ।

६३. केही कानूनहरूले पुनबिक्रीको अधिकार (droit de suite) लाई मान्यता दिएको पाईन्छ । यो व्यवस्था Berne महासन्धिमा पाईन्छ तर यो ऐच्छिकरूपमा छ । केही देशहरूमा, जस्तो कि युरोपियन युनियनको सबै सदस्य राष्ट्रहरूले यो अधिकारको व्यवस्था गरेको पाईन्छ । Berne महासन्धिको धारा १४ मा रहेको प्रावधान निम्नानुसार छ :

"(१) रचयिता वा निजको मृत्यु पछि राष्ट्रिय कानुनले अख्तियारी दिएको कुनै व्यक्ति वा संस्थाले रचयिताद्वारा गरिएको पहिलो हस्तान्तरण पछि पनि त्यस्ता रचयिताको मौलिक कलात्मक कार्य, मौलिक पाण्डुलिपी र रचनाको बिक्री उपर पनि दावि गर्ने अधिकार निहित रहेको हुन्छ । "

६४. केही सार्वजनीक वा व्यक्तिगत हितलाई ध्यानमा राखि याँहा उल्लेख भएका पुनउत्पादनको अधिकार र अन्य अधिकारहरू केही अपवाद वा सिमाको अधिनमा रहेको छ । उदाहरणको लागि व्यक्तिगत र गैर व्यापारिक उद्देश्यको लागि संरक्षित कार्यको एक प्रती प्रतिलिपि बनाउन पाउने प्रावधानलाई लिन सकिन्छ । प्रतिलिपि अधिकारका सिमा सम्बन्धी विषयवस्तुको विवेचना यस पछिका खण्डमा गरिएको छ ।

६५. रचनात्मक कार्यको संरचना र मौलिक सिर्जनात्मक तत्वहरूको पहिचान रहेसम्म पुनउत्पादनको अधिकार कुनै पनि मौलिक कार्यको दुरूस्त प्रतिलिपि बनाउने र परिवर्तन र रूपान्त्रण गरेर प्रतिलिपि बनाउने कार्य समेतमा लागु हुन्छ । कुनै रचयिता यदि पुर्व कार्यबाट अभिप्रेरित भए र स्वतन्त्ररू र नया कार्यको सिर्जना गर्दछ भने निजको प्रतिलिपि अधिकार त्यो पूर्व मौलिक कार्यको प्रतिलिपि अधिकारको अधिनमा हुदैन । उदाहरणको लागि, Shakespeare को Romeo Juliet बाट अभिप्रोरित भएको West Side Qmory नामक गीती नाटकलाई लिन सकिन्छ ।

## सार्वजनिक संचारको अधिकार र त्यससंग सम्बन्धित अधिकारहरू

६६. राष्ट्रिय कानूनहरूद्वारा यस्तो अधिकारको खाका फरक फरक तरिकाले गर्ने हुनाले यो सार्वजनिक संचारको अधिकारहरूलाई (The right fo Communication to the Public) निम्न अनुसार सरल तरिकाले वर्णन गरिएको छ ।

६७. सार्वजनिक संचारको अधिकार अन्तरगत एउटा अधिकार सार्वजनिक प्रस्तुती सित सम्बन्धित छ। "सार्वजनिक" भन्ने शब्दावली देश अनुसार फरक फरक रूपमा व्याख्या भएको पाईन्छ । साधारणतया, सार्वजनिक प्रस्तुती यस्तो प्रस्तुतीलाई

जनाउदछ जसमा सर्वसाधारण उपस्थिती हुन्छ वा हुनसक्दछ । सर्वसाधारणको लागि खुल्ला नगरिकन प्रस्तुती भएको भएता पनि परिवारको घेरा भित्र रहेका केही व्यक्तिहरू वाहेक र परिवारसंग नजिकको चिनजान भएका व्यक्तिहरू भन्दा अन्यको उल्लेखनीय उपस्थितिमा भएको प्रस्तुतिलाई समेत जनाउने गर्दछ। यस्ता अधिकारले सर्वसाधारण उपस्थितिमा हुने कुनै कार्यको प्रत्यक्ष प्रस्तुती जस्तो कि कुनै नाटकको मंचन वा कुनै सभागृहमा प्रस्तुत भएको कुनै सांगीतिक कार्यलाई जनाउने गर्दछ । सार्वजनिक प्रस्तुतिले रेर्कड गरिएको कुनै प्रस्तुती सार्वजनिक स्थलमा बजाउने कार्य जस्तै कि नृत्यशाला, हवाई जहाज वा पसलमा बजाउने गीतसंगीतलाई पनि जनाउँदछ ।....

६८. सार्वजनिक संचारको माध्यमको रूपमा तार रहित माध्यमवाट हुने प्रसारण विशेष माध्यम हो । जसबाट सर्वसाधारणले ध्वनि वा तस्विर वा दुवै रेडियो, टेलिभिजन वा भूउपग्रहको माध्यमबाट बाट प्राप्त गर्न सक्छन । केबल प्रसारण वा रेडियो प्रशारणको ध्वनि वा टेलिभिजन प्रशारणको संकेत पुन प्रसारण गर्ने कार्य पनि सार्वजनिक संचारको माध्यम हो ।

६९. बर्न महासन्धि अर्न्तगत, रचयिताहरूलाई आफ्नो कार्यको सार्वजनिक प्रस्तुति, प्रसार ण र संचार गर्नको लागि अख्तियारी दिने अधिकार प्रदान गरेको छ। केही देशहरूमा खास परिस्थीतिमा प्रसारणको सर्वाअधिकार सट्टा उचित परितोषक (equitable remuneration) पाउने अधिकार दिईएको पाईन्छ । तर विगतमा भन्दा कम मात्रमा यस्तो भएको देखिन्छ ।

७०. बर्न महासन्धिको (धारा ११) ले पनि रचयितालाई साहित्यिक रचनाको हकमा त्यस्तो रचनाको सार्वजनिक रूपमा वाचन (public recitation) गर्ने र सो वाचनलाई सार्वजनिक संचार गर्ने सर्वाधिकार प्रदान गरेको छ ।

७१. सर्वसाधारणको लागि संचारको अर्को माध्यम "चाहेको बखत प्रयोग गर्न सक्ने गरी " (on-demand right) गरिने संचार हो । यो अधिकार WCT को धारा ८ र WPPT को धारा १० र १४ मा व्यवस्था गरिएको पाईन्छ । WCT ले सर्वजनिक संचारको अधिकारलाई निम्न अनुसार सम्बोधन गरेको पाईन्छ :

"बर्न महासिन्धको धारा 11 (1) (ii), 11 bis (1) (i) ra (ii), 11 ter (1) (ii), 14 (1) (ii) ra 14 bis (1) मा उल्लेखित व्यवस्थाको प्रतिकुल नहुने गरि, साहित्यिक र कलात्मक कार्यका रचयिताहरूले निवारक अधिकारको उपभोग गर्न पाउनेछन । जस अर्न्तगत निजहरूलाई आफ्नो कार्य तार वा तार रहितको माध्यमका साथै "सर्वसाधारणले आफुले चाहेको स्थान र आफुले रोजेको समयमा त्यस्तो कार्य उपलब्ध गर्न सक्ने " प्रविधिको माध्यमवाट सार्वजनिक संचार गर्ने समेत अख्तियारी प्रदान गर्न सक्दछन् ।

७२. इन्टरनेटको माध्यमबाट असीमित कार्य र सुचनाको उपलब्ध हुने हुनाले "मागेको

बखत अधिकार (on-demand right)" हालको अवस्थामा एकदमै महत्वपुर्ण रहेको छ।

७३. सर्वसाधारणलाई सुचना प्रदान गर्ने सर्न्दभमा, सुचना प्रदान गर्न वा उपलब्ध गराउन भौतिक सुविधाको व्यवस्थाले मात्र सुचना प्रदान गरिन्छ भन्ने Berne महासन्धिको आशाय भित्र पर्दैन । यसलाई WCT को धारा ८ सम्बन्धी सहमतयविज्ञप्ती (Agreed Qmatement) ले पनि प्रष्ट रूपमा व्यवस्था गरेको पाईन्छ । इन्टरनेट सेवा प्रदायकको (Internet service providers) उत्तरदायित्व स्थापित गर्ने सर्न्दभमा यो एउटा महत्वपुर्ण कडी भएकोछ ।

७४. हालको वर्षमा, खास गरिकन प्रतिलिपि अधिकार तथा तत्सम्बन्धी अधिकार बार ेको स्थायी समिती (SCCR) को बैठकमा प्रसारण तथा सर्वसाधारणको लागि संचार गर्ने अधिकार गहन छलफलको विषय वस्तु भएको छ। प्राविधिक विकास खास गरिकिन डिजिटल प्रविधि (digital technology) ले गर्दा नया मुद्दाहरू उब्जिएकाछन् । डिजिटल प्रविधिले दुरसंचार र कम्प्युटर प्रविधिलाई एकै विन्दुमा ल्याएकोछ - यो एउटा यस्तो विकास हो जसले प्रतिलिपि अधिकार प्रणालीमा धेरै चुनौतीहरूको सिर्जना गरेको छ।

## अनुवाद र संयोजनको अधिकार

७५. "अनुवाद" भन्नाले कार्यको मूलरूपमा अभिव्यक्ति भएको भाषा भन्दा अन्य भाषामा परिणत गर्ने कार्यलाई जनाउदछ। "संयोजन " ले भइ रहेको कार्यलाई हेरफेर गरी अर्को खालको कार्यमा रूपान्त्रण गर्ने कार्यलाई जनाउदछ। उदाहरणको लागि कुनै उपन्यासलाई चलचित्रमा उर्तानु वा कुनै कार्यलाई हेरफेर गरी अन्य परिस्थितिको लागि उपयुक्त कार्य बनाउनु अर्थात मूलरूपमा उच्च शिक्षाका विद्यार्थीको लागि तयार पारिएको कुनै निर्धारित पाठयपुस्तकलाई संयोजन गरी प्राथमिक तहको विद्यार्थिको लागि तयार पार्ने आदि कामहरूलाई लिन सकिन्छ।

७६. यदि अनुवाद र संयोजनले मौलिकताको सिद्धान्त परिपुर्ती गर्दछ भने त्यस्ता अनुवाद र संयोजन पनि कार्यको परिभाषा भित्र पर्दछ र प्रतिलीपी अधिकार अर्न्तगत संरक्षित हुन्छ। कुनै पनि कार्यको अनुवाद वा संयोजन गरेर उपयोग गर्नु परयो भने प्रतिलिपि अधिकारको धनीको स्वीकृती अनिवार्य रूपमा लिनु पर्ने हुन्छ। फलस्वरूप यदि कुनै अनुवाद वा संयोजन गरिएको कृतिको पुनउत्पादन गर्नु पर्‍यो वा त्यसको उपयोग गर्नु पर्‍यो भने मौलिक कृतिको प्रतिलिपि अधिकारको धनी र अनुवाद वा संयोजन गर्नेको पनि स्वीकृती अनिवार्य रूपमा प्राप्त गर्नु पर्ने हुन्छ।

७७. डिजिटल ढाँचा (digital format) मा राखिएको कार्यलाई संयोजन तथा रूपान्तर ण गर्ने संभावना बढी हुने भएकाले संयोजन र रूपान्त्रण अधिकारको क्षेत्र र कार्यान्वयन गहन छलफलको विषय वस्तु बन्न गएको छ। डिजिटल (digital)

प्रविधिको सहयोगले लिपि, ध्वनी र चित्रहरू सजिलै र कम खर्चमा हेरफेर गर्न सकिन्छ । श्याम स्वेत चलचित्रलाई रंगिन बनाउने कामलाई उदाहरण लिन सकिन्छ । एकातिर कुनै पनि कार्यलाई हेरफेर गर्दा मूल रचनाकारको अहम र मर्मलाई अक्षुण राखेर रचनाको ढाँचा परिवर्तन गर्न अनुमती दिने र डिजिटल समाग्रीहरूको प्रयोगकर्ताहरूको त्यस्ता सामाग्रीहरूमा स्वभाविक र सामान्य परिवर्तन गरेर सहजरूपमा प्रयोग गर्न सक्ने अधिकार बीच सन्तलन कायम गर्ने सम्बन्धमा बहस केन्द्रित भएका छन् ।

## नैतिक अधिकार

७८. सदस्य राष्ट्रहरूले रचयितालाई महासन्धिको धारा ६ bis बमोजिम निम्न अधिकार प्रदान गर्नु पर्ने हुन्छ :

(१) रचनाकारको कार्यमाथि दाबि गर्ने अधिकार (कहिले काही यसलाई पैतृत्वको अधिकार (Right of Paternity) पनि भन्निछ): र

(२) रचयिताद्वारा रचिएको कुनै कार्यलाई विकृत तुल्याएमा, वा तोडमोड गरेमा वा अन्य कुनै स्वरूप परिवर्तन वा रचनाको अपमान हुने, र रचयिताको मानसम्मान वा ख्यातिमा प्रतिकुल असर पार्ने क्रियाकलाप विरूद्ध दावी गर्न पाउने अधिकार (कहिले काही यसलाई निष्ठााको अधिकार (Right of Integrity) पनि भनिन्छ) प्रदान गर्नु पर्ने हुन्छ । यी अधिकारहरूलाई "नैतिक अधिकार" भनी सम्बोधन गरिन्छ र त्यस्ता अधिकार आर्थिक अधिकारबाट स्वतन्त्र हुनु पर्दछ र आफ्नो आर्थिक अधिकार अन्यलाई हस्तान्तरण गरे पनि यी अधिकारहरू रचयितामा नै रहिरहनु पर्छ ।

७९. कुनै रचनामा रहेको अर्थिक अधिकारको स्वामी कुनै अन्य रहेता पनि नैतिक अधिकार केवल रचना तयार गर्ने व्यक्तीहरूमा मात्र रहन्छ । उदाहरणको लागि, चलचित्र उत्पादन वा किताबको प्रकाशनमा सृजनाकर्ताको नैतिक स्वार्थ व्यक्तिमा निहित हुन्छ । अधिकांश देशहरूमा यस्ता अधिकारहरू हस्तान्त्रण हुन नसक्ने गरिएको हुन्छ भने कुनै कुनै देशहरूमा त यस्ता अधिकारहरू चिरस्थायी हुन्छ अथवा समय सिमा निर्धारण हुदैन ।

८०. नैतिक अधिकार अर्न्तगत खास गरिकन निष्ठाको अधिकारको (right to integrity) डिजिटल प्रविधिको विकासको कारणले महत्व बढन थालेको छ । यो प्रविधिद्वारा अथाह कार्यको संयोजन वा हेरफेर गर्न सकिन्छ जसले गर्दा रचयिताको नैतिक अधिकार अतिक्रमण हुने जोखिम पनि बढन गएको छ ।

## ३. अधिकारको सीमितता

८१. प्रतिलिपि अधिकार कानूनले रचयिताहरूलाई तिनीहरूको कार्यको हकमा केही निवारक आर्थिक अधिकारहरू प्रदान गरेको हुन्छ जस्तै पुनउत्पादनको अधिकार र सर्वसाधारणलाई संचार गर्ने सम्बन्धित अधिकारहरू आदि । ती अधिकारहरू निवारक प्रकृतिको भएको कारणले यदि कुनै व्यक्तिले त्यस्ता अधिकार क्षेत्र भित्रको कुनै पनि कार्यको उपयोग वा प्रयोग गर्न चाहेमा स्रष्टाको स्वीकृती लिनु पर्दछ । यस्तो व्यवस्था रहेतापनि, खास गरेर आजको “सुचना समाज” मा बढी भन्दा बढी रचनात्मक कार्यहरूको छिटो छरितो पहुँचको माँग ज्यादै बढदै गएकोले केही अप्ठ्यारो परिश्थिती खडा हुदै आएको छ । केही खास अवस्था र निस्चित परिस्थीतिमा रचयिता वा अधिकारको धनीको स्वीकृती बिना पनि सर्वसाधारणको वा व्यक्तिगत हितको लागि यस्ता रचनाहरू र संरक्षित विषय वस्तुहरूको प्रयोग गर्नको लागि विभिन्न प्रक्रियाहरू कायम रहेकाछन । त्यस्तै एउटा प्रक्रिया हो अपवाद र अधिकारको सीमितता ।

८२. कुनै निस्चित खालको रचनालाई संरक्षणको दायराबाट अलग्याउनु एक प्रकारको सीमितता हो । केही देशहरूमा कानूनका ग्रंथ वा प्रशसनिक निर्णयहरू संरक्षणको दायराबाट अलग राखिएको पाईन्छ । त्यसैगरी, बर्न महासन्धि अंतरगत रहेको ताजा समाचार "news of the day" लाई पनि संरक्षणको दायराबाट अलग राखिएको पाईन्छ । माथि उल्लेख गरिएको जस्तै यदि कुनै रचना भौतिक रूपमा स्थिरिकरण गरिएको छैन भने त्यस्ता कार्यलाई पनि कुनै देशहरूले संरक्षण प्रदान नगर्ने गरेको पाईन्छ ।

८३. प्रतिलिपि अधिकारको आर्को प्रकारको सिमा बमोजिम कुनै कार्यको उपयोग गर्नको लागि रचयिताको स्वीकृती आवश्यकता पर्ने भएता पनि रहेको हुन्छ तर कानूनले निर्धारण गरेको कुनै अवस्थामा त्यस्तो कार्य निजको स्वीकृती बिनानै गर्न सकिन्छ । यस्तो सीमितता “निशुल्क प्रयोग” (free uses) हुन सक्छ अर्थात विना स्वीकृती र विना क्षतिपुर्ति अरूको रचनाको उपयोग अथवा ‘अनिवार्य अनुमती‘ (Non voluntary licenses) जस अनुसार विना स्वीकृती रचना प्रयोग गर्न सकिन्छ तर क्षतिपुर्ति भने रचनाकार लाई दिनु पर्ने हुन्छ ।

८४. बर्न महासन्धिले ४ प्रकारको निशुल्क प्रयोगको व्यवस्था गरेको पाईन्छ : जुन यस प्रकारका छनः उद्धरण गर्ने धारा १० (१), पढाउने कार्यमा उदाहरणको प्रयोग -धारा १० (२), आर्थिक, राजनैतिक वा धार्मिक विषयवस्तु सम्वन्धि लेख र प्रसारणको पुनउत्पादन, प्रसारण वा सर्वसाधारणलाई सुचित गर्ने कार्य (धारा १०bis (१), र तत्कालको घटनाको बारेमा समाचार सम्प्रेषण गर्न प्रतिवेदन गर्ने उद्देश्यको लागि प्रयोग गर्नु (धारा १० bis (२) ।

८५. यस्ता निशुल्क प्रयोगको सम्भाव्यतालाई प्रायजसो राष्ट्रिय कानूनमा व्यवस्था गरिएको हुन्छ । उदाहरणको लागि कुनै पाठको उद्धरणलाई लिने हो भने यस्तो

उद्धरण गर्दा त्यसको श्रोत र रचयिताको नाम उल्लेख हुनु पर्दछ र त्यस्तो उद्धरण उचित अभ्यास (fair practice) अनुकुल हुनु पर्दछ । आर्को उदाहरण व्यक्तिगत,निजि र गैर व्यबशायिक प्रयोजनका लागि एक प्रती प्रतिलिपि बनाउन पाउने व्यबस्थालाई पनि लिन सकिन्छ ।

८६. पुनउत्पादनको अधिकारको हकमा सीमितता प्रदान गर्दा बर्न महासन्धिले एउटा महत्वपुर्ण बन्देज लगाएको पाईन्छ । यसलाई साधारणतय "तीन कदम परिक्षण " (the three-steps test) भनी सम्बोधन गरिन्छ । महासन्धिको धारा ९ (२) ले के व्यवस्था गरेको पाईन्छ भने सदस्य राष्ट्रले "केही निश्चित विषयहरूमा" निः शुल्क पुनरूत्पादन प्रदान गर्न सक्नेछन । तर यस्तो पुनउत्पादन नियमित कार्यको प्रतिकुल हुनु हुन्न र रचिएताको वैधानिक हितको प्रतिकुल हुनु हुन्न । यस्तै प्रकारको व्यवस्था WCT को धारा १० मा उल्लेख गरिएको पाईन्छ र यस्ले "तीन कदम परिक्षण" को प्रयोग बर्न महासन्धिले प्रदान गरेको सबै अधिकार माथि लागु हुने व्यवस्था गरेको पाईन्छ । यस्तौ प्रकारको व्यवस्था TRIPS सम्झौतामा पनि उल्लेख गरेको पाईन्छ ।

८७. राष्ट्रिय कानूनमा समावेश भएको निः शुल्क प्रयोगको व्यवस्थाको अलावा, केही देशका कानूनले "उचित प्रयोग " (fair use) वा "उचित व्यवहार " (fair dealing) लाई पनि मान्यता दिएको पाईन्छ । यस्को अर्थ के हो भने, अधिकारको धनीको स्वीकृती बिना त्यस्ता कार्यको प्रयोग गर्न सक्ने भन्ने बुझिन्छ। तर यसको प्रयोग गर्दा निम्न कुराहरूलाई ध्यानमा राख्नु पर्ने हुन्छ : प्रयोगको प्रकृती र उद्देश्य, व्यापारिक उद्देश्यको लागि हो कि होइन, प्रयोग गरिएको कार्यको प्रकृति, कार्यको सम्पुर्ण भागको तुलनामा के कती परिणाम को कार्य प्रयोग भएकोछ र यसको प्रयोगले त्यस्ता कार्यको व्यापारिक मुल्यमा के कस्तो असर पर्दछ यी तथ्यहरूलाई ध्यानमा राख्नु पर्ने हुन्छ ।

८८. माथि उल्लेख गरे अनुसार, non-voluntary licenses ले केही निश्चित अवस्थामा अधिकारको धनीको पुर्व स्वीकृती बिना त्यस्ता कार्यको प्रयोग गर्न छुट दिएको छ तथापी त्यस्तो प्रयोग गरे वापत छतिपुर्ती दिनु पर्ने व्यवस्था पनि गरेको पाईन्छ । यिनीहरूलाई "non-voluntary" अनुमती पत्र भनी सम्बोधन गरिन्छ किन यस्ता अनुमती पत्रको प्रयोग कानूनले निर्धारण गरेको छ र अधिकारको धनीको स्वीकृतिको आवश्यकता पर्दैन । दुई वोटा अवस्थामा Berne महासन्धिले non-voluntary अनुमतिपत्रलाई इजाजत प्रदान गरेको छ : एउटा प्रसारण सम्बन्धी रहेको छ (धारा ११bis (२) र अर्को सांगितिक कार्यको ध्वनीअङ्कन सम्बन्धी (धारा १३) ।

८९. नया नया प्रविधिको विकासले कार्यको प्रयोग गर्नमा सुविधा प्रदान गरेको अवस्थामा अधिकारको धनीबाट स्वीकृती प्राप्त गर्नको लागि केही विधायकहरूले अप्ठ्यारो महसुस गरेको हुनाले राष्ट्रिय कानूनमा केही संख्यामा non-voluntary अनुमतीपत्रको व्यवस्था रहेको पाईन्छ । तथापी हाल आएर धेरै जस्तो देशहरूमा

स्वीकृती प्राप्त गर्ने संयन्त्र तथा अधिकारको सामुहिक व्यवस्थापन संस्थाहरूको विकास हुन थालेकोले non-voluntary अनुमतीपत्रको प्रयोगको औचित्य माथि प्रश्न चिन्ह खडा हुन थालेको छ ।

## प्रतिलिपि अधिकारको अवधि

९०. चल तथा अचल सम्पत्तिको कानूनी अधिकारको जस्तो प्रतिलिपि अधिकारको संरक्षण असीमित हुदैन । कुनै कार्यको सृजना हुने वित्तिकै संरक्षणको प्रारम्भ हुन्छ वा कुनै कुनै देशहरूमा त्यस्ता कार्यहरू मुर्तरूपमा अभिव्यक्ति भए पछि संरक्षण प्रारम्भ हुन्छ । तत्पश्चात त्यस्तो संरक्षण रचयिताको जीवन अवधिभर र निजको मृत्यु पश्चात केही वर्षसम्म कायम रहन्छ । साधारणतया संरक्षणको लामो अवधी प्रदान गर्नुको पछाडी केही उद्देश्य रहेको छ । यस्तो लामो समयाअवधि प्रदान गर्नुको पछाडी रचयिताको उत्तराधिकारीले रचयिताको मृत्यु पश्चात् पनि त्यस्ता कार्यको प्रयोगबाट केही आर्थिक लाभ प्राप्त गर्न सकुन भन्ने रहेको छ । जब त्यस्तो संरक्षणको अवधि समाप्त हुन्छ, तत्पश्चात् त्यस्ता कार्य सार्वजनीक हुन्छ अर्थात सिद्धान्तत जो सुकैले पनि निशुल्क रूपमा त्यसको प्रयोग गर्न सक्नेछन ।

९१. बर्न महासन्धि अर्न्तगत साधारणतया संरक्षणको अवधि रचयिताको जिवनकालसम्म र निजको मृत्यु पश्चात कम्तिमा ५० वर्षसम्म लागु हुन्छ । यदि कुनै कार्य एउटा एकलो रचयिताको जिवनसंग मात्र आधारित छैन भने त्यस्तो कार्यको संरक्षणको अवधि निर्धारण पनि महासन्धिले गरेको छ । उदाहरणको लागि बेनामी, मरणोपरान्त प्रकाशित र चलचित्र सम्बन्धी कार्यहरू लाई लिन सकिन्छ ।

९२. बर्न महासन्धिले छायाचित्र सम्बन्धी कार्य (र उपयोगी कलाका कार्यहरू) को लागि छोटो अवधिको लागि संरक्षण प्रदान गरेको छ, साधारणतया २५ वर्षको लागि मात्र । तथापी WCT को धारा ९ अनुसार, पक्षधरहरूले विशेषतः चलचित्र जन्य कार्यहरूमा यसलाई लागू नगर्न पनि सक्ने भनेको छ ।

९३. केही देशहरूमा, बर्न महासन्धिले प्रदान गरेको प्रतिलिपि अधिकार संरक्षणको अवधिलाई बढाउने प्रचलन रहेको छ । उदाहरणको लागि युरोपियन युनियनको सदस्य राष्ट्रहरूमा, लेखकको मृत्यु पस्चात संरक्षणको अवधिलाई ७० वर्षसम्म कायम गरेको पाईन्छ युरोपियन युनियनका राष्ट्रहरूमा मृत्यु दर घटेको हुनाले ५० वर्षको अवधिले रचिएताको उत्तराधिकारीको दुई पुस्तालाई समेट्न नसकिने हुनाले यसो गरिएको भन्ने उनिहरूको राय रहेको छ ।

## ५. प्रतिलिपि अधिकारको स्वामित्व र अभ्यास

९४. साधारणतया कुनै कार्यको प्रतिलिपि अधिकारको धनी त्यस कार्यको रचयिता हो भनिन्छ, अर्थात त्यो कार्यको सृजनाकार । बर्न महासन्धिको धारा १४bis मा यो सिद्धान्तको अपवादहरू रहेको पाईन्छ । जसले चलचित्र सम्वन्धि कार्यको अधिकार माथि प्रारम्भिक स्वामित्व निर्धारण गरेको पाईन्छ। यसको अलावा, केही राष्ट्रिय कानूनमा उदाहरणको लागि संयुक्त राज्य अमेरिकाले त्यस्ता कार्यको लागि नियुक्ति गरिएको रचयिताद्वारा सृजना गर्ने कार्यको हकमा केही निश्चित व्यवस्था गरेको पाईन्छ । जस अनुसार यस्ता कार्यको प्रतिलिपि अधिकारको धनी नियुक्ति गर्ने व्यक्ति रहन्छ न कि रचयिता ("कामको लागि नियुक्ति" सिद्धान्त) । त्यसै गरी निर्देशित कार्यको हकमा पनि त्यस्तै व्यवस्था लागु हुन्छ । आर्थिक अधिकार जो सुकैमा निहित रहे पनि नैतिक अधिकार जहिले पनि त्यस्ता कार्य गर्ने रचयितामा नै रहन्छ ।

९५. धेरै जसो देशहरूको कानूनले प्रतिलिपि अधिकारको प्रारम्भिक धनीले आफ्नो आर्थिक अधिकार हस्तान्तरण गर्न सक्ने प्रावधानको व्यवस्था गरेको पाईन्छ । नैतिक अधिकार साधारणतया हस्तान्तरण हुदैन । प्रतिलिपि अधिकारको हस्तान्तरण सर्मपण (assignment) वा अनुमतिपत्र (license) द्वारा हुन सक्छ ।

९६. समर्पण अर्न्तगत कुनै पनि अधिकारको धनीले आफ्नो अधिकार हस्तान्तरण गर्ने वा प्रतिलिपि अधिकारले समेटेको कुनै एक कार्य वा सबै अधिकारहरू प्रयोग गर्न दिने वा रोक्न सक्ने अख्तियारी प्राप्त गरेको हुन्छ। समर्पणले साम्पती अधिकारको हस्तान्तरणलाई समेटदछ । त्यसकारण यदि सबै अधिकारहरू समर्पण गरिन्छ भने जो व्यक्तिलाई त्यस्तो अधिकार समर्पण गरेको हुन्छ त्यो व्यक्ति कार्यको प्रतिलिपि अधिकारको धनी बन्दछ । अर्थात त्यस्तो व्यक्तिले अधिकारको हनन भएमा कार्यवाही गर्न सक्छ ।

९७. केही देशहरूमा, प्रतिलिपि अधिकारको समर्पण कानूनी रूपमा सम्भव छैन र केवल अनुमती (licensing) मात्र प्रदान गर्ने गरिन्छ । अनुमतिपत्रको व्यवस्था अर्न्तगत, प्रतिलिपि अधिकारको धनी त्यस्तो प्रतिलीपी अधिकारको धनी हुन्छ र उसले आफ्नो एक वा एक भन्दा बढि आर्थिक अधिकार तेस्रो व्यक्तिलाई केही समय र निश्चित उद्देश्यको लागि प्रयोग गर्ने अनुमती प्रदान गर्दछ । उदाहरणको लागि, कुनै उपन्यासकारले कुनै प्रकाशकलाई आफ्नो उपन्यासको तयारी र वितर ण गर्ने अनुमती प्रदान गर्न सक्छ । सोही समयमा त्यस्ता रचयिताले आफ्नो उपन्यासमा आधारित चलचित्र निमार्ण गर्नको लागि कुनै चलचित्र निर्मातालाई अनुमती प्रदान गर्न सक्छ। अनुमतिपत्र निवारक हुन सक्दछ। अर्थात अनुमतिपत्रले समेटेको कार्यको प्रयोग गर्नबाट अर्को पक्षलाई रोक लगाउन सक्दछ । त्यसैगरी अनुमतिपत्र गैर निवारक (non-exclusive) हुन्छ । अर्थात अनुमतिपत्रले समेटेको कार्य गर्न गराउनको लागि प्रतिलिपि अधिकारको धनीले अख्तियारी प्रदान गर्न

सक्दछ । यसको प्रयोग समान्यतासंगीतको क्षेत्रमा प्रयुक्त हुने गर्दछ जहाँ धेरै व्यक्तिहरूलाई एउटै संगित प्रयोग गर्ने अनुमती प्रदान गरिन्छ । साधाणतया, जुन व्यक्तिलाई अनुमती प्रदान गरिएको छ, त्यस्ता व्यक्तिले अन्य व्यक्ति त्यो कार्य प्रयोग गर्ने अनुमती प्राप्त दिन सक्दैन ।

९८. अधिकारको सामुहिक व्यवस्थापन (collective management of rights) अर्को प्रकारको अनुमतिपत्र हो । यसमा कुनै निश्चित क्षेत्रका रचयिताहरू समुहिक रूपमा एउटा संस्थाको निर्माण गर्दछन र त्यस्तो संस्थालाई आफ्नो तर्फवाट आफ्नो कार्यको प्रयोग, प्रयोग गरे वापतको पारितोषीक संकलन गर्ने र सहमत भएको नियम अनुसार रचिएताहरूलाई त्यस्तो पारितोषक वितरण गर्ने अख्तियारी प्रदान गरेको हुन्छ । साधारणतया, यस्तो संस्थालाई सदस्यको अधिकारको उल्लङ्घन भएको छ कि छैन त्यसको अनुगमन तथा लेखाजोखा गर्नुको साथै त्यस विरूद्ध कार्यवाही गर्ने अख्तियारी पनि प्रदान गरेको हुन्छ । आमरूपमा प्रयोग हुने रचनाको सन्दर्भमा अधिकारको सामुहिक व्यवस्थापन पद्दती उपयोगी हुन्छ किनकी यस्तो अवस्थामा व्यक्तिगत अनुमतिपत्र दिने काम सम्भव हुदैन वा व्यवहारिक हन्दैन । केही रचयिताहरू यस्ता सामुहिक व्यवस्थापन संस्थाको सदस्य हुदैनन् र तिनीहरूको अधिकार प्रयोग गर्ने अख्तियारी संस्थालाई हुदैन । यो समस्यालाई केही राष्ट्रिय कानूनले सदस्यहरूको हित प्रतिकुल नहुने गरी गैर सदस्यको अधिकार प्रयोग गर्ने अख्तियारी निहित रहको अनुमान गरेर समाधान गर्ने प्रयास गरेको पाईन्छ॥ समाधानको अर्को उपाय के पनि रहेको छ भने सामुहिक सहमतिलाई निस्चित क्षेत्रमा लागु गर्ने अर्थाथ केही निस्चित शर्तको अधिनमा सहमतीको शर्त गैर सदस्य रचयिताहरूमा पनि लागु गर्ने जस अनुसार ती रचयिताहरू पनि त्यो सहमतिको अधिनमा हुने छ । अधिकारको सामुहिक व्यवस्थापन केही निश्चित क्षेत्रमा उपयोगी हुनछ जस्तो कीसंगीतको सर्वजनिक प्रस्तुतिमा, प्रतिलिपि गर्ने (reprography) र केवल प्रसारण गर्ने आदि कार्यमा ।

## ६. प्रतिलिपि अधिकारकोसम्मानको प्रबर्द्धन (कार्यान्वयन):

९९. प्रतिलिपि अधिकार कानूनले प्रदान गरेको संरक्षणलाईसम्मान गर्नु पर्दछ । यदि त्यसो हुन सकेन भने कानून निरर्थक हुन जान्छ । कानून अर्न्तगतको अधिकारहरू लागु हुनु पर्दछ र यदि त्यस्ता अधिकारको उल्लङ्घन भएमा कारवाही हुन्छ भन्ने कुराको सुनिस्चितता राष्ट्रिय कानूनले व्यवस्था गर्नु पर्दछ ।

१०० बर्न महासन्धि र WCT ले थोरै मात्रमा कार्यान्वयनको प्रावधान राखेको भए तापनि यो विषय हाल निकै महत्व हुनको साथै राजनीतिक बहसको विषय वस्तु भएको छ । यसको दुई कारण छन । एउटा कारण प्राविधिक क्षेत्रमा भएको प्रगती रहको छ । डिजिटल प्रविधिले कुनै पनि कार्यलाई डिजिटल ढाँचामा छिटो, कम खर्चिलो, उत्कृष्ट र उच्च कोटीमा नक्कल गर्न सक्ने र इन्टरनेटको माध्यमद्वारा केही निमेशमा नै

विश्वभर कार्यको प्रसारण हुन सक्ने तुल्याएको छ । व्यापारिक प्रयोजनको लागि होस वा गैर व्यापारिक प्रयोजनको लागि होस प्रविधिले कार्यहरूको तथा संरक्षित विषय वस्तुहरूको ठुलो मात्रमा अनाधिकृत रूपमा प्रयोग गर्न सम्भव बनाएको छ । वस्तु र सेवाको अन्तराष्ट्रिय व्यापारमा बढदै गएको अर्थिक महत्व यसको अर्को कारक तत्व रहको छ । प्रतिलिपि अधिकार सहितको उत्पादन र बौद्धिक सम्पत्तिले संरक्षण गरेको सेवाहरू विश्वव्यापी व्यवसायी बन्दै गएको छ । यही कारणले गर्दा TRIPS सम्झौताले बौद्धिक सम्पत्तिको अधिकारलाई सम्बोधन गरेको पाईन्छ र यसले विस्तृत रूपमा कार्यान्वयनको मापदण्डको व्यवस्था गरेको पाईन्छ जस्तै विश्व व्यापारसंगठनका  सदस्यहरूले पालन गर्नु पर्ने हुन्छ ।

१०१. माथि उल्लेख गरिए जस्तै, हाल विद्यमान प्रतिलिपि अधिकारको महासन्धिहरू र सिद्यान्तहरूमा कार्यान्वयनका व्यवस्थाहरू थोरै मात्रमा राखिएको पाईन्छ । कार्यान्वयनका मापदण्ड अन्य स्थानमा राखिएको छ । TRIPS सम्झौताले यस सम्बन्धी विस्तृत व्यवस्था गरेको पाईन्छ र कार्यान्वयनका विषयवस्तु क्षेत्रिय व्यवस्थामा बन्दोवस्त गरिएको पाईन्छ । उदाहरणको लागि EU र अभिवृद्धि भई रहेको द्विपक्षयस्वतन्त्र व्यापार सम्झौता (FTAs) मा यसको उल्लेख भएको पाईन्छ । त्यसैगरी केही देशहरूले “नक्कली कार्य विरूद्ध व्यपार सम्झौता ” (Anti-Counterfeiting Trade Agreement) को स्थापना गरेको छ । तलको अनुच्छेदले कार्यान्वयन प्रणालीको प्रमुख तत्वको बारेमा सारंशमा उल्लेख गरेको छ । कार्यान्वयन प्रणालीले देवानी उपचारको व्यवस्था गर्नु साथै प्रतिरोधात्मक वा अन्तरिम उपाय, फौजदारी उपचार, भन्सार/सिमाना सम्बन्धी उपाय र प्रविधिक संरक्षणको हेराफेरीको सुरक्षाको व्यवस्था गरेको पाईन्छ ।

१०२. देवानी उपचारले प्रतिलिपि अधिकारका धनीलाई आफ्नो आर्थिक वा नैतिक अधिकारमा कुनै हानी परेमा त्यस विरूद्ध हर्जानाको व्यवस्था गरेको पाईन्छ र त्यस्तो हर्जाना प्रायजसो आर्थिक रूपमा हुने गर्दछ । यसले पछि हुन सक्ने उल्लङ्घनका कार्यलाई पनि हतोत्साही गर्ने प्रयास गर्दछ । उदाहरणको लागि उल्लङ्घन गरी प्राप्त गरेका सामान र सामग्रीहरूलाई न्यायिक आदेशद्वारा त्यसको नाश गर्न लगाउनु वा त्यसको उत्पादनमा रोक लगाउनु । यदि त्यस्ता उल्लङ्घनका कार्य हुने सम्भावना छ भने यस्ता कार्यको विरूद्ध निषेधआज्ञाको आदेश जारी हुन सक्दछ र यदि यस्तो निषेधआज्ञाको आदेशको पालन नभएमा जरिवानाा समेत हुन सक्दछ ।

१०३. संरक्षणात्मक वा अन्तरिम उपायको साधारणतया दुई वोटा उद्देश्य रहेको पाईन्छ । पहिलो उद्देश्य उल्लन र त्यसबाट हुने हानिकारक प्रभावलाई रोक लगाउने हो । व्यापारको मार्गमा उल्लङ्घन गरी ल्याएको सामानका प्रवाह हुन नदिन त्यस्ता सामान भंसार फर्छ्यौट गरी आयात हुन रोक लगाउनु एउटा विषेश उपाय हो । संरक्षणात्मक वा अल्तकालीन उपायको अर्को उद्देश्य सम्बन्धित प्रमाणको संरक्षण गर्नु रहेको छ । उदाहरणको लागि कम्प्युटरको मेमेरीमा रहेका गैर कानूनी रूपबाट

नक्कल गरिएको कम्प्युटर प्रोग्रामहरू । त्यसको लागि आरोपीत उल्लङ्घन कर्ताको विरूद्ध कुनै सुचना बिना (inaudita altera parte) यस्तो कारवाही गराउन सक्ने अधिकार न्यायिक अधिकारीहरू माथि निहित रहेको हुन्छ। आरोपीत उल्लङ्घनकर्ताको घर जग्गाको तलाशी र सशंकीत दस्तावेजको बरामद, त्यस्ता सामान बनाउने यन्त्र र त्यस्ता कृयाकलापसंग सम्बन्धित दस्तावेजको बरामदी अंतकालीन उपाय मध्य सबै भन्दा साधारण उपाय रहेको छ ।

१०४. राष्ट्रिय कानूनमा फौजदारी कारवाहीको व्यबस्था धेरै मात्रामा प्रयोग हुन थालेको छ। खास गरेर स्वेच्छाचारी ढंगबाट व्यापारीक चिन्हको नक्कल र व्यापारीक तहमा हुने प्रतिलिपि अधिकारको चोरीको हकमा TRIPS सम्झौताले बाध्यात्मक रूपमा लागु गर्नु पर्ने व्यवस्था गरेको पाईन्छ। नक्कल तथा चोरीको मात्रा बढेको हुनाले यस्तो कार्य विरूद्ध कडा कदम चाल्नु पर्ने आवश्यकता रहेको छ । खासगरिकन ध्वनि अंकन, videograms/DVDs, कम्पुटर प्रोग्राम र कम्पुटर सम्बन्धी खेलहरूमा यसको आवश्यकता रहेको छ। फौज्दारी कारवाही स्वेच्छाचारी कार्यको विरूद्ध (केही देशहरूमा भने यदि अपराधिक कार्य भारी हेलचकाईबाट भएकोमा ) लागु हुन्छ । यस्ता किसीमको कारवाहीमा कैद, जरिवानाा वा दुवै हुन्छन मुलत: दण्ड सजाय साँकेतिक मात्र नभएर प्रर्याप्त हुनु पर्दछ। सजाय निरूत्साहित तुल्याउने किसिमको हुनु पर्छ र अपराधको गम्भीरता र सजायको आधारमा यसमा एकरूपता हुनु पर्दछ र पटके अपराधको हकमा यो अझै गम्भीर हुनु पर्दछ। यसको अलावा, अतिक्रमण गरिएको सामान जफत गर्नुको साथै त्यसलाई नष्ट गर्ने र त्यस्तो अपराध गर्दा प्रयोग भएका सामान औजारहरू पनि नष्ट गर्न गराउन आदेश पनि दिने सकिनेछ ।

१०५. भन्सार/सिमा उपायलाई प्रतिलिपि अधिकारका धनीहरूलाई कुनै सामाग्री प्रतिलिपि अधिकारको उल्लङ्घन गरी आएको शंका लागेमा त्यस्तो सामाग्रीको परिचालनमा रोक लगाउनको लागि भंसारका अधिकारी समक्ष निवेदन गर्न सक्नेछ। यो उपायले प्रतिलिपि अधिकारको धनीहरूलाई त्यस्तो सामाग्रीको निरीक्षण गर्न पर्याप्त समय प्रदान गर्दछ र त्यस्तो सामानहरू व्यापारिक बजारमा जाने जोखिमलाई रोक्न न्यायीक प्रक्रियालाई अधि बढाउन सहयोग गर्दछ । यस्तो गर्नको लागि, धनिले भंसार अधिकारीहरूलाई उल्लङ्घनको प्रयाप्त प्रमाण र सामाग्रीहरूको विस्तृत विवरण पेश गर्नु पर्ने हुन्छ र यदि त्यस्ता सामाग्री उल्लङ्घनयोग्य नरहेमा त्यस्ता आयातकर्ता वा सामाग्रको धनीलाई क्षतीपुर्ती दिनको लागि केही धरौटी पनि राख्नु पर्ने हुन्छ । केही देशहरूमा केही निश्चित अवस्थामा भन्सार अधिकृतलाई प्रतिलिपि अधिकारको धनीको निवेदन विना ९भह यााष्अष्य० पनि कारवाही गर्ने अधिकार प्रदान गरेको पाईन्छ ।

१०६. प्राविधिक संरक्षणको दुरूपयोग विरूद्धको उपचार व्यबस्थाले प्रतिलिपि अधिकार संरक्षित सामाग्रीको अनधिकृत तवरबाट डिक्रिप्ट हुने कार्यको प्रतिरोध गर्दछ । उदाहरणको लागि सुरक्षाको लागि ईन्क्रीप्ट गरेका र डिकोडर विना हेर्न

नमिल्ने टेलिभिजनको व्यापारीक कार्यक्रम  लिन सकिन्छ । प्रावधिक संरक्षणका अन्य उदाहरणहरूमा “प्रतिलीपी संरक्षण” वा “प्रतिलीपी अधिकारको व्यवस्थापन” प्रणालीहरू हुन । यो प्रणालीमा प्राविधिक उपायहरू हुन्छन जसले नक्कल गर्नमा पुर्ण रूपमा प्रतिवन्ध गर्दछ वा प्रतिलिपिको संख्यालाई सीमित गदर्छ वा प्रतिलीपीको गुण ज्यादै न्युन पारी त्यसलाई अनुपयोगी तुल्याउदछ । साथै, कानूनले सुचनाको व्यवस्थापनको अधिकारलाई पनि संरक्षीत गर्दछ ।  रचियता र अधिकारको धनी र त्यसको प्रयोगका शर्ताहरू बारे जानकारी यस्तो व्यबस्थाले गर्दछ । यस्ता उपाय र प्रणाली प्राविधिक रूपमा सजिलै सित तोडन, छल्न वा हेरफेर गर्न सकिन्छ । ईन्टरनेटमा प्रतिलीपी अधिकार संरक्षीत सामाग्रीको प्रचुर मात्रामा राख्न सकिन्छ र  डिजिटल प्रविधिको विकासको कारणले गर्दा प्रतिलिपि अधिकारको सुरक्षा पनि गम्भीर समस्याको रूपमा प्रस्तुत भएको पाईन्छ । ध्क्ष्त को धारा ११ र १२ र ध्एएत को धारा १८ र १९ मा पनि गरिएको जस्तै धेरै जसो देशहरूले आफ्नो राष्ट्रिय कानूनमा अधिकार दुरूपयोग विरूद्ध  व्यवस्था गरेको पाइन्छ ।

१०७. तलका अनुच्छेदले वर्तमान अवस्थामा लागु भएको कार्यान्वयन प्रणालीको बारेमा सारांशमा जानकारी प्रदान गर्दछ  । तथापी यी बाहेक कार्यान्वयनलाई असर गर्ने अरू थप विषयहरू पनि छन् तर यसमा हाल कुनै अन्तराष्ट्रयसहमती कायम हुनसकेका छैन ।

१०८. ईन्टरनेट सेवा प्रदायकको दायित्व एउटा चासाको विषय रहेको छ । सेवा प्रयोग गर्ने व्यक्तिले प्रतिलिपि अधिकारको उल्लंघन गरेको अवश्थामा ईन्टरनेट सेवा प्रदायकलाई कहिले र कुन अवस्थामा उत्तरदायी बनाउने  हो भन्ने अहिले एउटा प्रश्न खडा भएकोछ । यस सम्बन्धमा केही राष्ट्रिय कानूनहरू गरेका प्रावधानहरू पनि विद्यमानछन : उत्तम उपायहरू मध्ये युरोपियन युनियनको विद्युतिय व्यापारको निर्देशिका (२००३/३१/भ्क्ष्) र संयुक्त राज्य अमेरिकाको डिजिटल ‘सहस्रशताब्दी प्रतिलीपी अधिकार ऐनको धारा ५१२’ रहेको छ । तिनीहरू कुनै दृष्टिकोणबाट फरक रहे पनि ईन्टरनेट सेवा प्रदायक कुनै निस्चित अवस्थामा दायित्वबाट उन्मुक्ती पाउदैनन् भन्ने कुरामा सहमत रहेको पाईन्छ । युरोपियन युनियनको निर्देशिका बमोजिम ती अवस्थाहरू “mere conduit”, “अबअजष्लन” वा “जयकतष्लन” हुन । तथापी धेरै राष्ट्रिय कानूनहरूमा नपाईएको एउटा तत्व हो “लयतष्अभ बलम तबपभ मयधल” यसको मतलव हो यदि ईन्टरनेट सेवा प्रदायकलाई निजको संजालमा कुनै उल्लंघनको जानकारी प्रदान गराईएको छ भने त्यस्तो ईन्टरनेट सेवा प्रदायकले उन्मुक्ति पाउनको लागि त्यस्तो कार्यलाई तुरन्तै हटाउन वा त्यस्ता सामाग्री वा सुचनाको पहुँचलाई निष्क्रय तुल्याउनु पर्दछ ।

१०९. अर्को विषय वस्तु सम्बद्ध कानूनसंग सम्वन्धित रहेको छ र भूउपग्रहवाट प्रसारण र ईन्टरनेटवाट संप्रेषणको आगमनले यो ज्यादैनै महत्वपुर्ण भएको छ । यस सम्बन्धमा बर्नमहासन्धिको धारा ५ (२) मा "स्वर्णीम नियम" को व्यवस्था गरेको पाईन्छ जुन यस प्रकार छः

"यो अधिकारको उपयोग र प्रयोग गर्न कुनै औपचारिकता पुरा गरीरहन पर्ने छैन, यस्तो उपयोग र प्रयोगको लागि रचना गरिएको देशमा संरक्षण छ छैन भन्ने कुरावाट पनि स्वतन्त्र हुनेछ। यो महासन्धिमा भएको व्यवस्थाको अलावा, रचयितालाई आफ्नो अधिकारको संरक्षण गर्न त्यस्तो संरक्षणको दायरा र उपचारको माध्यम जुन देशमा संरक्षणको माग गरिएको छ त्यस देशको कानूनद्वारा नियमित हुनेछ ।

११०. यो व्यवस्था आफैमा यथेष्ट रूपमा स्पष्ट भएता पनि जव अन्तराष्ट्रिय प्रसारणको मामला विषयमा कनै निर्क्यौल गर्नु पर्ने हुन्छ तव कुन कानून लागु गरी समस्याको समाधान गर्ने भन्ने समस्या खडा हुन्छ । जुन देशमा प्रशारण प्रयोग भएको हो स्वभाविक रूपपमा "संरक्षणको दावी" पनि त्याहा नै गर्न सक्ने प्रष्ट रूपमा निर्धारण हुनु पर्दछ । माथि उल्लेख गरिएको मुद्दामा प्रसारण गरिएको सामाग्री धेरै देशहरू (ईन्टरनेटको हकमा प्राय संसारका सबै देशहरू) ले प्राप्त गर्न सक्नेछन र यस सम्बन्धमा कुन कानून लागु हुने भन्ने कुरा निश्चित गरिनु महत्वपूर्ण कुरा हो । उदाहरणको लागि त्यस्तो सामाग्री प्रसारण गर्ने देशमा अनिवार्य अनुमतिको प्रावधान होला तर प्रशारण प्राप्त देशमा त्यस्तो प्रावधान नरहेको भए कुन कानून लागू हुने । यसमा स्वाभवत दुइ संभावना हुन सक्छ । एउटा हो जुन देशबाट प्रसारण भएको हो सोही देशको कानून लागु गर्ने र अर्को जुन देशमा त्यस्तो संरक्षीत सामाग्री प्राप्त भई उपभोग गरिएको छ सोही देशको कानून लागु हुने । दुबै समाधानमा फाइदा र बेफाइदा छन तर हालसम्म कुनै अन्तराष्ट्रिय सहमती बन्न भने सकेको छैन । उदाहरणको लागि युरोपियन युनियनमा भूउपग्रहको माध्यमबाट प्रसारण गर्दा जुन देशबाट कार्यक्रमको संकेत भूउपग्रहमा पठाईएका छ सिद्धान्तत सोही देशको कानून लागु गरिन्छ ।

## २. सम्वन्धित अधिकारहरूबारे आधारभुत अभिप्राय

१११. सम्बन्धित अधिकारहरूलाई कहिले काही "छिमेकी अधिकारहरू (neighboring rights)" भन्ने गरिन्छ । यो अधिकार कुनै न कुनै तरिकाले प्रतिलिपि अधिकारसंग सम्बन्धित रहको छ। सम्बन्धित अधिकारहरूको प्रमुख वर्ग निम्न अनुसार छनः प्रस्तोत्ता कलाकार, ध्वनी अंकन उत्पादकहरू र प्रसारण संस्थाहरू । सम्वन्धित अधिकारले त्यस्ता व्यक्ति वा संस्थाको हितको रक्षा गर्दछ जसले रचनात्मक कार्यहरू सार्वजनिक रूपमा उपलव्ध गराउन योगदान पुऱ्याउदछन् वा त्यस्ता उत्पादन (जुन सबै देशको प्रतिलिपि अधिकार प्रणाली अर्न्तगत "कार्य" को योग्यता भित्र नपरे पनि त्यसले कुनै सृजना, कल्पना वा प्राविधिक वा अर्थिक शीप अभिव्यक्त गर्दछ र त्यसलाई एउटा

स्वतन्त्र बौद्धिक सम्पत्ति अधिकारको मान्यता प्राप्त गर्न सक्दछ) । यस्ता कृयाकलाप र त्यसको संरक्षण रचयिताको कार्यको संरक्षण सम्बन्धित भएको हुनाले कानूनको यो शाखालाई “सम्बन्धित अधिकार” भनिन्छ र यो प्रतिलिपि अधिकारसंग संबन्धित रहेको छ ।

११२. प्रस्तोता कलाकार भित्र अभिनेताहरू, गायकहरू, वाद्यवादकहरू, नृत्यकारहरू र यस्ता अन्य व्यक्ति जसले अभिनय, गाउने, प्रस्तुती गर्ने, मंचन गर्ने, अनुवाद वा साहित्यिक वा कलात्मक कार्यको प्रस्तुती वा पारम्पारिक संस्कृतिको अभिव्यक्ति /लोककथाको प्रस्तुती गर्न सक्ने व्यक्तिहरू पर्दछन। यस्ता प्रस्तोता कलाकारलाई संरक्षण प्रदान गर्नुको तात्पर्य के रहेको छ भने निजहरूको सिर्जनात्मक संलग्नताले सांगीतिक कार्य, नाटक र नृत्य सम्वन्धि कार्य र चलचित्रलाई जिवन्तता प्रदान गर्दछ र आफ्नो व्यक्तिगत योगदानको पनि कानूनी संरक्षण हुनु पर्दछ भन्ने उनिहरूको चाहना पुरा गरिदिनु पर्दछ । प्राविधिक विकास, संरक्षणको अर्को कारक तत्व रहेको छ । प्राविधिक विकासले कहिलेकाही यस्ता कलाकार र कार्यमा प्रतिकुल असर पुरयाउदछ । उदाहरणको लागि नाचघर, डिस्को आदिमा संगितको प्रत्यक्ष प्रस्तुती गर्ने कामलाई रेर्कड गर्ने प्रविधिले विस्थापित गरिदिएको छ । यस्ता “प्राविधिक बेरोजगारी” को जोखिमबाट संरक्षण प्रदान गर्नुपर्ने कारणले यस्ता किसिमका अधिकार व्यबस्था गर्नु परेको हो।

११३. ध्वनि अंकन उत्पादकहरूले आफ्नो रचनात्मक, आर्थिक र संस्थागत स्रोतको माध्यमबाटसंगीतको ध्वनिअंकन (रेर्कड) गरी जनमानस समक्ष उपलब्ध गराउने हुनाले पनि यस्ता उत्पादकहरूको अधिकारलाई मान्यता दिएको पाईन्छ । यदि तिनीहरूले उत्पादन गरेको ध्वनि अंकन अनधिकृत रूपबाट कसैले प्रयोगमा लिएमा जस्तै कि गैर कानूनी रूपबाट प्रतिलिपि वा अनधिकृत रूपमा सर्वसाधारणलाई प्रसारण वा संचार गरेमा त्यस्ता व्यक्ति विरूद्ध कानूनी कार्यवाही गर्न सक्ने अधिकार उनिहरूमा निहित रहेको हुन्छ ।

११४. प्रसारण संस्थाहरूले संरक्षित रचनाहरू रेडियो वा टेलिभिजनद्वारा सर्वसाधारणलाई उपलब्ध गराउने भएको हुनाले र उनीहरूलाई यदि कसैले अनधिकृत रूपबाट प्रसारण गरेमा वा त्यस्को पुनः प्रसारण गरेमा त्यस्ता व्यक्ति विरूद्ध कार्यवाही गर्न सक्ने कानूनी हैसियत आवश्यक भएकोले यस्ता प्रसारण संस्थाहरूको अधिकारलाई मान्यता प्रदान गरिएको छ ।। उदाहरणको लागि, भूउपग्रह प्रशारणको संकेतहरूको अनधिकृत प्रयोगद्वारा सिर्जना भएका समस्याहरूलाई लिन सकिन्छ ।

११५. केही देशहरूको राष्ट्रिय कानूनमा र क्षेत्रिय तहमा, उदाहरणको लागि युरोपियन युनियन राष्ट्रमा अन्य वर्गको अधिकारहरूलाई पनि यस्तै किसिमको मिल्दो जुल्दो संरक्षण प्रदान गर्ने गरिन्छ । उदाहरणको लागि कुनै पनि छायाचित्रहरू जुन रचनाको योग्यता भित्र पर्दैन वा कुनै गतिशील प्रतिमा वा तथ्यांक जुन रचनाको योग्यता भित्र पर्दन त्यस्ता रचनालाई पनि संरक्षण प्रदान गर्ने गरिन्छ ।

११६. प्रस्तोता कलाकार, ध्वनि अकंन उत्पादक र प्रसारकहरूको कानुनि संरक्षणको खाँचोलाई सन १९६१ म सम्पनन प्रस्तोता, ध्वनि अकंन उत्पादक र प्रसारण संस्थाको संरक्षण सम्बन्धी अन्तराष्ट्रिय महासन्धि (रोम महासन्धि) ले पुरा गरेको थियो । प्रायः जसो अन्य अन्तराष्ट्रिय महासन्धिहरू राष्ट्रिय कानूनको उत्पत्ति पछि त्यस्ता कानूनहरूलाई समेटेर बन्दछन तर रोम महासन्धिले त्यस समयमा केही मुलुकहरूमा मात्र राष्ट्रिय कानूनमा रहेको विषयमा अन्तराष्ट्रिय संरक्षण प्रदान गर्ने जमर्को गरेको पाइन्छ । यस अर्थमा त्यो महासन्धिको सम्मिलन गर्नु पुर्व त्यस्ता देशहरूले नया कानूनको तर्जुमा गरी लागु गर्नु पर्ने भयो । रोम महासन्धि ग्रहण गरी सके पश्चात धेरै देशहरूले तीन वर्गको सेवाग्राहीहरूको संरक्षणको लागि रीष्ट्रिय कानूनको निर्माण थालनी गरेको पाईन्छ र कतिपय अवस्थामा यस्ता राष्ट्रिय कानूनले प्रदान गरेको संरक्षण रोम महासन्धिले प्रदान गरेको संरक्षण भन्दा पनि अधिक रहेको छ साथै बहुसंख्यक देशहरूले यो महासन्धिलाई ग्रहण गरेको पाईन्छ । प्राविधिक विकास र विश्वमा भएको अन्य विकासले गर्दा महासन्धि अर्न्तगत रहेका केही संरक्षणका पक्षहरू पुरानो भई सकेको छ । तथापी यो संरक्षणको क्षेत्रमा कोसे ढुङ्गा सावित भएको छ । रोम महासन्धि सम्पन्न भए पछि, सम्बन्धित अधिकारको क्षेत्रमा अन्य केही अन्तराष्ट्रिय महासन्धिहरू पनि स्थापना भएको पाईन्छ । सन १९९६मा आएको ध्एएत एउटा महत्वपुर्ण प्रगती हो । त्क्ष्एक सम्झौताले पनि प्रस्तोता कलाकार, ध्वनि अंकन उत्पादक र प्रसारण संस्थाको अधिकारको संरक्षणको व्यवस्था गरेको पाईन्छ । यो व्यवस्था रोम महासन्धि अनुरूप तर्जुमा गरिएको पाईन्छ । तथापी यसले प्रदान गरेको अधिकार केही मात्र फरक हुन सक्छ ।

११७. साधारणत्या, प्रस्तुतकर्तालाई राष्ट्रिय कानून र अन्तराष्ट्रिय महसन्धिले केही अधिकारहरू प्रदान गरेको हुन्छ । केही कानूनहरूमा र रोम महासन्धिमा यस्ता अधिकारहरू 'रोक्ने अधिकारको' (Right to prevent) रूपमा ग्रहण गरिएको पाईन्छ तर ध्एएत मा यस्ता अधिकारहरूलाई अनुमती प्रदान गर्न सक्ने सर्वाअधिकारको रूपमा लिएको पाईन्छ । साधारणतया, यस्ता अधिकार अर्न्तगतका कार्यहरू निम्न पर्दछनः (१) प्रत्यक्ष प्रस्तुतिको सर्वसाधारणलाई प्रसारण र संचार गर्ने (२) ध्वनीअंकन (रेकर्ड) नभएका प्रस्तुतीलाई ध्वनीअंकन गर्ने (३) ध्वनीअंकनमा तयार गरेको प्रस्तुती (प्रत्यक्ष वा अप्रत्यक्षरूपमा) पुनः उत्पादन गर्ने (प्राय जसो यो अधिकार श्रव्य दृश्यमा भने लागु हुदैन ) र (४) ध्वनि अंकनमा जडित कुनै प्रस्तुती सर्व साधारणलाई उपलब्ध गराउने । ( ध्वनी अंकनको प्रशारण वा संचार गर्ने अधिकारलाई प्रायजसो पारितोषिक पाउने अधिकार मार्फत प्रतिस्थापन गरेको पनि पाईन्छ तर यसलाई सवै अन्तराष्ट्रिय सन्धिहरूले अवलम्वन भने गरेको पाईदैन ) यसको अलावा, केही राष्ट्रिय कानून र ध्एएत ले ध्वनि अंकनमा जडित प्रस्तुतिको वितरणको अधिकारलाई पनि मान्यता प्रदान गरेको पाईन्छ (प्रथम विक्री पश्चात अधिकार समाप्त हुने संम्भावित व्यबस्था गर्न पनि सकिने ) र यस्तो ध्वनि अंकनमा

जडित प्रस्तुतिको बहालमा दिई व्यापारिक प्रयोजनको अधिकारलाई समेत मान्यता प्रदान गरेको छ। ध्एएत ले एउटा महत्वपुर्ण अधिकारलाई मान्यता प्रदान गरेको छ जस अर्न्तगत कुनै पनि व्यक्तिलाई ध्वनि अंकन उत्पादन गरी तार वा तार रहित माध्यमबाट सर्वसाधारणलाई उपलब्ध गराउन सक्नेछ जसबाट त्यस्ता सर्वसाधारणले कुनै पनि स्थान र आफ्नो अनुकुल समयमा निजहरूको पहुच हुन सक्छ। कतिपय राष्ट्रिय कानून र ध्एएत ले प्रस्तुतकर्ताको लागि केही नैतिक अधिकार प्रदान गरेको पाइन्छ। यस्तो नैतिक अधिकार अर्न्तगत त्यस्ता प्रस्तुतकर्ताले कुनै प्रस्तुतिको आफु प्रस्तुतकर्ता रहेको भनी चिनाउने सक्ने अधिकार निहित रहेको हुन्छ र यदि कसैले प्रस्तुतिमा विकृती ल्याएमा वा क्षती पुऱ्याएमा वा हेरफेर गरेमा जसको कारणले प्रस्तुतकर्ताको नैतिक अधिकारमा प्रतिकुल असर पर्छ भने निजले त्यसको विरूद्ध कार्यवाही गर्ने सक्ने अधिकार पनि निजमा निहित रहेको हुन्छ।

११८. ध्वनि अंकन उत्पादकहरूलाई आफ्नो ध्वनि अंकनको पुनः उत्पादन वा आयात वा वितरण गर्ने गराउने वा त्यस्तो कार्य गर्न रोक्ने अधिकार निहित रहेको हुन्छ। प्रस्तोता कलाकारसंगै उनिहरूलाई पनि आफ्नो ध्वनि अंकन सर्वसाधारणलाई प्रसारण गरे वापत उचित पारितोषिक प्राप्त गर्ने अधिकार निहित रहेको हुन्छ। तथापी अन्तराष्ट्रिय सन्धिले यो अधिकार लागु गर्नमा केही आरक्षण राख्न सक्ने प्रावधान पनि राखेको पाईन्छ। ध्एएत अर्न्तगत ध्वनी अंकन उत्पादकहरूले वितरणको अधिकारको उपभोग गर्न पाउँछन तर राष्ट्रिय कानूनमा यस्तो व्यबस्था समाप्ति पश्चात त्यस्तो अधिकार रहदैन र प्रस्तोत सरह यिनीहरूले यल ( मझबलम अधिकारको पनि उपभोग गर्न सक्छन।

११९. प्रसारण संस्थाहरूको अधिकार प्राय निम्न प्रकारका हुन्छनः रेडियो वा टेलिविजन मार्फत पुनः प्रसारण (उदाहरणको लागि केबल द्वारा प्रसारण) गराउने वा निशेध गर्ने, यस्ता प्रसारणको रेकर्ड वा त्यसको पुर्नउत्पादन गर्ने।

१२०. माथि उल्लेख गरे जस्तै त्वक्षएक सम्झौताले पनि यी तीन वर्गका सेवाग्राहीहरूको संरक्षणको व्यवस्था गरेको पाईन्छ। राष्ट्रिय कानूनले त्वक्षएक सम्झौताले प्रदान गरेको भन्दा बढि अधिकार पनि दिन सक्छ। उदाहरणको लागि,युरोपियन युनियनमा प्रस्तुतकर्ताको बाहाल अधिकार (RENTAL RIGHTS) ध्वनिअंकनमा मात्र सीमित नभई श्रव्य दृष्यको उत्पादनमा पनि लागु हुन्छ।

१२१. प्रतिलिपि अधिकारमा झै, रोम महासन्धि, ध्एएत र राष्ट्रिय कानूनहरूलेयी अधिकारहरूमा पनि केही अपवाद र सीमाको व्यवस्था गरेको पाईन्छ। उदाहरणको लागि निजी प्रयोगका लागि एक प्रती प्रतिलिपि निकाल्न, ताजा घटनाको रिर्पोटिङ्गको सर्न्दभमा त्यस्तो घटनाको सारांश प्रयोग गर्न र पढाउने वा वैज्ञानिक अनुसन्धानमा संरक्षित प्रस्तुती, ध्वनि अंकन र प्रसारणको प्रयोग गर्न। संरक्षित साहित्य वा कलात्मक रचनाको सर्न्दभमा जस्तै सदस्य मुलुकहरूले त्यस्तै प्रकारको सिमा वा अपवादहरू तोक्न सक्नेछन भनी ध्एएत को धारा १६ ले व्यवस्था गरेको पाईन्छ। यो

धाराले केही विशिष्ट मुद्दाहरूमा सिमा वा अपवादको व्यबस्था गरेको पाईन्छ जस अर्न्तगत यदि कुनै विशेष मुद्दा कुनै प्रस्तुती वा ध्वनि अंकनको सामान्य प्रयोगको प्रतिकुल हुँदैन र अधिकारको धनीको वैधानिक हितको प्रतिकुल हँदैन (तीन कदम परीक्षा) भने त्यस अवस्थामा त्यसको प्रयोग गर्न सकिन्छ ।

१२२. संरक्षणको अवधिको हकमा, रोम महासन्धिले त्यस्तो संरक्षण कम्तिमा २० वर्षको लागि हुनुपर्दछ भनी व्यवस्था पाईन्छ । तर (१) ध्वनिअंकन रेकर्ड भएको र प्रस्तुती रेर्कड गरिएको (२) अन्य प्रस्तुतिको सर्न्दभमा प्रस्तुती सार्वजनिक भएको हुनु पर्ने र (३) प्रसारण भएको हुनु पर्दछ । त्क्षएएक सम्झौताले प्रस्तुतकर्ता र ध्वनि अंकन उत्पादकको अधिकारको हकमा प्रस्तुती स्थिरिकरण भएको मितिबाट ५० वर्षसम्मको लागि संरक्षणको अवधि निर्धारण गरेको पाईन्छ र प्रसारण गर्ने संस्थाको हकमा प्रसारण गरेको मिती बाट २० वर्षको लागि संरक्षणको अवधि प्रदान गरेको पाईन्छ । ध्एएत ले ध्वनि अंकनमा प्रस्तुतिको स्थिरिकरण भएको अन्तिम वर्षको अन्तबाट ५० वर्षको अवधि प्रदान गरेको पाईन्छ र त्यसै गरी ध्वनिअंकन उत्पादकहरूलाई प्रकाशन वा ध्वनि अंकनमा स्थिरिकरण भएको वर्षबाट ५० वर्षको संरक्षणको अवधि पाईन्छ ।

१२३. अधिकारको कार्यान्वयनको सन्दर्भमा प्राविधिक सुरक्षा उपाय र अधिकार व्यवस्थापन सम्बन्धी सुचनाको दुरूपयोग विरूद्धको उपचारको हकमा प्रतिलिपि अधिकारका नियमहरू जस्तै सम्वन्धित अधिकारको हकमा लागु हुनेछन ।

१२४. विकासउन्मुख देशहरूको लागि प्रस्तोता कलाकारको सम्बन्धित अधिकारको संरक्षण निकै महत्वपुर्ण रहेको छ । त्यस्ता देशहरूमा अलिखित र अभिलेख नगरिएको सांस्कृतिक अभिव्यक्ति प्रसस्त रूपमा पाईन्छ जस्लाई “प्ररम्परागत सांस्कृतिक अभिव्यक्ति ” वा “लोक कथा” भनी सम्बोधन गरिन्छ । यस्तौ विषय वस्तुको अन्तराष्ट्रिय संरक्षण स्थापना गर्नको लागि WIPO मा वार्ता प्रारम्भ भएकोछ । केही हदसम्ममा लोक कथा प्रस्तुती गर्ने कलाकारको अधिकार संरक्षित हुनु पर्दछ किनकी यस्ता कलाकारको माध्यबाट नै त्यस्ता लोककथा सर्वसाधारण समक्ष प्रेसित हुने गर्छ । त्यसै गरि, ध्वनि अंकन उत्पादक र प्रकाशकहरूलाई संरक्षण प्रदान गरेमा यस्ले राष्ट्रिय उद्योग स्थापना गर्नमा मद्दत पुऱ्याउदछ जसबाट परम्परागत सांस्कृतिक अभिव्यक्त राष्ट्र भर र अन्य देशको बजारमा समेत प्रसार हुन्छ । फलस्वरूप सम्बन्धित अधिकारको संरक्षणले राष्ट्रिय संस्कृतिको जर्गेना गर्न मद्दत गर्दछ जसबाट अन्तराष्ट्रिय बजारमा यसको सार्थक प्रयोग हुन सक्छ ।

## परिच्छेद २

## प्रतिलिपि अधिकार र तत्सम्बन्धि अधिकारहरूको संरक्षण सम्बन्धि अन्तराष्ट्रिय प्रणालीको परिचय

विषय सुची

परिचय

I अन्तराष्ट्रिय प्रतिलिपि अधिकार संरक्षण

(क) बर्न महासन्धि

१. प्रथम राष्ट्रिय कानून देखि बर्न महासन्धिसम्ममा प्रतिलिपि अधिकारको विकास

२. बर्न महासन्धिको सन् १९७१ को पेरिस ऐन

(क) महासन्धि अर्न्तगत प्रदान गरेको संरक्षणका आधारभुत तत्वहरु

(ख) औपचारिक - स्वतन्त्र संरक्षण

(ग) संरक्षित कार्यहरु

(घ) अधिकारका धनीहरु

(ङ) संरक्षणका लागि योग्यता

(च) संरक्षीत अधिकारहरु

(छ) सीमा

(ज) संरक्षणको अवधि

(झ) विकासउन्मुख देशहरुको सम्बन्धमा अग्राधिकार व्यवस्थाहरु

३. Berne महासन्धि ग्रहणगर्दा उपलब्धहुने प्रमुख उपलब्धिहरु

(ख) TRIPS सम्झौता

II. तत्सम्बन्धि अधिकारको क्षेत्रहरुमा अन्तराष्ट्रिय महासन्धिहरु

(क) रोम महासन्धि

१. रोम महासन्धिको उत्पत्ति

२. तत्सम्बन्धि अधिकार र प्रतिलिपि अधिकारको संरक्षण बिच सम्बन्ध

३. रोम महासन्धि अर्न्तगत राष्ट्रिय उपचारको सिद्धान्त

४. संरक्षणको योग्यता

५. महासन्धिद्वारा अपेक्षित गरिएको न्युनतम संरक्षण

६. अधिकारको उपभोगमा तजविजी नियमको व्यवस्था

७. सिमा

८. संरक्षणको अवधि

९. औपचारिक्ताको बंदेज

१०. रोम महासन्धिको कार्यन्वयन

(ख) तत्सम्बन्धि अधिकारको क्षेत्रमा अन्य अन्तरीाष्ट्रय महासन्धिहरु

(१) ध्वनि अंकन महासन्धि

(२) भूउपग्रह महासन्धि

(३) TRIPS सम्झौता

(ग) तत्सम्बन्धि अधिकार महासन्धि र विकास उन्मुख राष्ट्रहरु

III WIPO का दुई ईन्टरनेट सन्धिहरु

(१) परिचय

(२) समानान्तर व्यबथाहरु

(क) पुनउत्पादन गर्ने अधिकार

(ख) अन्तरक्रियात्मक र मागेको बखत (on-demand) संजालको प्रसारणमा प्रयुक्त हुने अधिकारहरु

(ग) अधिकारहरुको वितरण

(घ) बहाल अधिकार

(ङ) सिमा र अपवादहरु

(च) प्राविधिक संरक्षण उपायहरु र सुचना व्यवस्थापन अधिकारहरु

(छ) कार्यान्वयन

(ज) प्रशासनिक र अन्तिम दफाहरु

(३) WCT सित सम्वन्धित विषेश व्यबस्थाहरु

(४) WPPT सित सम्वन्धित विषेश व्यबस्थाहरु

IV. प्रतिलिपि अधिकार र तत्सम्बन्धि अधिकारहरुलाई निर्देशित गर्ने अन्य अन्तराष्ट्रिय न्यायीक दस्तावेजहरु

V. प्रतिलिपि अधिकार र तत्सम्बन्धि अधिकारहरुको क्षेत्रमा भएको नवीनतम विकासहरु

VI. केही समापन टिप्पणीहरु

## परिचय

१. प्रतिलिपि अधिकार र तत्सम्बन्धि अधिकारको क्षेत्रमा केही अन्तराष्ट्रिय तत्वहरुले महत्वपुर्ण स्थान ओगटेको पाईन्छ। ती पक्षहरुलाई केही महासन्धि वा सन्धिहरुले नियमित गरेको हुन्छ जसले यो कानूनको शाखाको विभिन्न तत्वहरुलाई सम्बोधन गरेको हुन्छ । यी दस्तावेजहरु फरक फरक समयमा विकास भएको पाईन्छ र यीनीहरु केही हदसम्म एकआपसमा जोडिएको र कहिले काही अती व्याप्त भएको पाईन्छ । सन्धिहरुलाई वभिन्न अन्तराष्ट्रियसंगठन जस्तै विश्व बौद्धिक सम्पत्ति (WPO) र विश्व व्यापारसंगठन (WTO) ले नियमित गर्ने हुँदा यस्ले प्रणालीमा जटिलता ल्याउदछ।

२. यो लेखले प्रतिलिपि अधिकार र अन्तराष्ट्रिय संरक्षण र त्यसलाई नियमित गर्ने सम्झौताहरुलाई सम्बोधन गरेकोछ। यो लेखको पहिलो भागमा बर्न महासन्धिको साहित्यिक र कलात्मक कार्यको संरक्षणको व्यवस्थाहरु र TRIPS सम्झौतामा उल्लेख भएको प्रतिलिपि अधिकारको वारेमा सारांशमा उल्लेख गरिएकोछ। दोस्रो भागमा तत्सम्बन्धि अधिकारहरुको सर्न्दभमा अन्तराष्ट्रिय संरक्षण र त्यस्ता क्षेत्रमा सम्पन्न भएका सम्झौताहरु जस्तै रोम महासन्धि, TRIPS सम्झौतामा तत्सम्बन्धि अधिकार सम्बन्धि व्यवस्था र तत्सम्बन्धि अधिकारलाई नियमित गर्ने विशेष महासन्धिहरुको उल्लेख भएकोछ। त्यसै गरी तेस्रो भागमा ईन्टरनेट सन्धि WIPO प्रतिलिपि अधिकार सन्धि (WCT) र WIPO प्रस्तुती र ध्वनी अंकन सन्धि (WPPT) को उल्लेख गर्नुको साथै त्यस्को विवेचना पनि गरीएकोछ । यी दुई सन्धिहरुमा उस्तै वा मिल्दो जुल्दो व्यवस्थाहरु भएकोको सगै विवेचना गरिएकोछ। अन्तिम परिच्छेदले प्रतिलिपि अधिकार र तत्सम्बन्धि अधिकारको क्षेत्रमा भएको अन्तराष्ट्रिय विकासहरुलाई सारांशमा उदृत गरिएकोछ।

(३) अहिलेको विश्वमा प्रतिलिपि अधिकार तत्सम्बन्धि अधिकारहरुको अन्तराष्ट्रिय पक्षहरुको महत्व बढदै आएको पाईन्छ । यसो हुनुको पछाडी प्राविधिक, आर्थिक, सास्कृतिक, र सामाजिक विकासको साथै "प्रतिलिपि अधिकार उद्योग" (त्यस्ता उद्योग जस्को कार्य प्रतिलिपि अधिकार संरक्षीत सामाग्री सित तत्सम्बन्धि रहेकोछ) को आर्थिक महत्व र ईन्टरनेटको आगमन जस्बाट सामाग्री प्रसारण गर्ने अत्याधिक अवस्थाहरु प्राप्त भएकोछ यीनै कारणहरुले गर्दा यसको महत्व बढेको हो। TRIPS सम्झौता अर्न्तगतको बौद्धिक सम्पतिको विश्व व्यापारमा प्रवेश हुनु र यो WTO को नियमहरुबाट नियमित भएको कारणले बौद्धिक सम्पति व्यापार नीतिको अङ्ग हुन पुगेकोछ। यो अन्य क्षेत्रको व्यापार नीतिसंग पनि जोडिएकोछ । न्यायीक तथा राजनीतिक दृष्टिकोणबाट पनि अन्तराष्ट्रिय बौद्धिक सम्पति प्रणाली र प्रतिलिपि अधिकार र तत्सम्बन्धि अधिकारहरु जटिल हुदै गएको पाईन्छ।

(४) केही बर्ष अघि अन्तराष्ट्रिय प्रतिलीपी अधिकार र तत्सम्बन्धि अधिकारहरु कानूनी संरक्षणको रुपमा चित्रण भएको पाइन्थ्यो । तथापी, नया विषयवस्तु जस्तै कम्पुटर प्रोग्राम र तथ्याङ्क पनि ङ्सरंक्षणको छाता मुनी प्रवेश भएको पाईन्छ। नया अधिकारहरु जस्तै कि "मागेको बखत अधिकार" (on demand right) (कुनै कृती वा योगदानलाई तार वा तार रहित माध्यमद्वारा सर्वसाधारणलाई कुनै अमुक स्थान र आफनो समय अनुकुल त्यस्ता कार्य र योगदानमा पहुच पाउन सक्ने गरि उपलब्ध गराउने वा त्यस्लाई निषेध गराउने) । प्राविधिक संरक्षणको उपायहरुको संरक्षण जस्तै encryption र सुचना व्यवस्थापन अधिकार दुई महत्वपुर्ण तत्वहरु हुन । परम्परागत सांस्कृतिक अभिव्यक्ति (TCEs) को अन्तराष्ट्रिय संरक्षण प्रणलीको स्थापनाको लागि वार्ता प्रारम्भ भएकोछ। पहिलोको भन्दा हाल आएर कार्यान्वनको विषय वस्तुमा पनि ध्यान केन्द्रित हुन थालेकोछ।

(५) केही दशक यता, बौद्धिक सम्पत्ति जस अर्न्तगत प्रतिलिपि अधिकार तत्सम्बन्धि अधिकारहरु पनि समावेश भएकाछन तिनीहरु पारम्परिक गैर सरकारी संस्था (जस्तै कि WIPO र WTO ) को दायरा भन्दा बाहिर रहेर बहुसंख्यक, क्षेत्रयवा द्विपक्षयसम्झौताको माध्यमद्वारा वार्ता प्रारम्भ हुनथालेकोछ ।

(६) यो लेखले प्रतिलिपि अधिकार र तत्सम्बन्धि अधिकारको संरक्षणको विषयमा अन्तराष्ट्रिय पक्षको आधारभुत तथ्यहरु प्रकाश पार्ने जमर्को गरेकोछ। यसको साथै भविष्यमा हुन सक्ने सम्भाव्य विकासको बारेमा केही सुचना प्रदान गर्ने पनि जर्मको गरेकोछ ।

## (१) अन्तराष्ट्रिय प्रतिलिपि अधिकार संरक्षण

### (क) बर्न महासन्धि

१. <u>प्रथम राष्ट्रिय कानून देखि बर्न महासन्धिसम्ममा प्रतिलिपि अधिकारको विकास</u>

(७) प्रतिलिपि अधिकारको उत्पत्ति छापाखानाको विकाससित सम्बन्धित रहेको छ। मुद्रण प्रविधिले गर्दा कम लागतमा र तिव्र गतिमा किताबहरुको प्रतिलिपिको उत्पादन गर्नमा सहयोग पुऱ्यायो । साक्षरताको वृद्धिले मुद्रण गरिएको किताबको माग पनि बढी हुन थाल्यो र रचियता र प्रकाशकहरुले नक्कल हुनबाट संरक्षणको माग गर्न थाले । फलस्वरुप प्रथम प्रतिलीपी अधिकार कानूनको तर्जुमा भई लागु भयो ।

(८) बेलायती संसदबाट सन् १७१० मा लागु भएको Anne को विधान (Qmatue of Anne) विश्वको नै पहिलो प्रतिलिपि अधिकार कानून थियो । यो विधानले निम्न व्यवस्था गरेको पाईन्छ : निश्चित अवधिको समाप्ति पछि Qmationer's कम्पनिको निजले पाएको रचनाको प्रतिलिपि उदपादन र वितरण गर्ने अधिकार समाप्त भई त्यस्तो अधिकार कार्यको रचयितामा फर्कन्छि । त्यस्ता रचयिताले कुनै अन्य

प्रकाशकलाई त्यस्तो अधिकार प्रत्यायोजन गर्न पाउने थियो । कुनै किताब दर्ता गर्न असफल भएमा उल्लङ्घनकर्ताको विरुद्ध कुनै हर्जानाको दाबी गर्न सकिने थिएन तथापी प्रतिलीपी अधिकार अमान्य भने हुने थिएन । एकाधिकारलाई सीमित गर्दै प्रकाशक व्यवसायीमा प्रतिष्पर्धाको प्रबर्द्धन गर्नमा Anne को विधानले सहयोग गरेको पाईन्छ र यो विधानले रचयितालाई अधिकारको धनीको मान्यता सहित प्रतिलिपि बनाउने र अरुवाट गराउने अधिकार प्रदान गरेको थियो ।

९. Anne को विधानको प्रारम्भ पछि प्रतिलीपी अधिकार अरु देशहरुमा पनि फैलिन थाल्यो । डेनमार्कले पनि सन् १७४१ को अध्यादेशद्वारा रचयिताको अधिकारहरुलाई मान्यता प्रदान गर्न शुरु गऱ्यो । सन् १९७० मा अमेरिकाले प्रथम संघयप्रतिलीपी अधिकार ऐन जारी गरेको पाइन्छ । फ्रान्सको क्रान्ति अघि प्रकाशकहरुमा प्रतिलीपी अधिकार निहित रहेने व्यबस्था थियो । क्रान्तिको समयमा सन १७९१ र १७९३ मा दुई वटा अदेश जारी भएको थियो जसले साहित्यिक र कलात्मक कार्य तयार गर्ने रचयिताहरुलाई संरक्षण प्रदान गर्ने प्रयासको थालनी गऱ्यो । मुद्रण प्रविधिको उत्पती भएको जर्मनीमा प्रतिलिपि अधिकारको सिद्दान्तहरु नियमको रुपमा देखा पऱ्यो जसले प्रकाशन सम्झौतालाई नियमित गऱ्यो । १९औं शताब्दीको मध्यमा, जर्मनका विभिन्न राज्यहरुले कानूनहरुको तर्जुमा गरी लागु गऱ्यो जसले रचयितालाई आफनो कार्यको अधिकारको धनी भनी मान्यता प्रदान गऱ्यो । त्यही समयमा, प्रतिलिपि अधिकार कानूनहरु अष्ट्रिया र स्पेनमा पनि जारी हुन भयो । ल्याटिन अमेरिकाका केही देशहरुमा स्वतन्त्रता पछि राष्ट्रिय संहिताकरणको प्रारम्भ हुन थाल्यो जस्तै चिलीमा (१८३४), पेरुमा (१८४९), आर्जेन्टिनामा (१८६९), र मेक्सिकोमा (१८७१) ।

१०. प्रतिलिपि अधिकार प्रादेशिक प्रकृतिको हुन्छ भन्ने एउटा स्थापित सिद्धान्त रहेकोछ । यसको तार्त्पय के हो भने कुनै पनि प्रतिलिपि अधिकार कानून अर्न्तगतको संरक्षण त्यो देशमा उपलब्ध हुन्छ जुन देशमा त्यो लागु हुन्छ । त्यस कारण, कुनै कार्य कुनै देशबाट बाहिर संरक्षण हुनको लागि जुन देशमा त्यस्ता कार्यको उपभोग र प्रयोग हुने हो त्यस देशले सम्बन्धित देश सित दुई पक्षयसम्झौता गरेको हुनु पर्दछ । १९ औ शताब्दीको मध्यतिर यस्ता दुई पक्षयसम्झौता युरोपीयन राष्ट्रहरु बिच सम्पन्न भएको पाईन्छ तथापी तिनीहरु न त स्थिर थिए न त व्यापक । फलस्वरुप संरक्षणको एकरुपताको प्रणालीको आबश्यकता महसुस गरियो र तदअनुरुप रचयिताहरुको अधिकारको संरक्षणको प्रथम अन्तराष्ट्रिय महासन्धि तयार भई स्वीजरल्याण्डको बर्नमा सेप्टम्बर ९, १८८६ पारित गरियो । यस महासन्धिलाई साहित्यिक र कलात्मक कार्यको संरक्षणका लागि बर्न महासन्धि भनी सम्बोधन गरिन्छ । जुन देशहरुले त्यो महासन्धिलाई ग्रहण गरे तिनीहरुले सदस्य राष्ट्रहरुका रचयिताहरुको अधिकारलाई सुनिश्चित र संरक्षण गर्नको लागि बर्न संघ (Berne Union) को स्थापना गरे । बर्न महासन्धि WIPO द्वारा प्रशासित हुन्छ ।

११. सन् १८८६ को महासन्धिको पुर्ण पाठ धेरै पटक शंसोधन भएको छ । सिर्जनाको मध्यमहरुमा भएको आधारभुत परिर्वतनहरु, विगतका वर्षहरुमा साहित्यिक र कलात्मक कार्यको प्रयोग र प्रसारणमा भएको परिर्वतनहरु र विषेश गरी प्राविधिक विकासले गर्दा शंसोधन गर्न महत्वपुर्ण भुमिका खेलेको पाईन्छ । पहिलो शंसोधन बर्लिनमा सन् १९०८ मा भएको थियो भने तत्पश्चात् रोममा १९२८, ब्रसेल्शमा १९४८, स्टल्कहोममा १९६७ र पेरिसमा १९७१ मा शंसोधनशरु भएका थिए ।

१२. सन् १९४८ को ब्रसेल्शको संशोधन पछि स्टल्कहोमको शंसोधन प्राविधिक परिवर्तनको उपजले मात्र न भई नव स्थापित स्वतन्त्र विकासोन्मुख देशहरुको राष्ट्रिय शिक्षा माथिको चाहना र बर्नसंघको प्रशासनिक तथा संरचनात्मक रुपरेखालाई पुर्नगठन गर्ने प्रयासको पनि उपज थियो । विकासोन्मुख देशहरुको लागि अग्राधिकारको व्यवस्थालाई स्टल्कहोमले ग्रहण गरी सके पछि सन् १९७१ को पेरिस Paris Revision Conference ले बर्न महासन्धिलाई अझै परिस्कृत बनायो । स्टल्कहोममा ऐनमा निहित रहेका सारभूत व्यवस्थाहरु तत्काल लागु भएको थिएन ती व्यवस्थाहरुलाई अपरिर्वतित रुपमा Paris Revision Conference ले आधारभुत रुपमा पारित गरेको थियो । जनवरी २०१२सम्ममा करिब १६५ देशहरु बर्न महासन्धिका पक्ष भई सकेको पाईन्छ ।

१३.. राष्ट्रिय स्रष्टाहरुलाई प्रभावकारी संरक्षण प्रदान गर्ने मान्यताले गर्दा सन १९८० को मध्य पश्चात बर्न महासन्धिकोसम्मीलनमा तिव्रता आएको पाईन्छ । प्रतिलिपि अधिकार संरक्षणको महत्व बारे सचेतना वृद्धी भएको र विश्वव्यापी व्यापारिक प्रणालीमा यो अधिकार को संरक्षण महत्वपूर्ण कडी भएको कारणले पनि यो महासन्धिकोसम्मीलनमा वृद्धि भएको हो । बौद्धिक सम्पत्ति अधिकारद्वारा संरक्षित गरिएका सामाग्री र सेवाहरुको अन्तराष्ट्रिय व्यापार बढि रहेकोछ र औद्योगिक र विकासोन्मुख दुवै थरी देशहरुले व्यापारको लाभमा सहभागी हुनको लागि यस्ता अधिकारहरुलाई आफनो हितको लागि पनि संरक्षण प्रदान गर्नु पर्दछ भन्ने सोच राख्दै आएको पाईन्छ । TRIPS सम्झौता ले बर्न महासन्धि अर्न्तगतको पेरिस ऐनका सारभुत व्यवस्थाहरुलाई अंगिकार गरेबाट पनि विश्वभरीका देशहरुले बौद्धिक सम्पत्तिको संरक्षण कती को महत्वपुर्णछ भन्ने कुराको स्पष्ट प्रमाण पाएकाछन् ।

## २. बर्न महासन्धि अर्न्तगत सन १९७१ को पेरिस ऐन

### (क) महासन्धि अर्न्तगत प्रदान गरेको संरक्षिणका आधारभुत तत्वहरु

१४. बर्न महासन्धि अर्न्तगत संरक्षणका दुई आधारभुत तत्वहरु रहेको पाईन्छ । पहिलो तत्व “राष्ट्रिय व्यबहार” हो । यस अर्न्तगत कुनै पनि सदस्य राष्ट्रिबाट उत्पत्ति भएको कुनै पनि कृती हरेक सदस्य राष्ट्रहरुमा संरक्षित हुनु पर्दछ र यस्तो संरक्षण त्यस्ता सदस्य राष्ट्रले आफनो नागरिकको कृती संरक्षण गरे सरह गर्नु पर्ने हुन्छ ।

जाहासम्म संरक्षणको सवाल छ विदेशी स्रष्टाहरुलाई पनि राष्ट्रिय स्रष्टा सरह समीकरण गरिएको पाईन्छ । दोस्रो तत्व हो “न्युनतम अधिकार” । यस अर्न्तगत सदस्य राष्ट्रको कानूनले विदेशी स्रष्टाहरुलाई महसन्धिले स्थापीत गरेको न्युनतम तहको संरक्षण प्रदान गर्नु पर्ने हुन्छ। यसको अलावा, महासन्धि स्वाधिन संरक्षणको सिद्धान्तमा आधारितछ। कुनै पनि संरक्षित कृतिको अधिकारको उपभोग र अभ्यासका लागि सिद्धान्तत त्यस्तो अधिकार कृती सिर्जना भएको वा अरु मुलुकमा रहेको वा नरहे कुराले सरोकार राख्दैन ।

## (ख) औपचारिकता विना संरक्षण

१५. बर्न महासन्धिको धारा ५ (२) ले प्रतिलिपि अधिकार संरक्षणको लागि कुनै अनौपचारिकता पुरा गर्नु पर्ने वा अन्य  शर्तयुक्त हुनु हुदैन भनेको छ। उदाहरणको लागि दर्ता वा प्रतिलिपिको दाखिला गर्नु पर्ने वा प्रतिलिपि अधिकारको सुचना गर्न “© ” को प्रयोग हुनु पर्ने हुनु हुदैन ।

## (ग) संरक्षित कृतिहरू

(१६) धारा २ ले संरक्षित साहित्यिक र कलात्मक कृतिहरुको दृष्टान्तमुलक सुची समावेश गरेको पाईन्छ र यस्तो सुचिमा “ अभिव्यक्तिको माध्यम जे सुकै भए पनि साहित्यिक, वैज्ञानिक र कलात्मक क्षेत्रमा भएका मौलिक रचनाहरु” समेटेको पाईन्छ। त्यसै गरि अरुको कृतिमा आधारित कृतिहरु जस्तै अनुवाद, संयोजन,संगीतको व्यवस्थापन र साहित्यिक वा कलात्मक कृतिको परिर्वतनलाई पनि संरक्षण गरिएकोछ । सदस्य राष्ट्रहरुले व्यवस्थापकीय, प्रशासनीक र न्यायिक प्रकृतिका औपचारिक दस्तावेजहरुलाई भने संरक्षण प्रदान गर्न अस्विकार गर्न सक्नेछन । (धारा २ (४) । त्यसैगरी यदि कुनै कृती संरक्षित हुनको लागि त्यस्ता रचनाहरु कुनै वस्तुमा स्थिरिकरण हुनु पर्दछ (धारा २ (२) । उदाहरणको लागि, कुनै देशमा यस्तो किसिमको स्थिरिकरणको आवश्यकता रहेकोछ भने त्यस अवस्थामा यदि कुनै करियोग्राफी सम्बन्धि रचना संरक्षित गर्नु परेमा त्यस्तो नृत्य या त नृत्यको पद्धतीमा आलेखवद्ध हुनु पर्नेछ या त भिडियो टेपमा रेर्कड भएको हुनु पर्नेछ ।

## (घ) अधिकारका स्वामीहरू

१७. महासन्धिको धारा २ (६) ले महासन्धि अर्न्तगतको संरक्षण लेखक र निजको उत्तराधिकारीको  हितको लागि परिचालन हुनेछ भनी उल्लेख गरेको पाईन्छ। केही वर्गका रचनाहरुको सर्न्दभमा जस्तो कि चलचित्र सम्बन्धि कार्यहरु (धारा १४ bis) र प्रतिलिपि अधिकार माथिको स्वामित्व जुन देशमा संरक्षण खाजिएको हो सोही देशको राष्ट्रिय कानूनले निर्धारण गर्नेछ । उदाहरणको लागि, सदस्य राष्ट्रले यस्ता

कृतिको प्रारम्भिक प्रतिलिपि अधिकार धनी निर्देशक वा चलचित्र लेखक वा त्यस्तो कृतिको सृजनामा योगदान गर्ने अन्य कोही व्यक्ति न भै निर्मातालाई मान्ने गरेको पनि पाईन्छ ।

## (ङ) संरक्षणको लागी योग्यता

१८. धारा ३ ले त्यस्ता रचयितालाई संरक्षण प्रदान गर्दछ जो महासन्धिको सदस्य राष्ट्रको नागरिक हो वा त्यो राष्ट्रको बासिन्दा हो (अर्थात त्यस्तो देश जो "बर्न संघ" को सदस्य रहेकोछ) । यदि रचयिता त्यस्तो देशको नागरिक वा वासिन्दा रहेको छैन भने पनि आफनो कृतिको प्रथम प्रकाशन त्यस्तो सदस्य राष्ट्र गर्छन वा आफनो कृतीसंगसंगै गैर सदस्य राष्ट्र र सदस्य राष्ट्रमा गर्छन वा प्रथम प्रकाशन भएको मितिले ३० दिन भित्र सदस्य राष्ट्रमा प्रकाशन गरेमा तिनिहरुको संरक्षणको हकदार हुन्छन ।

## (च) संरक्षित अधिकारहरू

(१९) रचयितालाई महासन्धि अर्न्तगत प्रदान गरेको निवारक आर्थिक अधिकारहरु निम्न प्रकारका छनः अनुवाद गर्ने अधिकार (धारा ८), कुनै पनि तरिका वा ढाँचामा पुनउत्पादन गर्ने अधिकार (धारा ९), नाटक, गीती नाटक र सांगितिक कार्यको सार्वजनिक पर्दशन गर्ने अधिकार (धारा ११), तार द्वारा सर्वसाधारणलाई प्रसारण र सुचित गर्ने अधिकार, पुन प्रसारण वा ध्वनि विस्तार यन्त्र द्वारा पुनः प्रसारण वा प्रसारण सम्बन्धित कार्यसंग सम्बन्धित अन्य कुनै analogous यन्त्रद्वारा गरिने कार्यहरु (धारा ११ bis), सार्वजनिक बाचन गरिने अधिकार (धारा ११ ter), संयोजन गर्ने अधिकार (धारा १२), चलचित्रमा रुपान्त्रण र पुनउत्पादन गर्ने र त्यस्तो संयोजन र पुनउत्पादन गरेको कार्यको वितरण गर्ने अधिकार (धारा १४) । धारा १४ ter मा व्यवस्था गरेको ""droit de suite " (मौलिक कलाका कृती र मौलिक पाण्डुलिपीसंग सम्वन्धित) वैकल्पिक रुपमा रहेकोछ र यो पारस्परिकतामा आधारित छ । अर्थात जुन देशहरुले droit de suite लाई मान्यता प्रदान गरेकोछ त्यस्ता देशहरुले रचयिता नागरिक भएको देशको कानूनले मान्यता प्रदान गर्छ भने त्यस्तो विदेशी कृतिको हकमा मात्र लागु गर्न अनिवार्य छ ।

२०. धारा ६ bis ले स्रष्टाको आर्थिक अधिकार भन्दा भिन्न स्वतन्त्ररुपमा "नैतिक अधिकार" लाई मान्यता प्रदान गरेको पाईन्छ । यस अर्न्तगत रचयितालाई आफनो कृतिको सर्न्दभमा रचयिताको स्वामित्वको अधिकारको दावी गर्न सक्नेछ र यदि कसैले निजको कुनै कार्यको कुनै पनि अंश बङ्गाएमा वा क्षती पुऱ्याएमा वा कुनै हेरफेर गरेमा वा अन्य कुनै अपमानजनक कार्य गरेमा जस्बाट राचिएताको मान

वा प्रतिष्ठामा प्रतिकुल असर पुगेमा त्यस विरुद्ध अपत्ति जनाउन सक्नेछ ।

### (छ) समितता

२१. प्रतिलिपि अधिकारका धनीहरु र संरक्षित कृतिको प्रयोगकर्ताको हित बिच उचित सन्तुलन कायम गर्नको लागि, बर्न महासन्धिले आर्थिक अधिकारमा केही निश्चित सिमाहरु तोकेको पाईन्छ । उदाहरणको लागि प्रतिलिपि अधिकारको स्वामीको स्वीकृती विना नै कुनै क्षतीपुर्ती नदिई संरक्षीत कृतिको प्रयोग गर्न सक्ने अवस्थाहरु सहित सिमाहरु तोकेको छ । यसलाई "स्वतन्त्र प्रयोगहरु Free uses" पनि भनिन्छ । यस्ता सिमाहरु धारा ९ (२) ( विशेष अवस्थामा पुनउत्पादन गर्न सक्ने), धारा १० (शैक्षिक कार्यमा दृष्टान्त र उद्दरणको प्रयोग), धारा १० bis ( ताजा घटनाको रिर्पोटिङ्ग गर्ने कार्यका लागि समाचारपत्रको वा त्यस्तै मिल्दो जुल्दो लेखहरुको पुनत्पादन), र धारा ११ bis (३) (प्रसारणको लागि अल्पकालिक रेर्कडिङ्ग) आदि हुन।

२२. अनिवार्य अनुमती (non-voluntary licenses) प्रदान गर्ने सम्भावनाको सर्न्दभमा बर्न महासन्धिमा दुईवटा विषयहरु रहेको पाईन्छ : धारा ११ bis (२), (तारद्वारा सर्वसाधारणलाई प्रसारण र सुचित गर्ने अधिकार, पुन प्रसारण वा ध्वनि विस्तार यन्त्रद्वारा पुनः प्रसारण वा प्रसारण सम्वन्धि कार्यसंग सम्बन्धित अन्य कुनै analogous यन्त्रद्वारा गरिने कार्यहरु) र धारा १३ (१) (सांगीतिक कार्यहरुको ध्वनी रेर्कडिङ्ग गर्ने अधिकार जस्को रेर्कडिङ्गको लागि अख्तियारी समेत प्रदान भई सकेकोछ( । बर्न महासन्धिको पेरिस ऐनको परिशीष्टले पनि विकासोन्मुख देशहरुलाई अनुवाद र केही निश्चित विषयमा कार्यको पुर्नउत्पादन गर्न खासगरी शैक्षिक कार्यहरुमा अनिवार्य अनुमती पत्र प्रयोग गर्ने अनुमती प्रदान गर्दछ। (तलको खण्ड (१) मा हेर्नु होला )

### (ज) संरक्षणको अवधि

२३. संरक्षणको न्युनतम अवधि धारा ७ ले व्यबस्था गरेकोछ। यस अर्न्तगत संरक्षणको अवधि रचयिताको जीवनकालसम्म र निजको मृत्यु पश्चात ५० वर्षसम्म कायम रहन्छ । केही निश्चित किसिमका कार्यहरुको हकमा यो नियमले केही अपवादको पनि व्यवस्था गरेको पाईन्छ । चलचित्र सम्बन्धि कार्यको लागि यदि त्यो कार्य सर्वसाधारणलाई उपलब्ध गराएको भए सो पछि ५० वर्षसम्म त्यस्तो कार्य संरक्षित रहनेछ र यदि त्यस्तो कार्य उपलब्ध गराएको छैन भने संरक्षणको अवधि त्यस्तो कार्य सम्पन्न भएको मितिले ५० वर्षसम्म रहनेछ । फोटोग्रफी सम्वन्धि कार्य र प्रयोगात्मक कला सम्वन्धि कार्यको लागि न्युनतम संरक्षण अवधि कार्य सिर्जना भएको मितिबाट २५ वर्षसम्मको लागि कायम हुनेछ (धारा ७ (४) ) । WCT को

धारा ९ (तल हेर्नु होला ) ले फोटोग्रफी रचनाको हकम यस सन्धिको पक्ष रहेका मुलुकले बर्न हमासन्धिको धारा ७ (४) ले व्यवस्था गरेको कुरा लागु गर्नु पर्ने छैन भनेको छ । नैतिक अधिकारको हकमा संरक्षणको अवधि कम से कम आर्थिक अधिकारको संरक्षण अवधि सरह हुनु पर्नेछ भनी व्यवथा गरेको पाईन्छ ।

**(झ) विकासोन्मुख देशहरूको सम्बन्धमा अग्राधिकारका व्यवस्थाहरू**

२४. सन १९७१ को बर्न महासन्धिको पेरिस ऐनले महासन्धिको विश्वव्यापी असर सुनिश्चित गर्नको लागि यस्को संचालनमा सरलता ल्याउने अभिप्राय राखेको देखिन्छ । विशेष गरेर नव स्वतन्त्र राज्यहरुको उदय भईरहेको र त्यस्ता नवराज्यहरुको आर्थिक, सामाजिक र सांस्कृतीक विकासलाई ध्यानमा राखेर यस्तो अभिप्राय महासन्धिले राखेको पाईन्छ । विकासोन्मुख राष्ट्रहरुसंग सम्बन्धित विषेश व्यवस्थाहरुलाई एउटा परिशिष्टमा समावेश गरेको थियो जुन हाल आएर महासन्धिको अभिन्न अंगको रुपमा रहेकोछ ।

२५. परशिष्ट अनुसार, संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा स्थापित अभ्यास अनुरुप विकासोन्मुख राष्ट्र भनी मान्यता प्राप्त गरेका देशहरुले केही निश्चित अवस्थामा पुनउत्पादन र अनुवादको अधिकारको हकको सर्न्दभमा प्रदान गरेको न्युनतम संरक्षणको मापदण्डबाट अलग हुन सक्नेछ ।

२६. बर्न महासन्धिको परिशिष्टले विकासोन्मुख राष्ट्रहरुले निम्न कार्यको लागि अनिवाय अनुमती प्रदान गर्न सक्नेछ : (१) अध्यापन, छात्रवृत्ति वा अनुसान्धानको लागि अनुवाद गर्न र (२) प्रणालीगत शिक्षणकार्यहरुमा महासन्धिद्वारा संरक्षित कार्यहरुको पुर्नउत्पादन गर्न । प्रणालीगत शिक्षण गतिविधि भन्नाले विद्यालय बाहिर (out of school) वा अनौपचारिक शिक्षालाई समेत जनाउँछ । यस्ता अनुमतिपत्र कुनै पनि विकासोन्मुख राष्ट्रको नागरीकलाई केही निश्चित शर्त बन्देज अर्न्तगत प्रदान गर्ने गरिन्छ । यस्ता अनुमती पत्र त्यस्ता नागरिकलाई प्रदान गरिन्छ जस्ले परिशिष्टद्वारा प्रदान गरेको अनिवार्य अनुमती पत्र अर्न्तगतको एक वा दुवै संकायको प्रयोग गरेको छ ।

**३. बर्न महासन्धिमा सम्मिलन हुँदा उपल्बध हुने प्रमुख लाभहरू**

२७. बर्न महासन्धि स्विकार गर्दाको एउटा महत्वपुर्ण उपलब्धि के हुन्छ भने, कुनै पनि सदस्य राष्ट्रको रचयिताको कार्य महासन्धि पक्ष भएको राष्ट्रहरुमा स्वतः संरक्षित हुन्छ । यस बाट यी रचयिताहरु आफनो कार्य बाह्य्य बजारमा गएर पनि आर्थिक लाभ प्राप्त गर्न सक्छन । महासन्धिको सम्मिलनले सबै सदस्य राष्ट्रमा संरक्षण प्रदान गर्ने हुनाले एउटा सदस्य देशको रचयितालाई महासन्धिको सदस्य भएको अर्को राज्यमा आफनो कार्यको लागि प्रकाशक र वितरक खोज्ने समस्या कम

हुन्छ । त्यसैगरी, घरेलु बजारमा रचयिताको प्रतिष्पर्धात्मक स्थितीमा सुधार आउन सक्छ किनकी कुनै राष्ट्र बर्न महासन्धिको सदस्य भए पश्चात विदेशी रचनाहरुको वितरण ती रचयिताहरुको स्वीकृतिको आधारमा मात्र हुन सक्छ ।

२८. उपलब्धिहरु बृहत अर्थशास्त्रिय (Macroeconomic) प्रकृतिका पनि छन् । कुनै पनि राष्ट्र आफनो सामाजिक वा अर्थिक विकासको परवाह बिना बर्न महासन्धिको सदस्य भए पछि, त्यो राष्ट्र रचयिताको अधिकारको संरक्षणको अन्तराष्ट्रिय प्रणालीको क्षेत्र भित्र समावेश हुन जान्छ र अन्तराष्ट्रिय व्यपार प्रणाली अर्न्तगत त्यस्ता सामाग्री र सेवा प्रतिलिपि अधिकारद्वारा संरक्षित हुन्छ । यो संस्कृति, मनोरंजन, र प्रविधिको आदान प्रदानमा महत्वपुर्ण हुन्छ । यदि कुनै राष्ट्रलाई व्यापारमा आधारित विदेशी विनिमयमा सार्थक आर्थिक उप्लब्धि हासिल गर्ने हो भने बौद्धिक सम्पत्तिको न्युनतम मापदण्ड पालन गर्नु अनिवार्य हुन आउन्छ । बर्न संघको सदस्यता भएमा, त्यसले सदस्य राष्ट्रहरुमा अन्य देशहरुका रचयिताको अधिकार संरक्षण गर्नमा राजनैतिक प्रतिबद्धता रहेकोछ भन्ने एउटा महत्वपुर्ण संकेत दिन्छ । यस्तो संकेत अन्तराष्ट्रिय सहयोगको एउटा पुर्व शर्त पनि हुन सक्दछ र यसले बौद्धिक सम्पत्तिको क्षेत्र बाहेक अन्य क्षेत्रमा पनि विदेशी लगानीलाई आर्कषित गर्दछ । उदाहरणको लागि, “विश्वव्यापी सुचनाको संरचना” (GII) ले गर्दा अन्तराष्ट्रिय लगानी बहुक्षेत्रयहुन सक्दछ । GII को प्रभावकारी विकासको लागि दुरसंचारको संरचनाको आवश्यकता पर्नको साथै उन्नत कम्पुटर संजाल र मनोरंजन र सुचनामा आधारित सामाग्री र सेवाको निरन्तर आपुर्ति हुनु पर्दछ ताकी यस्ले विश्वव्यापी रुपमा कार्य गरि सबै राष्ट्रहरुलाई लाभ पुऱ्याउन सकोस । बर्न संघको सदस्यता आफैमा एउटा उपलब्धि भएकोछ र यो एउटा ठुलो पहेली भित्रको एक टुक्रा हो । यदि प्रतिलीपी अधिकारको प्रभावकारी संरक्षण व्यबस्था नभएको भए, सवै राष्ट्रहरु सुचनाको पहुचबाट वञ्चित रहनु पर्ने थियो जुन २१ औ शताब्दीमा आीर्थक र सांस्कृतिक अस्तित्वको लागि महत्वपुर्ण पूर्वशर्त हो ।

२९. अन्तमा बर्न महासन्धिकोसम्मेलनमा राष्ट्रहरुलाई लाग्ने खर्चको बारेमा केही भन्न चाहन्छु : सेप्टेम्बर १९९३ मा WIPO को संचालक निकाय र WIPO द्वारा प्रशासित संघहरुले एकात्मक योगदान प्रणालीलाई पारित गरेकोछ । यो प्रणाली अर्न्तगत हरेक राष्ट्रले जतिवटा सन्धिहरुको पक्षधर भए पनि किसिमको शुल्क तिरे पुग्दछ ।

### (ख) व्यापारसंग सम्बन्धित बौद्धिक सम्पति (TRIPS) सम्झौता

३०. पुर्व भंसार र व्यापार सम्बन्धि सामान्य सम्झौता (GATT) (हाल विश्व व्यापार संगठन) को उरुग्गे वार्ताको अंगको रुपमा व्यापारसंग सम्बन्धित बौद्धिक सम्पति (TRIPS) सम्झौता डिसेम्बर १९९४ मा सम्पन्न भएको थियो र यसले पनि प्रतिलिपि अधिकारको संरक्षण सम्बन्धि केही व्यवस्था गरेको पाईन्छ ।

संझौतामा सदस्यहरुले धारा १ देखि २१सम्मको व्यवस्थाहरु पालन गर्नुको साथै बर्न महासन्धिको पेरिस ऐन १९७१ को परिशिष्टको पनि पालना गर्नु पर्नेछ भनी उल्लेख गरेको पाईन्छ। यसमा एउटा महत्वपुर्ण अपवाद रहेकोछ : त्ये के हो भने TRIPS सम्झौताले नैतिक अधिकारको सर्न्दभमा कुनै पनि अधिकार वा दायित्व प्रदान गरेको छैन । प्रतिलिपि अधिकारको संरक्षण अभिव्यक्तिमा लागु मात्र हुन्छ त्यसमा व्यक्त विचारमा, प्रक्रियामा, संचालनको विधिमा वा गणितिय धारणामा हुदैन भन्ने सिद्धान्तलाई अंगिकार गरेको पाईन्छ ।

३१. बर्न महासन्धिको मापदण्डमा भए भन्दा थप, TRIPS सम्झौताले के व्यवस्था गरेकोछ भने, सदस्य राष्ट्रले आफनो कानूनमा कम्पुटर प्रोग्रामलाई महासन्धि अर्न्तगत साहित्यिक कार्य अर्न्तगत संरक्षित गरिएकोछ भनी प्रस्ट रुपमा उल्लेख गरेर संरक्षण गर्न सकिने व्यबस्था गरेको छ । यस्को अलावा, तत्थाङ्कोसंग्रहलाई (Compilations of data) पनि मौलिक कार्यको रुपमा संरक्षित हुनेछ भनी व्यवस्था गरेको पाईन्छ । तथापी यो संरक्षीत हुनको लागि त्यस्को छनौट वा विषयवस्तुको व्यवस्था मौलिकताको मापदण्ड भित्र पर्नु पर्ने हुन्छ । यदि यस्तो मापदण्ड भित्र पर्दछ भने त्यस्तोसंग्रह यन्त्रद्वारा पढन योग्य भए भनी वा अन्य ढाचामा भए पनि त्यसमा समावेश कुरा प्रतिलिपि अधिकार संरक्षणको लागि प्रतिकुल नभए यो संरक्षित हुन्छ । TRIPS सम्झौताले कम्पुटर प्रोग्रामको प्रतिलिपि र श्रव्य दृष्य कार्यको व्यापारिक बहालको अधिकारलाई पनि सुनिश्चित गरेको पाईन्छ । तथापी यदि यस्ता बाहाल अभ्यास (rental practices) ले नक्कल उतार व्यापक रुपमा फैलिन्छ र जसले पुनउत्पादन गर्ने निवारक अधिकारलाई “वस्तुगत रुपमा हानी” पुऱ्याएकोछ भने यो अधिकार पछिल्ला कार्य प्रती आर्कषित हुँदैन ।

३२. लेखकको मृत्यु पश्चात संरक्षणको अवधि ५० वर्षसम्मको लागि जारी रहनेछ र यदि लेखकको जीवनकालको अवधी गणना गर्न सकिदैन भने त्यस्तो संरक्षण आधिकारीक प्रकाशन वा कार्य सम्पन्न गरेको वर्ष अन्तबाट ५० वर्षको लागि जारी रहनेछ। यदि कुनै कार्यको स्वभाविक सदुपयोगमा प्रतिकुल हुदैन र लेखकको वैधानिक हितमा कुनै प्रतिकुल असर पर्दैन भने मात्र अधिकारको सिमा सम्बन्धि प्रवधान लागु गर्नु पर्दछ (तीन चरणको परिक्षा) । TRIPS सम्झौताले बौदिक सम्पति अधिकारको कार्यान्वयनको लागि विस्तृत व्यबस्थाहरु गरेको पाईन्छ र यसमा प्रतिलिपि अधिकार पनि समाबेश भएको पाईन्छ । त्यसैगरि विवाद समाधानको लागि समझदारी (dispute settlement understanding) पनि व्यबस्था TRIPS सम्झौताको कार्यान्वयनको समयमा उठेको विवादहरुको हकमा लागु हुन्छ । बर्न महासन्धिको सारभुत व्यवस्थाको अनुपालन प्रावधानहरुलाई TRIPS सम्झौतामा समायोजन गरिएकोछ । यदि महासन्धि अर्न्तगतको प्रावधानको पालना नभएमा विवाद समाधानको प्रक्रिया अर्न्तगत जानेछ र परिणाम स्वरुप व्यापार प्रतिबन्ध समेत लागु हुन सक्नेछ ।

## II सम्बन्धित अधिकारको क्षेत्रमा अन्तराष्ट्रिय महासन्धिहरू

३३. यो खण्ड तत्सम्बन्धि अधिकारको क्षेत्रमा रहेका अन्तराष्ट्रिय महासन्धिहरु प्रती समर्पित रहेको छ र खास गरिकन निम्न महासन्धिहरुमा केन्द्रित रहको छ । प्रस्तोता, ध्वनि अंकन उत्पादक र प्रसारण संस्थाको संरक्षण सम्बन्धि अन्तराष्ट्रिय महासन्धि (रोम १९६१) (रोम महासन्धि), the Convention for the Protection of Producers of Phonograms Against Unauthorized Duplication of Their Phonograms (Geneva, 1971) (the Phonograms Convention) फोनोग्राम महासन्धि and the Convention Relating to the Distribution of Programme-Carrying Signals Transmitted by Satellite (Brussels, 1974) (the Satellites Convention) सेटलाईट महासन्धि. TRIPS सम्झौताको सान्दर्भिक व्यवस्थाहरुको पनि चर्चा गरिनेछ ।

### (क) रोम महासन्धि

### १. रोम महासन्धिको उत्पत्ति

३४. तत्सम्बन्धि अधिकारको उत्पत्ति प्राविधिक विकासको उपज हो । तत्सम्बन्धि अधिकारको संरक्षण ध्वनि अंकन उद्योगबाट शुरु भएको हो । प्रतिलिपि अधिकार कानून अर्न्तगत ध्वनि अंकनको अनधिकृत नक्कल हुनबाट यी उद्यमीहरुले संरक्षण माग गरेका थिए (यसले common law परम्परा मान्ने देशहरुमा व्यापकता पायो) । उदाहरणको लागि, संयुक्त अधिराज्यमा, प्रतिलिपि अधिकार ऐन १९११ ले ध्वनि अकंन गर्ने उत्पादनकर्तालाई प्रतिलिपि अधिकार प्रदान गरेको पाईन्छ र यो प्रतिलिपि अधिकार पद्दतीको अन्य देशमा जस्तै संयुक्त राज्य अमेरीका र अर्ष्ट्रेलियामा अनुसरण गरेको पाईन्छ। ध्वनि अंकन उद्योगमा भएको यो विकासले ध्वनि अंकनमा समावेस भएका प्रस्तुतकार्ताको कुनै पनि प्रस्तुतीलाई पनि संरक्षणको दायरा भित्र ल्याउन समर्थन दिलायो ।

३५. अन्तराष्ट्रिय स्तरमा, ध्वनि अंकन उत्पादनकर्ता र प्रस्तोताको संरक्षणको पहिलो प्रस्ताव बर्न महासन्धि शंसोधन गर्न बसेको १९२८ को रोम कुटनैतिकसम्मेलनमा पेश गरिएको थियो। त्यही समयमा, अन्तराष्टिय श्रमसंगठन (ILO) ले प्रस्तोताको नियुक्त कामदार हैसियत सम्बन्धमा सरोकार राख्यो । यस सम्बन्धमा १९४८ मा ब्रुसेल्सको पुनरावलोकनसम्मेलनमा छलफल भएको पाईन्छ । योसम्मेलनमा रचयिताहरुको समुहको प्रतिरोधको कारण प्रस्तोता र ध्वनि अंकनका उत्पादकहरुलाई प्रतिलीपी अधिकार अर्न्तगत कानूनी संरक्षण प्रदान गर्न न सकिने भन्ने कुरा प्रष्ट भएको थियो । यद्यपी अन्य पर्याप्त संरक्षण प्रदान गर्नको लागि अन्तराष्टिय दास्तावेजको तर्जुमा गर्ने कुरामा समर्थन जुटेको थियो। विभिन्न समितिका विज्ञहरुले महासन्धिको मस्यौदा तयार गरेका थिए र यस्ता मस्यौदामा प्रशारण संस्थाहरुको अधिकार सम्बन्धि पनि थियो । सन् १९६० मा United Internation Bureaux

for the Protection of Intellectual Property (BIRPI), WIPO को पुर्ववर्ति संस्था, सयुक्त राष्ट्र संघको शैक्षिक, वैज्ञानिक र सांस्कृतिकसंगठन (UNESCO) र loको संयुक्त आयोजनामा सम्बन्धित क्षेत्रका विज्ञहरुकोसम्मेलन हेगमा भयो । जस्ले एउटा महासन्धिको मस्यौदा तयार गरेको थियो जुन रोमकोसम्मेलनमा छलफलको विषय वस्तु बन्न पुग्यो । अक्टोबर २६, १९६१ मा कुटनैतिकसम्मेलनले प्रस्तोत्ता, ध्वनि अंकन उत्पादक र प्रसारण संस्थाको संरक्षणको लागि अन्तराष्ट्रिय महसन्धि (रोम महासन्धि) को अन्तिम पाठलाई पारित गरेको थियो ।

३६. जनवरी २०१२सम्ममा ९१ वटा देशहरु रोम महासन्धिका पक्ष भएका छन् ।

## २. ततसम्बन्धि अधिकार र प्रतिलिपि अधिकारको संरक्षण बीचको सम्बन्ध

३७. रोम महासन्धिको धारा १ जस्लाई सुरक्षण दफा (Safe guard clause) पनि भन्निछ त्यस्ले निम्न व्यवस्था गरेको पाईन्छ : "यो महासन्धि अर्न्तगत प्रदान गरेको संरक्षण अक्षुण्ण रहनेछ र साहित्यिक र कलात्मक कार्यको प्रतिलिपि अधिकारको संरक्षणमा कुनै असर पर्ने छैन । साथै कुनै पनि त्यस्ता संरक्षणको प्रतिकुल हुने गरि यस महासन्धिको प्रावधानहरुको व्याख्या गरिने छैन ।" धारा १ अर्न्तगत कुनै पनि कार्यको प्रयोगको लागि रचयिताको अख्तियारीको आवश्यकता पर्नेमा यस्ता अख्तियारीको आवश्यकतालाई रोम महासन्धीले असर गर्ने छैन । साथै यदि महासन्धिको पक्ष हुन चाहेमा कुनै राज्य संयुक्त राष्ट्र संघको सदस्य मात्र भएर पुग्दैन त्यस्ता राष्ट्रहरु बर्न संघ वा विश्वव्यापी प्रतिलिपि अधिकार महासन्धि (धारा २४ (२) को पनि सदस्य हुनु पर्ने छ भनी यो महासन्धिमा प्रष्ट रुपमा व्यवस्था गरेको पाईन्छ । यदि कुनै राज्य बर्न वा विश्वव्यापी प्रतिलिपि अधिकार महासन्धि - धारा २८ (४) को सदस्य न रहेमा त्यस्ता राज्यहरु रोम महासन्धिको पक्ष हुने छैनन । प्रतिलिपि अधिकार महासन्धि सितको यही कडीको कारणले गर्दा, रोम महासन्धिलाई कहिलोकाही "बन्द" महासन्धि भनी सम्बोधन पनि गर्ने गरिन्छ । माथिको मापदण्ड सित मेल खाएमा मात्र सदस्यता प्राप्त गर्ने हुनाले यसलाई "बन्द" महासन्धि भनिएको हो ।

## ३. रोम महासन्धि अर्न्तगत राष्ट्रिय व्यबहारको सिदान्त

३८. बर्न महासन्धि जस्तै, रोम महासन्धिले राज्यले प्रस्तोता, ध्वनी अंकन र प्रसार णलाई घरेलु कानून अनुसार प्रदान गरेको संरक्षण सरह राष्ट्रिय व्याबहार गर्नु पर्ने प्रावधान राखेको छ (धारा २ (१) । तथापी, राष्ट्रिय व्यबहार महासन्धिद्वारा प्रत्याभुत गरेको न्युनतम संरक्षणको स्तरको र महासन्धिले निर्धारित गरेको सिमा (धारा २ (२) को विषय मातहत रहन्छ । यस्को तात्पर्य के हो भने महासन्धिले प्रत्याभुत गरेको न्युनतम संरक्षणको अधिकारको अलावा र महासन्धिले प्रदान गरेको

कुनै निश्चित अपवाद वा आरक्षणको अधिनमा, ध्वनि अंकनका उत्पादक, प्रस्तोत्ता र प्रसारण संस्थाहरुलाई पनि अन्य पक्षधर मुलुकले आफनो नागरिकलाई प्रदान गरेको अधिकार सरह अधिकारको उपभोग गर्न पाउनेछ । ........................

## ४. संरक्षणको योग्यता

३९. प्रस्तोताहरुद्वारा अन्य पक्षधर राज्य (प्रस्तोता कुनै देशको नागरीक भए वा नभए पनि) मा प्रस्तुत गरेको कुनै पनि प्रस्तुतिको लागि राष्ट्रिय व्यबहारको हकदार हुन्छ, वा महासन्धिद्वारा संरक्षण प्रदान गरिएको कुनै पनि ध्वनि अंकनमा स्थिरिकरण गरिएको प्रस्तुती (प्रस्तोता जुनसुकै देशको नागरीक भए पनि र प्रस्तुती जाहा भएको भए पनि ) पनि संरक्षणको हकदार हुन्छ वा महासन्धिबाट संरक्षित प्रशारण संस्थावाट “प्रत्यक्ष” रुपमा (ध्वनि अंकनबाट नभईकन) प्रसारण कुनै पनि प्रस्तुती (धारा ४) संरक्षणको क्षेत्रभित्र पर्दछ । संरक्षणको योग्यताका यी वैकल्पिक आधारहरुको व्यबस्थाले धेरै भन्दा धेरै प्रस्तुतिहरुमा रोम महासन्धि लागु हुन सकोस भन्ने अभिप्राय राखेको देखिन्छ ।

४० ध्वनी अंकनका उत्पादक अन्य कुनै पक्षधर मुलुकको नागरिक भए (राष्ट्रियताको आधारमा) पनि राष्ट्रिय व्यबहारको हकदार हुन्छ यदि तिनीहरुको प्रथम स्थिरिकरण (fixation) ( स्थिरिकरणको आधारमा) अन्य पक्षधर मुलुकमा भएकोछ वा तिनीहरुको ध्वनि अंकन पहिलो पटक वासंगसंगै अन्य पक्षधर मुलुकमा (प्रकाशनको आधारमा) प्रकाशन भएको छ भने पनि राष्ट्रिय व्यबहारको हकदार हुन्छन् (धारा ४) ।

४१. महासन्धिले वैकल्पिक आधारको हकमा केही आरक्षणको व्यवस्था गरेकोछ । कुनै पनि पक्षधर मुलुकले कुनै पनि समयमा संयुक्त राष्ट्र संघको महा सचिवलाई सुचना दिएर प्रकाशनको आधार वा स्थिरिकरण (fixation) को आधार मध्य कुनै एक लागु नगर्ने घोषणा गर्न सक्दछ । यदि कुनै राज्यले रोम महासन्धिमा हस्ताक्षर गरेको दिनमा ध्वनी अंकनको उत्पादकहरुलाई स्थिरताको आधारमा मात्रै संरक्षण प्रदान गरेको छ भने त्यस अवस्थामा त्यस्तो राज्यले नागरिकता र प्रकाशनका दुवै अधारलाई बाहेक गर्न सक्नेछ । तर्सथ, रोम महासिन्धको कार्यन्वयन विभिन्न राष्ट्रिय कानून अर्न्तगत रहेका संरक्षणको पुर्व विद्यमान शर्तहरुसंग सजिलो सित मिल्न सक्दछ ।

४२. यदि कुनै प्रारम्भिक प्रसारण संस्था कुनै पक्षधर मुलुक (प्रादेशिको सिदान्त) मा भए पनि वा न भए पनि, यदि प्रसारण संस्थाहरुको प्रधान कार्यालय अन्य कुनै पक्षधर मुलुकमा (राष्ट्रियताको सिदान्त) अवस्थित छ भने वा यदि त्यस्तो प्रसारण कुनै पक्षधर मुलुकमा अवस्थित रहेको प्रसारण यन्त्रबाट प्रसारण भएको छ भने त्यस्ता संस्थाहरु वा प्रसारण राष्ट्रिय व्यबहारको हकदार हुन्छन । यदि अन्य पक्षधर मुलुकले राष्ट्रियता र प्रादेशिकता दुर्व शर्तहरु पालना गर्छन भने मात्र त्यस्ता

पक्षधर मुलुकहरुका प्रसारणको सुरक्षा प्रत्याभुती पनि दुवै शर्तका आधारमा गर्न सक्ने भनी घोषणा गर्न सक्नेछन् (धारा ६) ।

## ५. महासन्धिद्वारा अपेक्षित न्युनतम संरक्षण

४३. महासन्धिद्वारा प्रस्तोताहरुलाई न्युनतम संरक्षणको प्रत्याभुती निजहरुको स्वीकृती बिना कुनै कार्य गर्न "प्रतिरोध गर्न सक्ने सम्भाव्यता" को आधारमा प्रदान गरेको पाईन्छ । प्रस्तोताहरुको न्युनतम अधिकारहरुको विवरण दिनुको सट्टा, राष्ट्रहरुलाई आफनो दण्ड विधान अनुरुप प्रस्तोताहरुको संरक्षणलाई निरन्तरता दिन तथा सार्वजनिक कानून अर्न्तगत अपराधको निधो गर्नुको साथै दण्डको निकासा दिन दिने व्यबस्था उपयोग गर्न मिल्ने आशय अभिव्यक्त भएको पाईन्छ । तथापी, कुनै पनि वर्णित कार्यलाई प्रस्तोताबाट रोक लगाउन सक्दछन् यसको लागि पुर्व स्वीकृती चाहिन्छ भन्ने कुरामा सहमती भएकोछ । प्रस्तोतालाई "प्रतिरोधको सम्भाव्यता" निम्न कार्यमा प्रदान गरेको पाईन्छ : (१) सर्वसाधारणलाई "प्रत्यक्ष" प्रस्तुतिको प्रसारण वा संचार, (२) कुनै रेकर्ड नगरिएको प्रस्तुतिको रेर्कडिग, (३) कुनै प्रस्तुतिको रेकर्डको पुर्नउत्पादन यदि त्यस्तो मौलिक रेकर्ड प्रस्तोताको स्वीकृती बिना तयार गरीएको थियो भने वा महासन्धि वा प्रस्तोताद्वारा स्वीकृती न दिएको उद्देश्यको लागि त्यस्तो पुनउत्पादन गरिएको छ भने (धारा ७) ।

४४. ध्वनी अंकनका उत्पादकहरुलाई आफनो ध्वनि अंकनको प्रत्यक्ष वा अप्रत्यक्षरुपमा त्यस्को पुनउत्पादन गर्न वा त्यसो गर्न प्रतिवन्ध लगाउन सक्ने अधिकार निहित रहेकोछ (धारा १०) । रोम महासन्धिले ध्वनि अंकनको सार्वजनिक प्रसारण र संचार गरे वापत न्यायोचित पारितोषिकको भुक्तानीको व्यवस्था गरेको पाईन्छ (तल हेर्नु होला) ।

४५. प्रसारण संस्थाहरुलाई निम्न कार्य गर्न वा प्रतिबन्ध लगाउनको लागि अख्तियारी प्रदान गरेको पाईन्छ : (१) आफनो प्रसारणको एकैसाथ पुनः प्रसारण, (२) आफनो प्रसारणको स्थिरिकरण (रेकर्ड गर्न), (३) आफनो प्रसारणको स्थिरताको अनधिकृत पुनउत्पादन वा वैद्य स्थिकिरण भए पनि गैर कानूनी उद्देश्यको लागि प्रयोग गर्न, र (४) कुनै भुक्तानी बिना सर्वसाधारणको पहुचमा रहेको रीसीवरको माध्यमबाट आफनो टेलिभिजन प्रसारणको प्रसारण सर्वसाधारणलाई गर्ने (धारा १३) । स्मरण रहोस कि अन्तिममा (दफा (४) मा) उल्लेखित अधिकार सर्वसाधारणलाई ध्वनिद्वारा प्रसारण गरेको संचार सम्बन्धमा लागु हुँदैन र यो अधिकार लागु गर्ने सम्बन्धमा घरेलु विधानले शर्तहरु निर्धारण गर्ने छन । केवुलद्वारा वितरण गरिएको प्रसारणको हकमा रोम महासन्धिले संरक्षण प्रदान गर्दैन ।

## ६. अधिकारको उपभोगमा तजविजि नियमको व्यवस्था

४६. तीन वटै वर्गका हितग्राहीहरुको संरक्षण प्रदान गर्न विधानको विद्यमानता केही देशहरुमा भएको अवस्थामा रोम महासन्धिको उत्पत्ति भएको थियो । महासन्धिले राष्ट्रिय विधायकहरुलाई यस्को कार्यन्वयनमा केही निश्चित तजविजि व्यवस्थाहरु प्रदान गरेको पाईन्छ ।

४७. प्रस्तोताहरुको संरक्षणको हकमा, जहा प्रस्तोताले प्रसारणको लागि स्वीकृती प्रदान गरेकोछ भने त्यस्को पुनः प्रसारण र प्रसारणको उद्देश्य को लागि प्रस्तुतिको स्थिरिकरण (fixation) को संरक्षण गर्ने व्यबस्था गर्न राष्ट्रिय कानूनलाई नै छाडी दिएको छ । प्रस्तुतिको प्रयोगको लागि कराररयप्रबन्धको विद्यमानतालाई एउटा प्रावधानमा मान्यता प्रदान गरिएकोछ । उक्त प्रावधानले निम्न व्यवस्था गरेकोछ : प्रस्तोताको प्रसारण गर्ने संस्था सितको सम्बन्धलाई करार द्वारा निजहरुको नियन्त्रण गर्ने क्षमतालाई वञ्चित गर्न सकिनेछैन (धारा ७ (२) । यस सन्दर्भमा “करार” भन्ने शब्दावलीले सामुहिक सम्झौता र मध्यस्तता समितीको निर्णयलाई जनाउदछ । एक भन्दा बढि प्रस्तोताको प्रस्तुतिको हकमा सदस्य राज्यले केही तजबिजी प्रदान गरेकोछ । रोम महासन्धिको धारा ८ ले निम्न व्यवस्था गरेको पाईन्छ : यदि एउटै प्रस्तुतिमा अनेक प्रस्तोताको संलग्नता रहेकोछ भने, निजहरुको अधिकारको अभ्यासको संर्दभमा उनीहरुको प्रतिनिधित्व के कसरी हुने हो भन्ने बारे प्रत्येक पक्षधर देशले निधार्रण गर्न सक्नेछ ।

४८. राज्यमा निहित रहेको तजवीजि अधिकारको सन्र्दभमा धारा १२ मा निहित रहेको व्यवस्था सबै भन्दा प्रचलित व्यवस्था रहेकोछ जुन ध्वनी अंकनको “अतिरिक्त प्रयोग” संग सम्बन्धित रहेकोछ । यसले निम्न व्यवस्था गरेको पाईन्छ : यदि कुनै ध्वनि अंकन व्यापारिक उद्देश्यको लागि प्रकासन भएको छ र यस्तो प्रकाशन सिधै प्रसारण वा सर्वसाधारणको संचारको लागि प्रसारण हुन्छ भने त्यस अवस्थामा प्रयोग कर्ताले प्रस्तोता वा ध्वनि अंकनका उत्पादक वा दुबै जनालाई उचित पारीतोषीकको भुक्तानी गर्नु पर्ने हुन्छ। ध्वनी अंकनको अतिरिक्त प्रयोगको सिलसिलामा यो धाराले प्रस्तोता वा ध्वनी अंकनको उत्पादकलाई निवारक अधिकारको प्रत्याभुती गरेको छैन । ‘एउटै पारितोषिकको’ व्यवस्था गरेबाट यस्ले एक किसिमले अनिवार्य (non-voluntary) अनुमती पत्रको स्थापना गरेकोछ । तथापी, कुनै एक लाभग्राहीलाई पारितोषिकको भुक्तानी बाध्यात्मक छ भनी धारा १२ ले किटानी साथ निर्दिष्ट गरेको छैन । यसले त्यस्तो प्रयोग गरे वापत कम्तीमा एक जनालाई भुक्तानी गर्नु पर्ने र यदि पक्षहरु बिच कुनै सम्झौता न भएमा, घरेलु कानूनले त्यस्तो पारितोषिकको बांडफाडका शर्तहरु निर्धारण गर्न सक्नेछ भनी व्यवस्था गरेको पाईन्छ ।

४९. कार्यन्वयन गर्ने दाईत्व सम्बन्धमा राज्यहरुलाई लचकता प्रदान गरेको अलावा, धारा १६ ले राज्यलाई निम्न अधिकार प्रदान गरेको पाईन्छ : राज्यले धारा १६ अर्न्तगत धारा १२ अर्न्तगतको प्रावधान लागु न गर्ने वा कुनै निश्चित प्रयोगको लागि

जस्तै कि सर्वसाधारणलाई संचार गर्ने बाहेकको प्रयोजनमा त्यो धारा लागु नगर्ने भनी घोषणा गर्न सकिने भन्ने लचकता प्रदान गरेकोछ । यदि ध्वनि अंकनको उत्पादक अर्को कुनै पक्षधर राज्यको नागरिक रहेकोछ भने त्यस्तो अवस्थामा ध्वनी अंकनको हकमा धारा १२ लागु हुन सक्दछ र त्यस्तो अवस्थामा संरक्षणको सिमा र अवधि सम्बन्धित राज्यले प्रदान गरे बमोजिम सीमित हुन सक्नेछ ।

## ७. सीमितता

५०. बर्न महासन्धि जस्तै, रोम महासन्धिले पनि सदस्य राष्ट्रहरुलाई अधिकार माथि केही निश्चित सिमा निर्धारण गर्न सक्ने अनुमती प्रदान गरेको छ । राज्यहरुले निम्न कुराहरुमा सिमा तोक्न सक्नेछ : निजी प्रयोगको लागि, वर्तमान घटनाको रिर्पोटिङ्गको सर्न्दभमा उदृत अंशको प्रयोग, प्रसारण संस्था द्वारा आफनै सहुलियतमा र आफनै प्रसारणको लागि अल्पकालीक स्थीरिकरण गरेमा र शैक्षिक वा वैज्ञानीक खोजको लागि मात्र प्रयोग गरेमा (धारा १५ (१) । महासन्धिले तोकेको सिमाको अलावा राज्यहरुले प्रस्तोता, ध्वनि अंकनको उत्पादक र प्रसारण संस्थाको संरक्षण पनि यस्तै प्रकारको सिमाहरु स्थापीत गर्न सक्नेछन जुन प्रतिलीपी अधिकार संरक्षणको हकमा रहेका छ । रोम महासन्धि अनुरुप रहेमा मात्र त्यस बेला वाध्यात्मक अनुमती पत्र प्रदान गरीनेछ ।

५१. प्रस्तोताहरुको अधिकारको दृष्टिकोणबाट, महासन्धिको घारा १९ ले सार्थक सिमाको व्यवस्थाको गरेको पाईन्छ र धारा १२ ले उत्पन्न गरेको विवादस्पद सरह यसले पनि महासन्धि स्थापीत भएको केही वर्ष यता यस्तै विवादास्पद उत्पन्न गरेको पाईन्छ । धारा १९ ले निम्न व्यव्यस्था गरेको पाईन्छ : “यो महासन्धिमा जे जस्तो व्यवस्था भएता पनि, प्रस्तोत्ताले एक पटक आफनो प्रस्तुतिलाई श्रव्य दृश्यमा समावेश गर्न स्वीकृती प्रदान गरे पछि, धारा ७ (जसमा प्रस्तोत्ताको अधिकारको प्रावधानहरु व्यवस्थित गरेकोछ) प्रयोगहिन हुनेछ” । धारा १९ ले महासन्धि चलचित्र उद्योग प्रती लागु नहुने मनसाय लिएको पाईन्छ किनकी चलचित्र उत्पादकहरुको सोचाई के थियो भने यदि प्रस्तोताहरुलाई चलचित्र माथीको अधिकारको उपयोग गर्न छुट प्रदान गरेमा उनीहरुको हित अतिक्रमित हुने छ भन्ने कुरामा सशंकीत थिए । तथापी, धारा १९ ले श्रव्य दृष्य स्थिरिकरण (fixation) तयार गर्दा प्रस्तोताको संझौता गर्ने स्वतन्त्रतालाई असर पार्दैन । स्मरण रहोस कि सन् २००० भएको श्रव्य दृष्य प्रस्तोत्ता (तल हेर्नु होला) हरुको संरक्षणको वार्तामा यो पनि एउटा विवादास्पद विषय वस्तु रहेको थियो र यो विषयमा असहमती रहेको कारणबाट यो असफल भयो ।

## ८. संरक्षणको अवधि

५२. यदि (१) ध्वनि अंकन र प्रस्तुतीहरु स्थिर करण गर्दा समावेश गरिएकोछ , वा (२) प्रस्तुती ध्वनि अंकनमा समावेश नभए पनि प्रस्तुती सम्पन्न भएको थियो, वा (३) प्रसारणको लागी प्रसारण सम्पन्न भएको थियो (धारा १४) भने यस अवस्थामा रोम महासन्धि अर्न्तगत संरक्षणको न्युनतम अवधि सो वर्षको अन्तबाट २० वर्षसम्मको लागि रहेकोछ। यो छोटो र न्युनतम अवधिलाई  पछि आएका महासन्धि र सन्धिहरुले बढाएकाछन्  ।

## ९. औपचारिकतामा बन्देज

५३. ध्वनि अंकनको तत्सम्बन्धि अधिकारको संरक्षणको सर्न्दभमा यदि कुनै राष्ट्रले केही औपचारिकता पुरा गर्नु पर्ने त्यस्तो कुनै शर्त बन्देज राखेको छ भने पनि यदि सबै प्रकाशित ध्वनि अंकनको व्यापारिक प्रतिलिपिहरुमा वा त्यस्को प्याकेजिङ्गमा “P” को संकेतिक चिन्ह र प्रथम प्रकाशन भएको वर्ष र मिती समावेश गरेमा त्यस्तो औपचारिकता पुरा भएको मानिनेछ। यदि त्यस्ता प्रतिलिपिहरु वा त्यस्को प्याकेजिङ्गले उत्पादक वा निजको अनुमती पत्रको पहिचान खुलाउन सक्दैन भने, त्यस अवस्थामा त्यस्मा रहेको सुचनामा अधिकार धनीको नाम वा उत्पादकको नाम समावेश हुनु पर्दछ र यदि प्रतिलिपिहरु वा प्याकेजिङ्गले मुल प्रस्तोताको पहिचान गर्न सक्दैन भने, त्यस अवस्थामा सुचनामा प्रस्तोताको अधिकारको धनीको नाम समावेश गर्नु पर्दछ (धारा ११) ।

## १०. रोम महासन्धिको कार्यान्वयन

५४. रोम महासन्धिलाई “अग्रगामी महासन्धि” भनी सम्बोधन पनि गरिन्छ । प्रतिलिपि अधिकारको महासन्धिहरु १९ औं शताब्दीको अन्त तिर राष्ट्रिय कानूनको जागरणको समयमा सम्पन्न भएको थियो । रोम महासन्धिले सम्बन्धित अधिकारको संरक्षणको बारेमा मापदण्डको विस्तृतिकरण गरेको पाईन्छ र यस्तो विस्तृतिकरण हुँदाको अवस्थामा प्रस्तोता, ध्वनी अंकनको उत्पादक र प्रसारण संस्थाको अधिकारको संरक्षणको सम्बन्धमा थोरै मात्र राष्ट्रहरुमा  नियम कानूनहरु क्रियाशील थिए । महासन्धिको पक्षधर राष्ट्रहरुको संख्या वृद्धि भइ रहेकोछ र राष्ट्रिय विधानको विकासमा यस्को प्रभाव अर्थपुर्ण रहेकोछ । सन् १९६१ देखि केही राष्ट्रहरुले तत्सम्बन्धि अधिकारको संरक्षणको हकमा विधानहरु तर्जुमा गरि पारित गरेको  पाईन्छ जस्ले ध्वनि अंकनको उत्पादक वा प्रसारण संस्थाहरुको अधिकारको संरक्षणको सर्न्दभमा राष्ट्रिय कानूनको वृद्धि भएको पाईन्छ । बढदो संख्यमा राज्यहरुले प्रस्तोताहरुलाई केही विशेष संरक्षण पनि प्रदान गरेको देखिन्छ ।

## ख. तत्सम्बन्धि अधिकारको क्षेत्रमा अन्य अन्तराष्ट्रिय महासन्धि

५५. यो खण्ड तत्सम्बन्धि अधिकारको क्षेत्रमा रहेका दुई वटा महासन्धिमा केन्द्रित रहेकोछ जुन यस प्रकारको छ : Convention for the Protection of Producers of Phonograms Against Unauthorized Duplication of Their Phonograms (Geneva 1971) (ध्वनि अंकन महासन्धि), the Convention Relating to the Distribution of Programme-Carrying Signals Transmitted by Satellite (Brussels 1971) (भूउपग्रह महासन्धि ) र TRIPS सम्झौता जसमा तत्सम्बन्धि अधिकारका केही प्रावधानहरु रहेकाछन ।

५६. रोम महासन्धिको सम्बन्धमा, ध्वनि अंकन महासन्धि र भूउपग्रह महासन्धिलाई विषेश सम्झौताको रुपमा ग्रहण गरेको पाईन्छ किनकी तिनीहरुले प्रस्तोत्ता, ध्वनी अंकनको उत्पादक वा प्रसारण संस्थाहरुलाई रोम महासन्धिले प्रदान गरेको अधिकार भन्दा “बढि विस्तृत अधिकार” प्रदान गरेकोछ र रोम महासन्धिको (रोम महासन्धिको धारा १२) प्रतिकुल नहुने गरी यस्मा अन्य प्रावधानहरु पनि रहेकाछन् । फलस्वरुप, तत्सम्बन्धि अधिकारको क्षेत्रमा ध्वनि अंकन र भुउपग्रह महासन्धिलाई “विषेश महासन्धि” पनि भनेर सम्बोधन गरिन्छ । यी तिन कुरावाट रोम महासन्धि भन्दा भिन्न रहेकाछन् । पहिलो के रहेकोछ भने, कुनै निश्चित कार्य गर्न वा प्रतिबन्ध लगाउन निवारक अधिकार प्रदान गर्नुको सट्टा, ध्वनि अंकन र भुउपग्रह महासन्धिले राज्यलाई आफनो दयित्व कार्यन्वयन गर्नको लागी न्यायिक माध्यम रोज्न स्वतन्त्र छोडेको पाईन्छ । दोस्रो, रोम महासन्धि राष्ट्रिय व्यबहारमा आधारित रहेकोछ भने, यी विषेश महासन्धिहरुले खास गैर कानूनी कार्यहरुको विरुद्धमा संरक्षण प्रदान गर्न राज्यहरुलाई दायित्व प्रदान गरेको छ तर ती अधिकारहरुको विदेशी अधिकार धनीहरुलाई पनि आफनो नागरिकलाई प्रदान गरे सरह संरक्षण प्रदान गर्नै पर्ने दायित्व राखेको छैन । ध्वनी अंकन र भुउपग्रह महासन्धिहरु “खुल्ला” सम्झौताहरु हुन । अर्थात , रोम महासन्धिको सदस्यताको लागि बर्न वा विश्वव्यापी प्रतिलिपि अधिकार महासन्धिको पक्षधर हुनु पर्दछ भने यो विषेश महासन्धिहरु संयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरु वा त्यस्का विशिष्टकृत निकाय वा अन्तराष्ट्रिय अदालतको कानूनको पक्षमा भएका राष्ट्रहरुको लागि खुल्ला रहेकोछ (व्यवहारिक रुपमा भन्नु पर्दा यस्ले संसारको सबै जसो देशहरुलाई ओगटेकोछ । )

### १. ध्वनि अंकन महासन्धि

५७. १९६० को अन्तमा रेर्कडको अत्याधिक मात्रामा पाईरेसी भएको कारण त्यसको प्रतिउत्तरमा ध्वनि अंकन महासन्धि सम्पनन भएको पाईन्छ। पाईरेसीको प्रमुख कारक तत्व प्राविधिक विकास (उच्च गुणस्तर को analog रेर्कडीङ्ग गर्ने प्रविधि र श्रव्य क्यासेटको प्रदुर्वभाव) थियो । जस्ले पाईरेसी गर्ने बहुराष्ट्रिय व्यबशायीहरुलाई

विश्व भरि कै रेर्कड गरिएकासंगीतलाई सजीलै सित लुकाइ छिपाई ढुवानी गरि सस्तोमा बजारमा ल्याउन सम्भव तुल्याएको थियो । समयका हिसावले यो महासिन्धको विकासले किर्तीमान राखेकोछ किनकी यसको तयारी सन् १९७० मा प्रतिलिपि अधिकार महासन्धिहरुको पुनरावलोकनको सिलसिलामा भएको तयारी बैठकमा यसको प्रस्तावना आएको थियो । प्रस्तावना आएको १८ महीना भित्र अक्टोबर १९७१ मा जेनेभामा यो महासन्धि सम्पन्न भयो । दुई प्रमुख कारणले गर्दा ध्वनि अंकन महासन्धिले चाडै नै व्यापक मान्यता प्राप्त गर्‍यो (जनवरी २०१२सम्मा ७७ राष्ट्र सदस्य भई सकेकाछन) । ती मान्यताहरु निम्न छन : पाईरेसीको कार्य विरुद्ध अन्तराष्ट्रिय अभियानको आवश्यकताको महसुस र महासन्धिको कार्यन्वयनमा राज्यहरुलाई प्राप्त लचकता ।

५८. संरक्षणको योग्यताको हकमा, ध्वनी अंकन महासन्धिले राष्ट्रियताको आधारलाई मात्र संरक्षणको शर्तको रुपमा स्वीकार गरेकोछ (धारा २) । कुनै पनि पक्षधर देशले अक्टोबर २९, १९७१ मा प्रथम स्थिरिकरण (fixation) को आधारमा मात्र संरक्षण प्रदान गर्ने गरेको थियो भने त्यस्ता राज्यले पनि यो शर्त लागु गर्ने घोषणा गर्न सक्नेछन् (धारा ७ (४) ।

५९. ध्वनी अंकनको उत्पादकहरुलाई महासन्धि अर्न्तगत प्रदान गरेको संरक्षण निम्न कार्यको लागि रहेको छ : “निजहरुको स्वीकृती बिना नक्कल गर्ने र त्यस्को वितरण गर्ने र यस्ता नक्कली ध्वनीअंकनलाई वितरण गर्ने उद्देश्यले आयात गर्ने ।” संरक्षणको कार्यन्वयन प्रतिलिपि अधिकार वा “अन्य विशिष्ट अधिकार” , अनुचित प्रतिस्पर्धा वा दण्ड विधानवाट गर्न सक्ने देखिन्छ । (धारा ३)

६०. रचयिताहरुलाई जुन संरक्षणको अधिकार रहेको छ र सिमा तोकिएको छ , यो महासन्धिले पनि त्यस्तै सिमा तोकेको छ र जाहा शिक्षा वा वैज्ञानीक खोजको लागि पुनउत्पादन गर्न जरुरी भएमा अनिवार्य अनुमती पत्रको इजाजत प्रदान गर्न सकिने र यस्तो अनिवाय अनुमती पत्र त्यस्तो राज्यको प्रदेश भर सीमित रहने प्रावधान छ । यस्को निम्ती न्यायोचित पारितोषिक पनि प्रदान गर्दछ (धारा ६ ) । रोम महासन्धि जस्तै ध्वनी अंकन महासन्धिमा पनि त्यस्तै न्युनतम अवधिको अपेक्षा गरिएकोछ : पहिलो पल्ट ध्वनी रेकर्ड गरेको वर्षको अन्त वा ध्वनि अंकन प्रथम पटक प्रकाशन भएको वर्षबाट २० वर्षको अवधि हुन्छ (धारा ४) ।

६१. ध्वनी अंकन महासन्धिमा अन्य धनीहरुको अधिकारको बारेमा पनि प्रावधान रहेको पाईन्छ । महासन्धिको धारा ७ (१) ले निम्न व्यवस्था गरेको पाईन्छ : “संरक्षित रचयिताको, प्रस्तोत्ताको, ध्वनि अंकनको उत्पादकहरुको वा प्रसारण संस्थाको संरक्षणमा प्रतिकुल असर हुने गरि वा त्यसलाई संकुचित हुने गरि सन्धिको व्याख्या हुने छैन” । धारा ७ (२) ले खास गरिकन प्रस्तोत्तालाई सम्बोधन गरेको पाईन्छ । यसले निम्न व्यवस्था गरेको पाईन्छ : “हरेक पक्षधर मुलुकको राष्ट्रिय विधानले प्रस्तोता जस्को प्रस्तुती ध्वनि अंकनमा रेकर्ड भएको छ त्यस्ता प्रस्तोताको

संरक्षणको क्षेत्र निर्धारण गर्न सक्नेछ र त्यस्तो संरक्षणको उपभोग गर्ने शर्तहरुपनि निर्धारण गर्न सक्नेछ ।

## २. भुउपग्रह महासन्धि

६२. सन १९६५ देखि अन्तरष्ट्रिय दुर संचार र प्रसारणमा समेत भुउपग्रहको प्रयोग तिब्र हुदै गएको सन्दर्भमा भुउपग्रह महासन्धिको विकास भएको पाईन्छ । रोम महासन्धिले "प्रसारण" लाई निम्न अनुसारले व्याख्या गरेको पाईन्छ : "तार रहितको माध्यम बाट चित्र वा ध्वनिको प्रसारण गरि सर्वसाधारणको पहुचमा पुरयाउने" । भुउपग्रह महासन्धिको तर्जुमा हुँदाको बखत, त्यसमा रहेको "सर्वसाधारणद्वारा प्राप्ती" र "तार रहितको माध्यम"भन्ने व्याख्याले भुउपग्रहको माध्यमबाट प्रसारण हुने विषयवस्तुलाई "प्रसारण" को दायर भित्र समावेश गर्न मिल्छ कि मिल्दैन भन्ने विषयमा अन्योल रहेको थियो । अर्थात, भुउपग्रहको लागि छोडिएको संकेत (uplink) सर्वसाधारणहरुले प्रत्यक्ष रुपबाट प्राप्त गर्न सक्दैन थिए र भुउपग्रहद्वारा छोडिएको संकेत लाई सर्वसाधारणलाई वितरण गर्नु पुर्व पृथ्वीमा रहेको स्टेशनले तारको माध्यमबाट प्राप्त (downlink) गर्ने गरेको थियो । भुउपग्रह महासन्धिको विकास, प्रसारण संस्थाहरुको संरक्षण र भुउपग्रहको माध्यमद्वारा प्रसारण तथा वितरण गरिने कार्यक्रमको संरक्षण हेतु प्रारम्भ भएको थियो । वितरकद्वारा आफुले प्राप्त गरेको संकेत सर्वसाधारण समक्ष पठाउने कार्यलाई "वितरण" भनी महासन्धिले व्याख्या गरेको पाईन्छ। तर्सथ, महासन्धि अर्न्तगत संरक्षण केबुलद्वारा वितरण गरिने कार्यलाई पनि संरक्षण प्रदान गरेकोछ जुन प्रसारणमा रहेको पाईदैन ।

६३. भुउपग्रहको संकेत सर्वसाधारणले प्रत्यक्ष रुपबाट प्राप्त गर्न नसक्ने भन्ने आधारमा भुउपग्रह महासन्धि आधारित थियो जुन अहिले हाल न्यायसंगत देखिदैन । भुउपग्रह र पृथ्वीमा रहेको स्टेशनको प्रविधिको उद्‌भव र विकासले गर्दा निजी घर र व्यवसायीहरुलाई व्यापारीक रुपमा त्यस्तो भुउपग्रहको संकेत प्रत्यक्ष रुपमा प्राप्त गर्न सम्भव भएकोछ र यस्तो किसीमको संकेतको प्राप्तीलाई कानूनी रुपमा प्रसारण भनी व्याख्या गर्न सकिदैन । महासन्धिको धारा ३ भुउपग्रहद्वारा प्रत्यक्ष प्रसारण गरेको कार्य उपर लागु हुदैन किनकी यस्ता कार्यले बर्न र रोम महासन्धिले समेटेकोछ। तथापी, महासन्धिले केबुल प्रणालीद्वारा भुउपग्रहको संकेतलाई अनधिकृत रुपबाट वितरण गर्ने कार्यको विरुद्ध संरक्षण प्रदान गर्दछ। केबुल प्रणालीले कार्यक्रम समावेश भएका भुउपग्रहको संकेतलाई प्राप्त गरि त्यस्ता कार्यक्रमको धनीको स्वीकृती विना ग्राहक सित केही शुल्क लि प्रसारण गर्ने गर्दछन । यही कारणले गर्दा, महासन्धिको मान्यतामा वृद्धि हुन थालेकोछ र जनवरी २०१२सम्ममा यसको सदस्य संख्या ३५ पुगी सकेकोछ ।

६४. भुउपग्रह महासन्धिको मुलभुत अभिभारा यस्तो रहेको छ : "कुनै पनि वितरक जस्ले कार्यक्रमको संकेत जुन संकेत भुउपग्रहद्वारा जस्लाई लक्षित गरेर लागि प्रवाह

भएको छैन त्यस्तो कार्यक्रमको वितरणमा रोक लगाउनु हो" ।

६५. ध्वनी अंकन महासन्धिमा जस्तै, यी प्रावधानहरु पनि प्रतिलिपि अधिकार, दुर संचार कानून वा दण्ड विधानहरुबाट कार्यान्वयन हुन्छन । स्मरण रहोस कि यो महासन्धिले प्रसारित कार्यक्रमलाई संरक्षण प्रदान गर्दैन । मुल संस्थाबाट छोडीएको संकेत संरक्षणको तत्व हो । कार्यक्रममा निहित रहेको बौद्धिक सम्पत्तिको अधिकारको हकमा, महासन्धिले रचयिता, प्रस्तोता, ध्वनि अंकन उत्पादक र प्रसारण संस्थाको संरक्षणलाई सीमित वा प्रतिकुल गर्ने गरी व्याख्या गर्ने छैन भन्ने प्रावधान पनि राखेको छ ।

६६. भुउपग्रहमहासन्धिले संरक्षणको हकमा केही सिमा प्रदान गरेको पाईन्छ। अनधिकृत व्यक्तिद्वारा पनि कार्यक्रम समावेश भएको संकेतको वितरणको कार्यलाई निम्न अवश्थामा अनुमती प्रदान गरेकोछः यदि ताजा घटनाको खवर दिन त्यस्तो संकेतको सानो अंश समावेश भएकोछ भने, जस्तैकी कुनै सानो अंश उद्धरण गर्न, वा विकासोन्मुख देशहरुको हकमा यदि त्यस्ता संकेतहरु शैक्षिक, प्रौढ शिक्षा वा वैज्ञानिक खोजको लागि वितरण गर्न। महासन्धिले संरक्षणको अवधि निर्धारण गरेको छैन । यस्लाई घरेलु कानून अर्न्तगत नै छोडिएकोछ ।

## ३. TRIPS सम्झौता

६७. तत्सम्बन्धि अधिकारको संरक्षणको संबन्धमा TRIPS सम्झौतामा केही प्रावधान रहेको पाईन्छ । सम्झौता अर्न्तगत, तत्सम्बन्धि अधिकार प्रस्तोत्ता, ध्वनि अकंन उत्पादक र प्रसारण संस्थाहरुलाई प्रदान गरेकोछ ।

६८. प्रस्तोत्ताहरुलाई ध्वनि अंकनमा निजहरुको स्थिरिकरण नगरेको प्रस्तुतीलाई स्थिरिकरण गर्ने कार्य, यस्ता प्रस्तुतीहरुको सर्वसाधारणलाई तार रहित माध्यम बाट प्रसारण र सुचित गर्ने यस्ता प्रस्तुतिहरुलाई स्थिरिकरण गरि पुर्न उत्पादन गर्ने कार्यलाई "रोक्ने" (अख्तियारी वा प्रतिवन्धको अधिकार चाही निहित नभएको) अधिकार प्रस्तोताहरुलाई प्रदान गरेकोछ । सर्वसाधारणलाई स्थिरिकरण गरिएको प्रस्तुतीहरुको प्रसारण र संचार गर्ने हकमा रोम महासन्धिमा भए जस्तै यसमा पनि कुनै अधिकारको प्रावधान रहेको छेन ।

६९. आफनो ध्वनि अंकनको प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट पुर्नउतपादन गर्ने वा न गराउने अधिकार ध्वनि अंकन उत्पादकहरुमा निहित रहेकोछ। निजहरुलाई आफनो ध्वनी अंकनको प्रतिलिपिहरु बाहालमा दिने वा नदिने अख्तियारी पनि रहेकोछ । जुन मीतिमा TRIPS सम्झौता स्विकार गरिएको थियो केही देशहरुमा बाहाल अधिकार अर्न्तगत न्यायोचित पारितोषिकको प्रणाली स्थापित भएको थियो जुन एउटा अपवादको रुपमा रहेकोछ। जबसम्म त्यस्ता बाहाल अभ्यासले अधिकारको धनीहरुको पुनउत्पादनको निवारक अधिकारमा कुनै "भौतिक क्षति" पुऱ्याउदैन

तबसम्म यस्ता देशहरुले न्यायोचित पारितोषिकको प्रणालीलाई अवलम्बन गरि रहनेछन ।

७०. प्रसारण संस्थाहरूलाई आफ्नो प्रसारणको स्थिरिकरण, यस्ता स्थिरिकृत सामग्रीको पुनउत्पादन, तार सहित वा रहित माध्यमबाट पुनः प्रसारण र सर्वसाधारणलाई टेलीभीजन प्रसारण (रेडियो प्रसारण बाहेक) संचार गर्ने जस्ता कार्यलाई निषेध गर्न सक्ने अधिकार प्रदान गरेकोछ। TRIPS सम्झौताको पक्ष रहेका देशहरूको प्रसारण संस्थाहरूलाई प्रदान गर्ने संरक्षण अन्य विकल्पमा पनि आधारित हुनेछ । बर्न महासन्धिको प्रावधानको अधिनमा त्यस्ता राष्ट्रहरूले प्रसारण कार्यक्रममा प्रतिलिपि अधिकारका धनीहरूलाई त्यस्ता कार्य गर्नबाट रोक लगाउन सक्ने अधिकार प्रदान गरेको हुन्छ। ( केही निश्चित अवस्थामा अनिवार्य अनुमती पत्र व्यबस्था लागु हुन सक्दछ )।

७१. प्रस्तोताहरू र ध्वनी अंकन उत्पादकहरूको लागि सम्बन्धित अधिकारको संरक्षणको अवधि ५० वर्ष रहेको छ भने प्रसारण संस्थाहरूको लागि संरक्षणको अवधि २० वर्ष रहेको छ। साधारणतया, रोम महासन्धिले लागु गरेको सिमा नै लागु हुन्छन। प्रस्तोता र ध्वनि अंकन उत्पादकहरूको हकमा थप दायित्व बर्न हासन्धिको धारा १८ ले व्यवस्था गरेको पाईन्छ। यस अर्न्तगत TRIPS सम्झौता कार्यन्वयन गर्ने राष्ट्रिय कानूनले प्रस्तुस्ती वा ध्वनीअंकन सिर्जना भएको देश द्वारा प्राप्त संरक्षणको अवधि समाप्त नभएसम्म सबै प्रस्तुती र ध्वनी अंकनलाई संरक्षण प्रदान गर्नु पर्दछ। TRIPS सम्झौताले बौद्धिक सम्पति अधिकारको कार्यान्वयनको हकमा विस्तृत प्रावधानहरूको व्यवस्था गरेको पाईन्छ र यस भित्र सम्बन्धित अधिकार र सम्झौता अर्न्तगतको दायित्व पालना गर्दा सदस्य राष्ट्रहरू बीच उठेको विवादको समाधानको तरिकाको पनि व्यवस्था गरेकोछ।

## ग. सम्बन्धित अधिकार महासन्धि र विकासोन्मुख राष्ट्रहरु

७२. विकासोन्मुख राष्ट्रहरूको लागि सम्बन्धित अधिकार संरक्षणको महत्वको खोजी अन्यत्र गरेकोछ । सारांशमा प्राकृतिक सांस्कृतिक अभिव्यक्तिलाई लोकगीतको रूपमा रोम महासन्धि अर्न्तगत प्रस्तुति, ध्वनिअंकन र प्रसारण अर्न्तगत संरक्षण प्रदान गर्न सकिन्छ । महासन्धिमा सम्मिलन भए पश्चात विदेशी बजारमा जाहा यस्तो अभिव्यक्तिको माग बढिछ ( साक्षीको रूपमा लिनु पर्दा "विश्व संगित" को रूपमा लोकप्रीयता कमाएका रचनाहरू प्राय विकासोन्मुख राष्ट्रहरूको नागरीक कलाकारहरूले प्रस्तुत गरेको सांगीतीक प्रस्तुतीकोसंग्रहलाई लिन सकिन्छ) त्यस्तो अभिव्यक्तिलाई त्याँहा पनि संरक्षण प्राप्त हुन्छ र साथै जुन राष्ट्रबाट यस्तो श्रृजनात्मक अभिव्यक्ति प्रार्दुभाव भएको त्यस्तो राष्ट्रहरूमा लाभ पनि प्रवाह हुने सुनिश्चित हुन्छ। यसको अतिरिक्त, बर्न महासन्धिको पालना गरे वापत उपलब्ध हुने लाभपनि सम्बन्धित अधिकारको सम्बन्धमा पनि बराबर लागु हुन्छ । जुन राष्ट्रले बौद्धिक

सम्पतिको अधिकारलाई संरक्षण प्रदान गर्ने गर्दछ त्यस्ता राष्ट्रले त्यस्ता अधिकारले असर गर्ने सामाग्री र सेवाका अन्तराष्ट्रिय व्यापारमा सहभागी हुने संभावना पनि बढी हुन्छ । दुरसंचार र कम्प्युटर संरचनाको "सञ्जाल"को कारणले विकसित र विकासोन्मुख सवैराष्ट्रहरूको आर्थिक क्षेत्रमा अन्तराष्ट्रिय लगानीको वृद्धि तिव्र हुदै जान्छ । बौद्धिक सम्पतिको अधिकारको संरक्षणको सन्र्दभमा न्यून व्यवस्था भएका र कुनै राजनीतिक प्रतिबद्वता नजनाउने भएका राष्ट्रहरू वैदेशिक लगानी प्राप्तीमा पछि पर्नेछन । तर्सथ सम्बन्धित अधिकारको महासन्धिकोसम्मीलन पनि बर्न महासन्धिकोसम्मीलन जस्तै एउटा भविष्य को लागि सकरात्मक पाइला हो ।

## II. दुई WIPO ँइन्टरनेट सन्धिः

## १. परिचय

७३. बर्न महासन्धिको परिमार्जन पछिल्लो पटक सन १९७१ मा पेरिसमा भएको थियो र १९६१ मा सम्बन्धित अधिकार क्षेत्रको रोम महासन्धि ।

७४. प्राविधिक र व्यापारिक विकास र अभ्यास (जस्तै कि पूनमुद्रण, फोटोकपी र छापाई सम्बन्धी प्रविधिहरू) home taping, भू उपग्रह प्रसारण, केबुल टेलिभिजन जस्ता कार्य सम्पन्न गर्नको लागि भिडियो प्रविधि,सघन श्रव्य (compact audio) र श्रव्यदृश्य (Video) क्यासेट प्रणालीले सजिलो पारेको छ र साथै कम्पुटर प्रोग्रामको महत्वमा वृद्धि हुनको साथै कम्पुटरद्वारा सिर्जित कार्य र तथ्याङ्क र डिजिटल प्रसारण प्रणाली (जस्तै ईन्टरनेट) ले कार्यको सृजनालाई निकै प्रभावित गरेकोछ र यस्ले प्रस्तुतिहरू र ध्वनी अकंनमा गरिएकासंगीत आदिलाई कसरी प्रयोग र वितरण गर्ने भन्ने बारे सजिलो तुल्याएकोछ । यो सबै प्राविधिक र व्यापारिक विकास र अभ्यासको प्रतिफल हो ।

७५. १९८० को अन्ततीर नवीन र बन्धनकारी अन्तराष्ट्रिय मान्यताको खांचो रहेको महशुस गरियो र त्यस सम्बन्धमा WIPO मा प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारको क्षेत्रमा नया दस्तावेज तयार गर्ने कार्य प्रारम्भ भयो ।

७६. प्रारम्भीक कार्य गर्दाको अवस्थामा, प्रचलित मान्यतालाई स्पष्ट परेर र डिजिटल प्रविधि खास गरीकन ईन्टरनेटले उठाएको प्रश्नको उत्तर खोज्दै नया मान्यता सहितको दास्तावेज तयार पार्ने र कार्य नै मस्यौदा समितीले सबै भन्दा महत्वपुर्ण र जरूरी कार्य गरेको थियो ।यी सन्र्दभहरूलाई सम्बोधन गरिएको समाधानका विषयवस्तुहरूलाई संयुक्त रूपमा "डिजिटल एजेन्डा" भनी सम्बोधन गरिएको थियो ।

७७. फलत १९९६ डिसेम्बर २ देखि २०सम्ममा सम्पन्न भएको कुटनैतिकसम्मेलनमा WIPO Copyright Treaty (WCT) र WIPO Performances and

Phonograms Treaty (WPPT) दुई वटा सन्धिहरू परित भए ।

७८. जनवरी २०१२सम्ममा WCT मा ८९ सदस्य रहेका छन भने WPPT मा पनि ८९ सदस्य रेहका छन (जसमा संयुक्त राज्य अमेरिका र युरोपीयन संघ पनि समावेश छन )।

७९. यो खण्डमा WCT र WPPT को सारभूत व्यवस्थाहरूको बारेमा सांराशमा विवेचना गरिएकोछ । पहिले दुवै सन्धिमा समानान्तर रूपमा रहेको सारभूत व्यवस्थाहरूलाई संक्षेपीकरण गरिनेछ र त्यस पश्चात प्रत्येक सन्धिमा रहेको सार्थक सारभूत व्यबस्थाहरूको विवेचना गरिएकोछ ।

## १. समानान्तर व्यवस्थाहरू

८०. सन्धिहरूले आफुमा निहित रहेको व्यवस्थाले प्रत्यक्ष रूपमा "अंगिक एजेन्डा" लाई सम्बोधन गरेकोछ जुन यस प्रकार छ :

(१) डिजिटल प्रणालीमा भण्डारण गरेको कार्यलाई पुर्न उत्पादन गर्ने अधिकारको प्रयोग,

(२) डिजिटल वातावरणमा लागु हुने सीमा र अपवाद,

(३) संरक्षणका प्रावीधिक उपायहरू, र

(४) सुचना व्यवस्थापन अधिकार ।

## क. पुनउत्पादन गर्ने अधिकार

८१. WCT ले बर्न महासन्धिको धारा ९मा एउटा प्रसंग समावेश गरी रचयिताहरूलाई पुर्नउत्पादन गर्ने अधिकार प्रदान गरेकोछ (WCT को धारा १) । WPPT ले प्रस्तोता र ध्वनि अंकन उत्पादकहरूलाई पुर्न उत्पादनको अधिकार प्रदान गरेकोछ (धारा ७ र ११)

८२. डिजिटल वातावरणमा पुर्नउत्पादनको अधिकारको क्षेत्रको विषय संन्धि मस्यौदा गर्दाको अवस्थामा धेरै नै विवाद उब्जाएको थियो जस्लाई सन्धिभित्र समावेश गरिएको छैन । तथापि, कुटनैतिकसम्मेलनमा पारित गरिएको सहमतिय वक्तब्य (Agreed statement) ले पुनउत्पादनको अधिकार डिजिटल माध्यममा पनि लागु हुन्छ भनी स्पष्ट पारिएकोछ र साथै त्यस्ता अधिकारमा पनि ग्राह्य सिमा र अपवाद पनि कायम हुन्छ भनी स्पष्टिकरण दिईएकोछ । बर्न महासन्धि र WPPT मा रहेको सार्न्दभिक धाराहरू बमोजिम पनि विद्युतिय माध्यममा भण्डारण गरेको कार्य पनि पुनउत्पादनको क्षेत्र भित्र पर्दछ भनी सहमतिय वक्तब्यले पुष्टि गरेकोछ ।

### ख. अन्तरक्रियात्मक प्रशारण, मागमा आधारित संजालमा लागु हुने अधिकारहरू

८३. रचयिता, प्रस्तोता र ध्वनि अंकन उत्पादकहरूलाई आफ्नो कार्य, रेकर्ड गरिएको प्रस्तुती र ध्वनि अंकनको अन्लाईन प्रसारण गर्न र गराउन अनुमती दिन सक्ने अधिकार WCT र WPPT ले प्रदान गरेको पाईन्छ र सायद योनै WCT र WPPT को सबै भन्दा सार्थक योगदान रहेको छ ।

८४. रचयिता, प्रस्तोता र ध्वनी अंकन उत्पादकहरूलाई निम्न सर्वाअधिकार प्रदान गर्नु पर्दछ भन्ने मान्यता राखेको पाईन्छ । ती अधिकारहरू हुन: आफ्नो कार्य सर्वसुलभ गराउने, स्थिरिकरण गरिएको प्रस्तुतीको ध्वनिअंकन  तारयुक्त वा तार रहित माध्यमबाट सर्वसाधारणलाई त्यस्ता कार्य, प्रस्तुती र ध्वनी अंकन आफुले चाहेको स्थान र समयमा  पहुच दिने  (त्यो हो अन्तरक्रियात्मक, "मागेको बखत सेवा")

८५. WPPT ले "सर्वसाधारणलाई उपलब्ध गराउने अधिकार" को व्यवस्था गरेकोछ भने WCT ले यो व्यवस्थालाई सर्वसाधारणलाई संचार गर्ने साधारण अधिकारमा समावेश गरेको पाईन्छ । कुटनैतिकसम्मेलनमा छलफल हुँदाको बखत, संभ्कौताका पक्षधरहरूले वितरणको अधिकारको माध्यममा सर्वाधिकारको रूपमा "सर्वसाधारणलाई उपलब्ध गराउने" अधिकार दिनु पर्ने कुरा उल्लेख भएको थियो । (किनकी मागेको बखत डिजिटल प्रसारण, कार्यका प्रतिलीपीहरू, प्रस्तुती र ध्वनी अंकनहरू कम्पुटर द्वारा यसरी उपलब्ध हुन्छकी सर्वसाधारणहरूले संचार हुँदाको बखत यस्ता कार्य, प्रस्तुती र ध्वनी अंकनलाई ग्रहण सक्ने अवस्था हँदैन तर त्यस्को प्रतिलीपी प्राप्त भए पछि मात्र हुन्छ )

८६. WCT;ग सम्बन्धित रहेको सहमतिय बक्तब्यले निम्न कुराहरू व्यक्त गरेको पाईन्छ : यस्ता संचारलाई उपलब्ध गराउने वा सामर्थ्य तुल्याउनको लागि कुनै भौतिक सुविधाको व्यवस्था मात्रैले WCT वा  बर्न महासन्धिले व्यबस्था गरेको संचारको अर्थ समेटन पर्याप्त हुँदैन । तथापी, यस्ले सहायक दायित्वको आधारमा पहुँच र सेवा प्रदायकलाई दायित्ववाछ बञ्चित गर्दैन । WPPT मा पनि यहीनै लागु हुन्छ तथापी पछिल्लोमा यस्तो सहमतिय वक्तव्य भने रहेको छैन ।

### ग. वितरणको अधिकारहरू

८७. WCT को धारा ६ (१) ले रचयिताहरूलाई निवारक अधिकार प्रदान गरेकोछ । यो अधिकारद्वारा निजहरूले आफ्नो मौलिक कृती तथा त्यस्को प्रतिलिपिहरू विक्री गरी वा स्वामित्वको हस्तान्तरण द्वारा सर्वसाधारणलाई उपलब्ध गराउन सक्नेछ । यो वितरणको एउटा निवारक अधिकार हो ।  बर्न महासन्धि अर्न्तगत यस्तो अधिकार चलचित्र सम्बन्धी कार्यहरूको लागि मात्र प्रदान गरिएकोछ र TRIPS सम्भ्कौताले वितरणको अधिकार प्रदान गरेको पाईँदैन । धारा ६ (२) ले संभ्कौताका पक्षहरूलाई कुनै पनि प्रकारको निकास (चाहे त्यो राष्ट्रिय, क्षेत्रयवा अन्तराष्ट्रिय

निकास किन न होस) छनौट गर्ने अभिभारा प्रदान गर्दैन र वास्तवमा यसले यस्ता निकासका विषय वस्तुलाई सम्बोधन पनि गर्न दिदैन ।

८८. प्रस्तोता र ध्वनी अंकन उत्पादकहरूलाई वितरणको लागि यस्तै प्रकारको निवारक अधिकार प्रदान गरेको पाईन्छ (WPPT को धारा ८ र १२ )

### घ. बाहालको अधिकार

८९. WCT (धारा ७ मा) ले कम्पुटर प्रोग्राम, चलचित्र सम्बन्धी कार्यको लागि व्यापारिक रूपमा बाहालमा दिने अधिकारको व्यवस्था गरेको पाईन्छ र राष्ट्रिय कानूनले निर्धारण गरे बमोजिम तथा धारा ७ (२) र (३) मा रहेको केही अपबादको अधिनमा रहेर ध्वनी अंकन समाविष्ट गरिएका कार्यहरूलाई पनि यो अधिकार प्रदान गरेकोछ। साविकको व्यवस्थाले यदि त्यस्तो कम्पुटर प्रोग्राम आफैमा बाहालकोलागि विषयवस्तु भित्र पर्दैन भने त्यस अवस्थामा बाहाल अधिकार कम्पुटर प्रोग्राममा लागुहुने छैन भन्ने उल्लेख थियो । यसै गरेर यो व्यवस्था त्यस्ता चलचित्र सम्बन्धी कार्यमा पनि लागु हुनेछैन जब व्यापारिक रूपमा बाहाल दिनाले त्यस्ता कार्यको प्रतिलिपि बनाई पुर्न उत्पादनको निवारक अधिकारलाई वस्तुगत रूपमा क्षती पुर्‍याउदछ । दोस्रो व्यवस्था चलचित्र सम्बन्धी कार्य सित सम्बन्धित रहेको छ र यसले निम्न व्यवस्था गरेको पाईन्छ : यदि कुनै राष्ट्रले अप्रेल १५, १९९४ मा बाहालको सम्बन्धमा निवारक अधिकारको सट्टा न्यायोचित पारितोषीकको प्रणालीलाई निरन्तरता प्रदान गरेकोछ भने त्यस्ता राष्ट्रहरूले त्यो प्रणालीलाई निरन्तरता दिन सक्नेछ (त्यस्ता कार्यले वस्तुगत रूपमा पुर्नउत्पादनको अधिकारलाई छती पुरयाउन्दैन भन्ने शर्त रहेको हुनु पर्छ ) । (यो व्यवस्थाको प्रादुर्भाव TRIPS सम्झौतामा रहेको छ जस्लाई सो मितीमा WTO प्रणालीको एउटा अंगको रूपमा ग्रहण गरिएको थियो ) ।

९०. WPPT ले व्यापारिक बाहालको निवारक अधिकार निम्न अवस्थामा प्रदान गरेको पाईन्छ : पहिलो राष्ट्रिय कानूनले निर्धारण गरे बमोजिम यदि उनीहरूको प्रस्तुती ध्वनी अंकनमा अंकित रहेको छ भने प्रस्तोताहरूलाई र दोस्रो (धारा ९ र १३) भए ध्वनी अंकन उत्पादकहरूलाई । यस्तै न्यायोचित पारितोषिकको प्रणालीलाई कायम गर्ने सम्भाव्यता WCT मा पनि रहेको पाईन्छ ।

### ङ. सिमा र अपवादहरू

९१. बर्न महासन्धिको धारा ९ ले व्यवस्था गरे अनुसार "तीन चरणको परिक्षण" WCT को धारा १० र WPPT को धारा १६ मा सवै प्रकारका अधिकारहरूको सिमा र अपबादहरू निर्धारण गर्नको लागि समावेश गरेको पाईन्छ ।

९२. WCT र WPPT मा संलग्न सहमतयवक्तव्यले बर्न महासन्धि बमोजिम लागु भएको सिमा र अपबाद डिजिटल वातावरणमा पनि विस्तार गर्न सकिनेछ भनी

व्यवस्था गरेको पाईन्छ । यस्को अतिरिक्त, पक्षधर राज्यहरूले डिजिटल वातावरण अनुकुल नया अपवाद र सिमा तयार गर्न सक्नेछ । प्रचलित सिमा र अपवादको विस्तार वा नया सिमा र अपबादको सृजना तब मात्र लागु हुन्छ जब त्यो “तीन चरण परिक्षण” को आधारमा पनि स्विकार्य हुन्छ ।

**च. प्राविधिक संरक्षणका उपायहरू र सुचना व्यवस्थापन अधिकारहरू**

९३. यी दुई सन्धिको तर्जुमा गर्दा डिजिटल वातावरणमा कुनै पनि कार्यको डिजिटल प्रयोगको हकमा कुनै नया अधिकार प्रभावकारी हुनको लागि संरक्षणका प्राविधिक उपायहरू र अधिकार व्यवस्थापन सुचनाको अधिकार सम्बन्धी प्रावधानको सहयोग आवश्यक पर्दछ भन्ने कुरालाई ध्यान दिइएको थियो । Encryption एउटा यस्तै प्राविधिक उपाय मध्येको उपाय हो । अधिकार व्यवस्थापन सुचना भन्नाले निम्न कुरालाई जनाउदछ : त्यस्तो सुचना जस्ले कार्य वा संरक्षित विषय वस्तुको पहिचान गर्दछ, रचयिता वा अधिकारको धनी र /वा प्रयोगसंग सम्बन्धी निर्धारित शर्त बन्देजको सुचना र कुनै यस्ता तत्वहरू जुन प्रतिलिपिसंग सम्लग्न रहन्छ वा सर्वसाधारणको लागि संचार गर्ने कुरासंग सम्बन्धित हुन्छ ।

९४. यसै सन्दर्भमा, सन्धिहरूले पक्षधर राज्यहरूलाई रचयिताहरू, प्रस्तोता र ध्वनी अंकन उत्पादकहरूको सन्दर्भमा निजहरूको रचना, प्रस्तुती र ध्वनीअंकनको अधिकारको संरक्षणको लागि व्यबस्था गरिएका उपायहरूको प्रवंचनाहरू (Circumventions) विरूद्ध प्रयाप्त कानूनी सुरक्षा र प्रभावकारी उपचारको व्यबस्था गर्नु पर्ने बाध्यकारी प्रवधान राखेको छ । (संरक्षणका उपायहरू निम्न हुन सक्दछन : “प्रतिलीपी - संरक्षण” वा “प्रतिलिपि - व्यवस्थापन” प्रणाली जसमा प्राविधिक उपायहरू समावेश भएका हुन्छन जस्ले प्रतिलिपि बनाउनमा पुर्णरूपले रोक्दछ वा त्यस्ता प्रतिलीपीको गुणस्तर सारै न्युन हुन्छ जस्ले गर्दा त्यो प्रयोगहिन हुन्छ) यो व्यवस्था WCT को धारा ११ र WPPT को धारा १८ मा व्यवस्थित छ ।

९५. जाहासम्म अधिकारको व्यवस्थापन सुचनाको सम्बन्ध रहेकोछ, त्यस्मा केही निश्चित अवस्थामा अधिकारको सुचना व्यवस्थापनको परिवर्तन, तोडमोड र यस सम्बन्धी निश्चित कार्य (WCT को धारा १२ र WPPT को धारा १९) विरूद्ब पर्याप्त उपचार प्रदान गर्नु पर्दछ भनी सन्धिहरूले पक्षधर राज्यहरूलाई बाध्यकारी बनाएको छ ।

**छ. कार्यान्वयन**

९६. WCT र WPPT दुबैमा एउटै प्रकारका कार्यान्वयनका व्यवस्थाहरू (धारा १४ र २३) रहेको पाईन्छ। यी व्यवस्थाहरू सामान्य प्रकृतिका छन जसमा पक्षधर मुलुकहरूलाई सन्धिहरूको प्रयोगको सुनिश्चिता गर्न आवश्यक उपायहरू अवलम्बन गर्नै पर्ने बनाएकोछ।

**ज. प्रशासनिक र अन्तिम दफाहरू**

९७. WCT र WPPT दुबैमा उस्तै वा एकैनासको प्रशासनिक र अन्तिम दफाहरू राखेकाछन जुन सामान्यतया अन्य WIPO सन्धिहरूको दफाहरू अनुरूप छन्। कुनै पनि WIPO का सदस्य राज्य सन्धिको पक्षधर हुन सक्छन (यस्को अर्थ के रहेको छ भने औपचारिक दृष्टिकोण बाट बर्न महासन्धिको सदस्य हुँदैमा सम्मिलनको शर्त होइन तथापी WCT को पक्ष रहेका राष्ट्रहरूले त्यो महासन्धिको धारा १ देखि २१ र परिशिष्टको पनि पालना गर्नु पर्दछ )। यहा दुई वटा खास विशेषताहरूको उल्लेख गर्नु आवश्यक रहेको छ जुन निम्न छन : अन्तरसरकारी संस्थाहरू (Inter-governmental organisation) सन्धिको पक्षहुने सम्भाव्यता (२७ सदस्य राज्यहरू सदस्य भएको युरोपीयन संघ छन् दुई वटा सन्धिहरूको पक्ष रहेकाछन) रयी सन्धिहरू कार्यन्वयनमा आउनको लागि अत्याधिक सख्याले (३०) दस्तावेजको अनुमोदन वासम्मीलन गर्नु पर्दछ।

**३. WCT सित सम्बन्धित विशेष व्यवस्थाहरूः**

९८. WCT ले कम्पुटर प्रोग्रामलाई साहित्यिक कार्यको रूपमा संरक्षित हुने र तथ्याङ्कहरू प्रतिलिपि अधिकारजन्य कार्यको रूपमा संरक्षित हुने भनी पुष्टि गरेकोछ। WCT मा रहेको सान्दर्भिक व्यवस्थाहरूले बर्न महासन्धि र/वा TRIPS सम्झौतामा पुर्ववत रहेको व्यवस्थाहरूलाई स्पष्ट गरेको छ।

९९. फोटोग्राफी सम्बन्धी कार्यको हकमा WCT ले न्यनतम संरक्षण अवधि बढाएर ५० वर्ष पुर्‍याएकोछ। संझौताकारी पक्षहरूले बर्न महासन्धिको धारा ७ (४) अर्न्तगत यसको संरक्षणको अवधि २५ वर्ष प्रदान गर्ने व्यबस्थाको फाइदा नलिने भन्नेमा पनि सहमत भएका थिए।

**४. WPPT सित सम्बन्धित विषेश व्यबस्थाहरू**

१००. सामान्यतया WPPT ले पनि TRIPS सम्झौताले प्रस्तोता र ध्वनी अंकन उत्पादकहरूलाई प्रदान गर्ने सरह नै संरक्षण प्रदान गर्दछ। स्मरण रहोसकी WPPT अर्न्तगत प्रस्तोताको अधिकारको सुरक्षाको दायरा केवल प्रत्यक्ष श्रवणिय प्रस्तुती (live aural performance) र ध्वनी अंकनमा अंकित प्रस्तुतीको हकमा लागु हुन्छ

तर प्रत्यक्ष प्रस्तुतीको सर्वसाधारणको लागि  प्रसारण र संचार गर्ने अधिकारको हकमा लागु हुँदैन । यो सवै प्रस्तुतीहरूमा लागु हुने गरी विस्तार गरिएको छ ।

१०१. तथापी, अन्तराष्टिय तहमा पहिलो पटक प्रस्तोताहरूलाई नैतिक अधिकार प्रदान गरेको छ । (WPPTको धारा ५) ।

१०२. TRIPS भन्दा बढी कुरा, रोम महासन्धिको धारा १२ जस्तै WPPT को धारा १५ ले प्रस्तोता र ध्वनी अंकन उत्पादकहरूलाई ध्वनी अंकनको प्रसारण र संचार गरे वापत पारीतोषकको अधिकार प्रदान गरेकोछ र रोम महासन्धि अंर्तगत यस अधिकार लागु नगर्ने गरी आरक्षण गर्न सक्ने सम्भाव्यता पनि प्रदान गरेको पाईन्छ । रोम महासन्धिको धारा १६ जस्तै पक्षधर राज्यहरूले धारा १५ (३) अर्न्तगत, धारा १५ लाई आंशिक वा पुरै रूपमा आरक्षित गर्न सक्ने व्यबस्था गरेकोछ ।  डिजिटल क्षेत्रको सन्दर्भ उठेको प्रश्नलाई धारा १५ ले पुर्ण रूपमा  समाधान गर्ने गरी प्रतिनिधित्व गर्न सक्दैन भनी सहमतयबक्तव्यमा उल्लेख भएको पाईन्छ ।

१०३. नयां सन्धिहरूको महत्वपुर्ण विषेशता के रहेको छ भने तिनीहरूले डिजिटल वातावर णको लागि नया मापदण्ड निर्धारण गर्ने व्यवस्था समावेश गरेकोछ । विस्तारित विश्वव्यापी सुचना संजालमा आफुलाई स्थापित गर्न धेरै राष्ट्रले सन्धिको सदस्यता लिनेछन भन्ने आशा गरिएको छ ।

## IV. प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारलाई निर्देशीत गर्ने अन्य दस्तावेजहरू

१०४. आजकल उल्लेखित बहुपक्षीय सन्धिहरू र महासन्धिहरूले मात्र प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारहरूको अन्तराष्ट्रिय पक्षहरू संचालित छैन । प्रतिलिपि अधिकार सहित बौद्धिक सम्पतिका विषय वस्तुहरू  बहुसंख्यक (सवै राज्य नभई दुई भन्दा बढी राज्य बिच मात्र), क्षेत्रिय वा दुई पक्षीय (जस्तै कि स्वतन्त्र व्यापार सम्झौताहरूमा (FTAs) समावेश हुन थालेकोछ र यस सम्बन्धी वार्ताहरू अन्तर सरकारी संस्थाहरू भन्दा बाहिर नै  हुन थालेकोछ । क्षेत्रिय सम्झौताहरूका उदाहरणहरू लिन पर्दा Andean समुदायका राष्ट्रहरू (बोलिभिया, कोलम्बीया, इक्वेडर, र पेरू) र युरोपीयन संघवाट जारी नियम तथा निर्देशिकाद्वारा स्थापित बौद्धिक सम्पति सामान्य मापदण्डहरूलाई लिन सकिन्छ । धेरै जसो अवस्थामा बौद्धिक सम्पतिका प्रावधानहरू क्षेत्रिया व्यापार सम्झौताको एउटा अभिन्न अंगको रूपमा रहेको हुन्छ जस्तै कि क्यानडा , अमेरिका र मेक्सिको बीच रहेको उत्तर अमेरीकन स्वतन्त्र व्यापार सम्झौता (NAFTA) र अमेरीका र मध्य अमेरिकन राज्यहरू बीच रहेको मध्य अमेरिकन स्वतन्त्र व्यापार सम्झौता (CAFTA) आदि । एउटा विशेष महत्वपुर्ण तथ्य के रहेको छ भने प्राय बौद्धिक सम्पतिका दफाहरू द्विपक्षीय स्वतन्त्र व्यापार सम्झौताको अभिन्न अंगको रूपमा

रहेको हुन्छ र खास गरिकन अमेरीका वा युरोपियन संघ र विकासोन्मुख राष्ट्रहरूको बीच सम्झौताको सन्दर्भमा ।

## V. प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारहरूको क्षेत्रमा भएको नविन विकासहरू

१०५. प्राविधिक, सामाजिक र आर्थिक विकास निरन्तर रूपमा भई रहेको छ। यो सन्दर्भमा प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारले महत्वपुर्ण भुमिका निभाउदछ र यस्तै विकासको गती सित तालमेल मिलाउनको लागि राष्ट्रिय र अन्तराष्ट्रिय कानूनहरू क्रमशः संयोजन हुदै जानु पर्दछ । यस सन्दर्भमा धेरै जसो कार्यहरू WIPO मा सम्पादन भएकाछन् र खास गरिकन यस्ता कार्यहरू प्रतिलीपी अधिकार र सम्बन्धित अधिकार स्थायी समीती (SCCR) मा भएको पाइन्छ। यो समिती हालका वर्षहरूमा केही महत्वपुर्ण विकासमा सम्लग्न रहदै आएको पाईन्छ।

१०६. छलफलको एउटा क्षेत्र श्रव्य दृश्य प्रस्तोताको अधिकारको अर्थात अभिनय र अन्य प्रस्तुती गर्ने कलाकार जो चलचित्र र अन्य श्रव्य दृश्य उत्पादनको कार्यमा सहभागी हुन्छन तिनीहरूको अधिकारको विषयमा केन्द्रित छ। WPPT ले प्रस्तोता र ध्वनि अंकनमा स्थिरिकरण गरिएका प्रस्तुतिहरूलाई मात्र समेटेकोछ र यसले श्रव्य दृष्य उत्पादनहरूलाई छैन । स्थायी समितीको तैयारी बैठकको सिलसिलामा सन २००० मा एउटा कुटनैतिकसम्मेलन बोलाइएको थियो । त्यससम्मेलनमा सन्धिको अधिकांश व्यवस्थाहरूमा प्रारम्भिक सम्झौता भएको थियो तथापी प्रस्तोताबाट उत्पादकहरूमा अधिकारको हस्तान्तरणको सम्बन्धमा भने असफल रह्यो । यो विषयवस्तु जुन २०११सम्म अर्निणीत रहयो। अधिकारको हस्तान्तरणको व्यवस्थाको संम्बन्धमा SCCR का सदस्यहरू एउटा सहमतिमा पुगेका थिए र तिनीहरूले कुटनैतिकसम्मेलन पुन बोलाउनको लागि WIPO को साधारण सभालाई सिफारिस गरेका थिए र योसम्मेलन सन २०१२ मा सम्पन्न भएकोछ।

१०७. संकेत (Signal) को चोरी विश्वको धेरै जसो भागमा एउटा प्रमुख समस्याको रूपमा रहेको हुनाले प्रसारणकर्ताको अधिकारलाई समयअनुकुल परिमार्जन गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ । स्थायी समिती (SCCR) मा यस सम्बन्धी दस्तावेज मस्यौदा गर्ने काम सन १९९६ देखि प्रारम्भ भएको छ र विगतका केही वर्ष यता यसमा केही प्रगती हासिल भएको छ। तथापी, कुटनैतिकसम्मेलन कहिले बोलाउने भन्ने बारे एक मत हुन सकिरहेको छैन । केही विवादास्पद विषयहरू बाकी नै रहेकाछन । यस्ता विषयहरू केही राजनैतिक प्रकृतिका छन भने अन्य विषयहरू जस्तै प्रस्तावीत सम्झौताले पारम्परागत प्रसारणलाई मात्र अंगाल्नु पर्ने हो वा ‘web casting’ र ‘net casting’ लाई पनि अंगाल्नु पर्ने हो भन्ने जस्ता विषय वस्तु स्थायी समीतिको छलफलको विषय रहेको छ । स्थायी समितीको बैठकमा यो विषयमा छलफल जारी रहनेको छ।

१०८. रचयिताहरूको निवारक अधिकार र अन्य सामाजिक, व्यक्तिगत वा सार्वजनिक हितको बीच कसरी सन्तुलन कायम गर्ने भन्ने विषय पनि प्रतिलिपि अधिकार क्षेत्रको एउटा प्रमुख विषय वस्तु रहेको छ । नया प्रविधीहरूको विकास र विश्वभर ईन्टरनेटको प्रयोगको वृद्धिले गर्दा विभिन्न सरोकारवालाहरूको हितको सन्तुलनलाई पुन विचार गर्नु पर्ने आवश्यकता रहेको छ । सिमा र अपबाद अर्को विषय वस्तु रहेको छ जुन SCCR मा विचाराधीन रहेको छ । छलफल प्राय तीन प्रकारका सेवाग्राही वा क्रियाकलापहरूमा जस्तै असक्षम अर्थात छापा समाग्री पढन कमजोरी भएका व्यक्तिहरू र पुस्तकालय र अभिलेखालय र शैक्षिक कृयाकलापहरूमा केन्द्रित रहेको छ । यस छलफलमा केही प्रमुख मुद्दाहरू, अधिकार एवम् ज्ञान र सुचना (A2K) मा पहुँच को सम्बन्धमा केन्द्रित रहेको छ र विकासोन्मुख राष्ट्रहरूलाई शैक्षिक र अन्य उद्देश्यको लागि तैयार भएको सामाग्रीहरूको आवश्यकताको सहज पुर्ति कसरी निश्चीत गर्ने भन्ने रहेको छ ।

१०९. केही दशक यता पारम्परगत ज्ञान, पारम्परागत सांस्कृतिक अभिव्यक्ति (लोक कथा) र अनुवांशिक श्रोतको बौद्धिक सम्पत्तिको संरक्षणको विषयमा गम्भीर छलफल प्रारम्भ भएकोछ । यी विषय वस्तुहरू WTO भित्रको TRIPS परिषदमा पनि विचाराधिन रहेको छ तर यस्को मुख्य वार्ता WIPO को बौद्धिक सम्पति र अनुवांशिक श्रोत, पारम्परागत ज्ञान र लोक कथामा को अन्तर सरकारी समिती (IGC) मा छलफल चलि रहेको छ । यो विषयमा धरै कानूनी र राजनैतिक जटिलता रहेको छ र हालसम्म कुनै पनि अन्तराष्ट्रिय कानूनी प्रणालीको विद्यमानता नरहेको कारणले वार्ता पनि चुनौतीपुर्ण रहेको छ । हालसालै यी छलफलहरूमा केही प्रगती भएको पाईन्छ।

## VII. केही समापन टिप्पणीहरू

११०. पूर्ववर्ती अनुछेदहरूले प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारको अन्तराष्ट्रिय संरक्षणको कानूनी पक्षको बारेमा विवेचना गरेको थियो । यस्ता विषय रीष्ट्रिय कनुनहरू केही निश्चित राष्ट्रिय हितको जगेर्ना र रक्षा गर्नको लागि जारिहुने गर्दछ र त्यस्ता राष्ट्रिय कानूनले सिर्जनात्मक कार्यलाई प्रवर्द्धन गर्नको लागि सन्तुलित तरिकाबाट रचयिता र अन्य लाभान्वित हुनेहरूलाई निवारक अधिकार प्रदान गर्ने गर्दछ । यस्ता राष्ट्रिय विचारको अलावा, यो कानूनी हाँगोको अन्तराष्ट्रिय पक्षपनि उती नै महत्वपुर्ण रहेको छ । विभिन्न तरिका बाट यस्को महत्व रहेको छ ।

१११. पहिलो, अन्तराष्टिय महासन्धिहरूले सम्बन्धित क्षेत्रमा अन्तराष्ट्रिय संरक्षण प्रदान गर्ने गर्दछ । यसको आसय राष्ट्रिय सिर्जनाहरूले आर्थिक लाभ सहित अरू राष्ट्रहरूको बजारमा स्थान पाउन सक्दछ । अझ, हरेक राष्ट्र जुन अन्तराष्ट्रिय महासन्धिका पक्ष छन ती राष्ट्रमा विदेशीका कार्यहरू पनि संरक्षित हुन्छन र जसवाट अन्य कुराका अलावा राष्ट्रिय सिर्जनाहरूलाई कमसल र असुरक्षित

विदेशी सामाग्रीबाट हानि नोक्सानी हुनबाट जोगाउँछ ।

११२. अन्तराष्टिय संरक्षणको लाभ मुर्तरूपमा प्राप्त गर्नको लागि, सम्बन्धित देशहरूको कानून एकैनासको हुनुपर्दछ । बौद्धिक सम्पति कानूनको सामान्जस्यता युरोपीयन संघको जस्तै शाझा बजार (common market) मा मात्रै वाञ्छनिय नभई विश्वका सवै बजारका लागि यसको महत्त्व रहेको छ । यदि कानूनमा धेरै नै भिन्नता छ भने त्यस अवस्थामा त्यसले यो क्षेत्रमा रहेको व्यापारको प्रवाहलाई वाधा गर्न सक्दछ । प्रारम्भ देखीनै बर्न महासन्धिले राष्ट्रिय व्यबहारको आधारभुत सिदान्तलाई समावेश गरेको पाईन्छ। न्युनतम अधिकारको प्रत्याभुती प्रदान गरेकोछ र यस पछिका अन्य अन्तरीाष्ट्रिय सन्धिहरू निर्माण गर्ने आधार प्रदान गरेको छ । न्युनतम अधिकार व्यबस्थाले विभिन्न प्रतिलिपि अधिकारहरूलाई नजिक ल्याउनमा महत्वपुर्ण भुमिका खेलेकोछ र यसले बढी से बढी लाभ हुने गरी संरक्षणको सामान्य मापदण्ड स्थापना गरेकोछ । शारांसमा, बर्न महासन्धिले एउटा स्वस्थ, प्रभावकारी र विश्वसनयअन्तराष्ट्रिय संरक्षण प्रणालीको विकास गर्नमा महत्वपुर्ण भुमिका खेलेको तथ्यलाई भुल्न गर्न सकिदैन ।

११३. दुईटा ईन्टरनेट सन्धिहरूको स्थापनाको पनि प्रमुख महत्वको विषय रहेको छ । अघिल्लो शताब्दिको पछिल्लो खण्डमा ईन्टरनेटमा प्रतिलिपि अधिकारको संरक्षणको समाधान सुनिश्चित गर्नु पर्ने स्पष्ट आवश्यकता देखा परेको थियो । यी दुई सन्धिहरूमा अन्तराष्ट्रिय समुदायहरू सहमत हुनु नै एउटा महत्वपुर्ण उपलब्धि रहेको छ। सन्धिहरूले प्रदान गरेको स्पष्टीकरण, नया अधिकारको सृजना र प्राविधिक संरक्षणका उपायहरू र अधिकार व्यवस्थापन सुचना सम्बन्धी नियमहरू ईन्टरनेट लगायत सम्पूर्ण डिजिटल परिवेशमा प्रतिलीपी अधिकार र सम्बन्धित अधिकारको सरक्षणको लागि अपरिहार्य तत्वहरू हुन । यी सन्धिहरूका नियमहरू राष्ट्रिय कानूनमा समायोजन भए पछि सामन्जस्यता ल्याउछ र जसवाट सर्जिनात्मक कार्य र प्रस्तुतीहरूले ईन्टरनेटका माध्यमवाट पनि लाभ लिन सक्ने तुल्याएकोछ ।

११४. अन्तमा एउटा पक्ष याँहा उल्लेखनीयरहेको छ । WIPO मा अन्तराष्ट्रिय बौद्धिक सम्पत्तिको मापदण्डको सृजना गर्ने प्रकृया आफैमा समावेशी मुलक रहेको छ। सबै राष्ट्रहरू चाहे ती विकसित हुन वा विकासोन्मुख वा कुनै सरोकार समुह र नागरिक समाज जो सुकैले पनि छलफलमा सहभागी हुन सक्नेछन । यसले सबैको धारणा सुनिने र विचार गरिने प्रत्याभुती गर्दछ जुन नया प्रणालीको स्वीकृती र कार्यन्वयनको लागि महत्वपुर्णछ ।

## परिच्छेद ३

## नेपालको प्रतिलिपि अधिकार व्यबस्था

### विषयसूची

१. नेपालमा प्रतिलिपि अधिकार कानूनको ऐतिहासिक विकास
२. प्रतिलिपि अधिकार ऐन २००२ का महत्वपुर्ण विशेषताहरू
३. प्रतिलिपि अधिकारमा निहित रहेको निवारक अधिकारहरू
४. प्रतिलिपि अधिकारको धनी नेपालको प्रतिलिपि अधिकार व्यबस्था
प्रतिलीपी अधिकारको प्रारम्भिक धनी:
□रचनाको आर्थिक अधिकारको धनी□:
□आर्थिक अधिकार□:
नैतिक अधिकार
नेपालमा प्रतिलिपि अधिकार स्वामीत्व हस्तान्तरण वा अनुमति
५. नेपालमा प्रतिलीपी अधिकार संरक्षणको अवधि
६. प्रतिलीपी अधिकार ऐन २०५९ र तत्सम्बन्धित अधिकार (Related Rights)
प्रस्तोताका अधिकारहरू :
ध्वनिअंकन उत्पादकहरू
ध्वनी अंकन प्रयोग वापत मनासिब माफिकको पारिश्रमिक पाउने अधिकार
प्रसारण संस्थाको अधिकारको संरक्षण
७. प्रतिलिपि अधिकारका सिमा र अपवाद
८. प्रतिलिपि अधिकारको उल्लङ्घन र निकास
नेपालमा संरक्षित अधिकारहरूको उल्लङ्घन र दण्ड सजायको कानूनी प्रावधान
अनधिकार प्रतिलिपिहरूको पैठारीमा प्रतिबन्ध
संरक्षित अधिकारको उल्लङ्घन गरेमा दण्ड सजाय
अनधिकार प्रतिलिपि पैठारी गरेमा सजाय
रचना , ध्वनी अंकन प्रतिहरू र अन्य सामाग्री जफत र कब्जा
अनाधिकार प्रतिलिपिको पैठारी रोक्ने सम्बन्धी भंसार अधिकृतको अधिकार
कार्यविधि र अदालतको क्षेत्राधिकार
मुद्दाको हद म्याद :
नेपालमा अन्य सार्न्दभिक विधानहरू
नेपाल द्वारा अनुमोदन भएका अन्तराष्टिय सन्धिहरू

## १. नेपालमा प्रतिलिपि अधिकार कानूनको ऐतिहासिक विकास

कानुनले स्पष्ट र निर्दिष्ट रूपमा समाजमा रहेको सदस्यहरूको सम्बन्धको व्याख्या गर्दछ र यस्तो व्याख्याले कस्ता कृयाकलापहरू स्वीकार योग्यछन र कस्ता कृयाकलाप स्वीकार योग्य छैनन् भन्ने निर्धारित गर्दछ। यसो गर्नुको पछाडि व्यक्तिगत र समाजमा रहेको समुहहरू बिचको कृयाकलापमा न्युनतम समायोजन कायम गर्नको लागि हो । नवीनतम र फलदायी मार्ग र समस्याहरूको उत्पती भई रहेको र cybernetic, संचार र सुचनाको प्रविधि र कानूनी बाहुल्यताको गैर राज्य न्यायसितको सम्बन्धले परम्परागत स्थापीत कानूनलाई अमान्य तुल्याउदैछ । यसैको अनुसरणमा, प्रतिलिपि अधिकार ऐन २०५९ वि.सं. जारी भए पश्चात प्रतिलिपि अधिकार प्रणाली पुरानो भएको थियो ।

प्रतिलीपी अधिकारको व्यवस्था १८५४ (वि.सं. १९१०) को मुलुकी ऐन जारी हुदाको बेला देखी नै प्रारम्भ भएको थियो । मुलुकी ऐन विविधको महलको भाग ५ खण्ड ३१ र ३१ (क) ले प्रतिलीपी अधिकारको व्यवस्था गरेको पाईन्छ जसअनुसार कुनै पनि सामाग्रीको प्रकाशन गर्नु पुर्व गोर्खा भाषा प्रकाशन समितिको पुर्व स्वीकृती लिनु पर्ने थियो र त्यो समितीलाई प्रत्येक प्रकाशनको लागि नेपाली १ रूपैया देखि २० रूपैयासम्म लिई त्यस्तो प्रकाशनको दर्ता गर्ने अख्तियारी रहेको थियो । यसबाट रचयिताको स्वीकृती बिना निजको कार्यको नक्कल गर्न पाईदैनथ्यो । यदि नीजको प्रतीलीपी अधिकारमा अतिक्रमण भएमा दण्ड र क्षतीपुर्तिको पनि व्यवस्था थियो । राणा सरकारले सजिलै सित आफ्नो फाईदाको लागि मौलिक अधिकारहरूलाई प्रतिबन्ध गर्न सक्दथे ।

सन् १९६५ (वि.सं. २०२२) मा मात्रै प्रतिलिपि अधिकार ऐन जारी भएको थियो । प्रतिलीपी अधिकार ऐन १९६५ को पहिलो संसोधन सन् १९९७ (वि.स. २०५४) मा भएको थियो। प्रतिलीपी अधिकार ऐन १९६५ र सन् १९९७ को पहिलो संसोधित ऐनलाई प्रतिलीपी अधिकार ऐन २०५९ ले खारेज गरेकोछ । २०५९ मा प्रतिलिपि अधिकार ऐन जारी भए पछि नेपाल, बौद्धिक सम्पत्ति प्रणालीको एउटा महत्वपुर्ण युगमा प्रवेश गरेकोछ । यसले मौलिक र बौद्धिक रूपले प्रस्तुत गरीएको साहित्यिक र कालात्मक रचनाहरू जस्तै किताब , अनुच्छेद , पर्चा , पुस्तिका, नाटक , नाटय संगित, मुक चित्र र कुनै प्रस्तुती र प्रर्दशनको सिलसिलामा तैयार गरेको कुनै रचना , शब्द वा शब्द रहित सांगितिक रचना , श्रव्य दृष्य रचना , आर्किटेकचरल डिजाइन , चित्रकला , पेन्टीङ्ग, मुर्तिकला , काष्टकला, लिथोग्राफी , र आर्किटेक्चर सम्बन्धी अन्य रचनाहरू, फोटोजन्य रचना, प्रयोगात्मक कला सम्बन्धी रचना, उद्दरण, मानचित्र, योजना, भुगोल सम्बन्धी रचना, टोपोग्राफी, वैज्ञानिक लेख रचना, वैज्ञानिक रचना र कम्पुटर प्रोग्राम सम्वन्धि रचनाहरूलाई समावेश गरीएकोछ ।

## २. प्रतिलिपि अधिकार ऐन २००२ का महत्वपुर्ण विशेषताहरू

(क) रचयिता वा रचनाका धनिहरूको आर्थिक र नैतिक अधिकारहरू रचयिताको जीवनभर र निजको मृत्यु पश्चात मृत्यु भएको वर्षबाट ५० वर्षसम्मको लागि संरक्षीत हुनेछ ।

(ख) कुनै पनि कार्यको दर्ता अनिवार्य नहुने, प्रतिलिपि अधिकारको संरक्षणको लागि प्रतिलीपी अधिकार ऐन २०५९ ले स्वेच्छिक दर्ता प्रणालीको व्यवस्था गरेकोछ । [१]

(ग) उचित प्रयोगको प्रबन्ध अर्थात व्यक्तिगत उद्देश्य [२], अध्यापनको लागि पुनउत्पादन[३], पुस्तकालय र अभिलेखालयको लागि [४], सार्वजनिक सुचनाको लागि प्रसारण [५] गर्न छुट ।

(घ) कम्पुटर कार्य र अनुसन्धानात्मक कार्य समेत समावेश ।

(ङ) प्रतिलिपि अधिकार उलङ्घन मुद्दामा नेपाल सरकार वादी हुने व्यबश्था ।

(च) विश्व व्यापरसंगठनका (WTO) को सदस्य राष्ट्रका रचनाको पनि संरक्षण [६]

(छ) प्रतिलिपि अधिकार विचार, धर्म, समाचार, संचालन विधि, अवधाराणा, सिदान्त, अदालतको फैसला, प्रसासनिक निर्णय, लोक गीत, लोक कथा, उखान र सामान्य तथ्याङ्क[७] मा प्रतिलीपी अधिकारको संरक्षण प्राप्त नहुने

(ज) लिखित करार अर्न्तगत आर्थिक अधिकारको हस्तान्तरणको व्यवस्था रहेको छ । अधिकारको उल्लङ्घन भएमा जरिवानाा र कैदको सजाय व्यवस्था रहेको छ । [८]

(झ) प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना, रोयल्टी संकलन संस्थाको व्यवस्था आदि ।

## ३. प्रतिलिपि अधिकारमा निहित रहेको निवारक अधिकारहरू

प्रतिलिपि अधिकारले रचयिता र अन्य सृजनकर्ताहरूलाई केही निश्चित अधिकारको प्रत्याभुती गरेको हुन्छ जसबाट निजहरूले केही निश्चित समयको लागि आफ्नो रचनाको केही खास प्रयोग गर्न वा सो गर्न रोक लगाउन सक्नेछ । प्रतिलिपि अधिकार एउटा कानूनी अधिकार हो जुन केही अवधिको लागि हुन्छ जस अर्न्तगत अधिकारको धनीलाई आफ्नो रचना प्रकाशित गर्न, बेच्न, प्रसारण गर्न, सार्वजनिक प्रस्तुती गर्न र रचना पुरा वा त्यस्को केही अंश रेर्कड गराउन सक्ने अधिकार निहित रहेको हुन्छ । प्रतिलिपि अधिकार अर्न्तगतका निवारक अधिकार निम्नछन् :

---

1 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ५(१)

2 प्रतीलिपी अधिकार ऐन, २००२को दफा १६

3 प्रतीलिपी अधिकार ऐन, २००२को दफा १८

4 प्रतीलिपी अधिकार ऐन, २००२को दफा १९

5 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २०

6 प्रतीलिपी अधिकार ऐन, २००२को दफा १३ (सन २००५ मा संसोधित)

7 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ४

8 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २७

(क) पुर्नउत्पादनको अधिकार,

(ख) सार्वजनिक प्रस्तुतिकरणको अधिकार,

(ग) रेर्कडिङ्गको अधिकार

(घ) चलचित्र सम्बन्धी अधिकार,

(ङ) प्रसारणको अधिकार,

(च) अनुवाद र संयोजनको अधिकार,

(छ) नैतिक अधिकार

प्रतिलीपी अधिकार ऐन २०५९[9] ले प्रतिलिपि अधिकारको संरक्षणलाई यस प्रकार व्यवस्था गरेको पाईन्छः

(१) कुनै पनि रचनालाई प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुनेछ,

(२) देहायका कार्यलाई प्रतिलीपी अधिकारको संरक्षण प्राप्त हुनेछः अनुवाद, संयोजन, क्रमबद्व संयोजन र अन्य रचनाको रूपान्तरण वा परिर्वतन, रचनाकोसंग्रह, यन्त्रको सहायताले वा यंत्रको सहायता वेगर पढन सकिने गरी संकलन गरिएको तथ्याङ्क, लौकिक अभिव्यक्तिको संकलन । तथापी यस्ता रचनाहरूको संकलन तीनिहरूको छनौट वा विषय वस्तुको संयोजनाको आधारमा मौलिक हुनुपर्ने छ ।

दफा ४ को अधिनमा रहि रचनाको संबन्धमा देहाय बमोजिमको कार्य गर्न पाउने अधिकार रचयिता वा प्रतिलिपि अधिकारको धनीलाई प्रदान गरिएकोछः [10]

(क) रचनाको पुर्नउत्पादन गर्ने

(ख) रचनाको अनुवाद गर्ने

(ग) रचनाको परिमार्जन वा संसोधन गर्ने

(घ) रचनाको मुल र प्रतिलीपी सर्वसाधारणको लागि विक्रि वितरण वा बहालमा दिने,

(ङ) श्रव्य दृष्य रचना, ध्वनि अंकन समाविष्ट रचना, कम्पुटर प्रोग्राम, तथ्याङ्कमा आधारित वा ग्राफ स्वरूपमा रहेको सांगीतिक रचनाको आफुलाई प्राप्त अधिकार हस्तान्तरण गर्ने वा बाहालमा दिने,

(च) रचनाको सार्वजनिक प्रर्दशन गर्ने,

(छ) रचनाको प्रसारण गर्ने

---

9 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३

10 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ७

(ज) रचनाको प्रतिलिपि आयात गर्ने,

(झ) मुल रचना वा सो रचनाको प्रतिलिपिको सार्वजनिक प्रर्दशन गर्ने,

(ञ) रचनाको सार्वजनिक प्रस्तुती गर्ने,

(ट) रचनाको सार्वजनीक संचार गर्ने ।

## ४. प्रतिलिपि अधिकारको धनी

कुनै पनि रचनाको प्रतिलिपि अधिकारको धनी त्यो व्यक्ति हुन्छ जस्ले त्यस्तो कार्यको रचना गरेको हुन्छ अर्थात त्यो रचनाको रचयिता प्रतिलिपि अधिकारको धनी हुन्छ। रचनामाथि रचयिताको नैतिक अधिकार निहित रहेको हुन्छ। प्रतिलिपि अधिकारले प्रतिलीपी अधिकारको धनीको पुर्व स्वीकृती वा अनुमती बेगर निजको रचनाको प्रयोग गर्न पाउने छैन र प्रतिलिपि अधिकारले यस्ता कार्य गर्नबाट रोक लगाउँदछ। प्रतिलीपी अधिकार एक्लो अधिकार नभई अधिकारको पोको हो जुन स्वतन्त्र रूपमा प्रयोग हुन सक्दछ र रचनाको वर्गिकरणमा निर्भर गर्दछ।

**प्रतिलीपी अधिकारको प्रारम्भिक धनी**:

कुनै पनि रचयिताको रचना निजले उत्पादन गरेको रचनाको प्रकृतिमा निर्भर गर्दछ । कुनै पनि साहित्यिक, कलात्मक, सांगीतिक, आर्किटेक्चरल, नाटक संबन्धि रचनाका रचयिता नै त्यस्ता रचनाका सर्जक मानिन्छ। यदि कुनै रचयिताले आफ्नो पक्षमा कुनै कार्यको रचना गर्दछ भने त्यस्ता रचना माथि रहेको प्रतिलिपि अधिकारको धनी पनि रचयिता नै हुनेछ। सामुहिक रचनाको प्रतिलिपि अधिकारको धनी (encyclopedia, शब्दकोष, वार्षिक पुस्तक, पत्रिका नेपाली समाचार पत्र आादि ) त्यो व्यक्ति हुन्छ जस्ले त्यस्ता रचनाकोसंग्रह, सम्पादन र रचना व्यवस्थित गरेको हुन्छ। त्यस्तै सांगीतिक रचनाको पहिलो प्रतिलीपी अधिकारको धनी त्यस्ता रचना गर्ने रचयिता हुन्छ तर यदि त्यस्तो रचना कुनै करार अर्न्तगत रचना गरिएकोछ भने त्यस अवस्थामा नियुक्त गर्ने व्यक्ति त्यस्तो सांगीतिक रचनाको प्रतिलीपी अधिकारको प्रथम धनी हुन्छ । त्यसै गरि, कुनै पनि कलात्मक रचना (बुट्टा भर्ने, लिथोग्राफ, काष्टकला, मुद्रण र पेन्टीङ्ग) को प्रथम धनी रचना गर्ने व्यक्ति हुनेछ। यदि त्यस्ता व्यक्तिलाई कसैले नियुक्ति गरी त्यस्तो काममा लगाएकोछ भने त्यस अवस्थामा नियुक्ति गर्ने व्यक्तिनै प्रतिलीपी अधिकारको धनी हुनेछ। यदि कुनै करार भएको छैन भने आर्किटेकचरल डिजाइन र योजनाको हकमा प्रतिलिपि अधिकार शिल्पकारमा निहित रहन्छ र अन्यले त्यस्तो डिजाइनको प्रतिलिपि बनाउन सक्नेछैन । चलचित्र सम्बन्धी रचनाको हकमा प्रतिलिपि अधिकार उत्पादकमा निहित रहन्छ र ध्वनि अंकनको हकमा प्रतिलिपि अधिकारको स्वामीत्व उत्पादकमा निहित हुन्छ ।

"रचयिता" भन्नाले दफा २ को खण्ड (क) मा उल्लेखित रचना तयार गर्ने व्यक्ति संझनु पर्छ। [११] "प्रतिलिपि अधिकार धनी" भन्नाले कुनै रचनाको आर्थिक अधिकार रचयितामा निहित रहेको भए त्यस्तो रचयिता, रचयिता बाहेक अन्य कुनै व्यक्ति वा संस्थानमा मुल रूपमा आर्थिक अधिकार निहित रहेको भए त्यस्तो व्यक्ति वा संस्था र आर्थिक अधिकारको स्वामीत्व कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गरिएको भए त्यस्तो व्यक्ति वा संस्थालाई प्रतिलिपि अधिकारको धनी भनी सम्झनु पर्ने छ। [१२]

**"रचनाको आर्थिक अधिकारको धनी"**:

रचनाको आर्थिक अधिकारको धनी रचिएता हुन्छ। [१३] ऐनले देहायको अवस्थामा रचनाको आर्थिक अधिकार देहायको व्यक्ति वा संस्थामा हुन्छ भनी व्यवस्था गरेको पाईन्छ : [१४]

(क) संयुक्त रचनाको हकमा आफुले रचना गरेको प्रत्येक खण्डको लागि सम्बन्धित रचयितालाई आर्थिक अधिकार हुनेछ।

(ख) कुनै व्यक्ति वा संस्थाको सक्रियता वा निर्देशनमा संयुक्त रचना वा निर्देशनमा तैयार गरेको भए जस्को सक्रियाता वा निर्देशनमा त्यस्तो रचना तैयार भएको हो सो तैयार गराउने व्यक्ति वा संस्था।

(ग) कसैले पारिश्रमिक दिई कुनै रचना तैयार गर्न लगाएको भए त्यस्तो पारिश्रमिक दिने व्यक्ति वा संस्था।

(घ) वेनामी रचनाको हकमा रचिएता यो हो भन्ने प्रमाणित नहुन्जेल सो रचनाको प्रकाशक।

(ङ) करारमा अन्यथा उल्लेख गरिएको बाहेक श्रव्य दृष्य रचनाको हकमा त्यस्तो रचनाको उत्पादक।

सरकारद्वारा कुनै रचना तैयार गरिएकोछ भने त्यस अवस्थामा प्रतिलीपी अधिकारको धनी नेपाल सरकार हुने छ।

**"आर्थिक अधिकार"**:

11 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २ (ख)

12 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २ (ज)

13 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ६ (१)

14 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ६ (२)

रचनाको सम्बन्धमा देहायको कार्य गर्न पाउने अधिकार रचयिता वा प्रतिलीपी अधिकारको धनीलाई प्राप्त हुनेछ : [१५]

(क) रचनाको पुर्नउत्पादन गर्ने,

(ख) रचनाको अनुवाद गर्ने,

(ग) रचनाको परिमार्जन वा संसोधन गर्ने,

(घ) संयोजन लगायत रचनाको अन्य रूपान्तरण गर्ने,

(ङ) रचनाको मुल र प्रतिलिपि सर्वसाधारणको लागि बिक्री वितरण वा बाहालमा दिने,

(च) श्रब्य दृष्य रचना, ध्वनी अंकन समाविष्ट रचना, कम्पुटर कार्यक्रम, तथ्याङ्कमा आधारित वा ग्राफ स्वरूपमा रहेको सांगितिक रचनाको आफुलाई प्राप्त हक हस्तान्तरण गर्ने वा बाहालमा दिने,

(छ) रचनाको प्रतिलिपि आयात गर्ने,

(ज) मुल रचना वा सो रचनाको प्रतिलीपीको सार्वजनीक प्रर्दशन गर्ने,

(झ) रचनाको सार्वजनीक प्रस्तुती गर्ने,

(ञ) रचनाको प्रसारण गर्ने,

(ट) रचनाको सार्वजनिक संचार गर्ने ।

## नैतिक अधिकार

आर्थिक अधिकारको अलावा प्रतिलिपि अधिकारले रचयितालाई नैतिक अधिकार पनि प्रदान गरेकोछ । नैतिक अधिकारमा निम्न अधिकारहरू समावेश भएकाछन : पितृत्वको अधिकार, ईमान्दारीताको अधिकार, गलत आरोपन विरूद्धको अधिकार, गोपनियताको अधिकार [१६] । प्रतिलीपी अधिकार कानूनले रचयिताको नैतिक अधिकारको संरक्षण गर्दछ जस अर्न्तगत रचयिताले आफ्नो रचनाको स्वामित्वको दावा गर्न सक्नेछ र रचयिताको अधिकारमा कुनै हानि नोक्सानी हुन्छ भने त्यस्को विरूद्ध विरोध गर्न सक्नेछ । नैतिक अधिकारको संरक्षण प्रतिलीपी अधिकार ऐन २००२ को दफ ८ ले व्यवस्था गरेकोछ जसअनुसार रचिएतालाई निम्न नैतिक अधिकार प्रदान गरेकोछ :

(क) आफ्नो रचनाको प्रतिहरूमा वा आफ्नो रचना सार्वजनिक रूपमा प्रयोग गरिएमा त्यस्तो रचनामा आफ्नो नाम उल्लेख गर्न लगाउने,

(ख) आफ्नो रचनामा वास्तविक नाम उल्लेख नगरी छद्म नाम उल्लेख गरेको भएमा त्यस्तो रचनाको सार्वजनीक रूपमा प्रयोग गर्दा त्यस्तो छद्म नाम उल्लेख गर्न

---

15 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ७

16 Whiteford committee, 1977

लगाउने,

(ग) आफ्नो रचनालाई बङ्ग्याई वा विकृत रूपमा प्रस्तुत गरी निजले आर्जन गरेकोसम्मान वा ख्यातिलाई गिराउने जस्तो कार्य रोक्ने,

(घ) आफ्नो रचनामा आवश्यक संसोधन वा परिमार्जन गर्ने ।

## नेपालमा प्रतिलिपि अधिकार स्वामीत्व हस्तान्तरण वा अनुमति

प्रतिलीपी अधिकारको संरक्षण केही निश्चित अवधिको लागि प्रदान गरिन्छ र यस्तो संरक्षण मौलिक रचनालाई प्रदान गरिन्छ जुन मुर्तरूपमा अभिव्यक्त भएको हुन्छ । रचनाको कुनै पनि अंश प्रयोग गर्नको लागि प्रतिलीपी अधिकारको धनीको अनुमती प्राप्त गर्नु पर्दछ । प्रतिलीपी अधिकार कानून अर्न्तगतको अनुमती प्रतिलीपी अधिकारको धनीबाट प्राप्त हुने अनुमती हो । अनुमती प्राप्त भए पश्चात प्रतिलीपी अधिकारद्वारा संरक्षित केही अधिकारहरू अनुमती प्राप्त व्यक्तिले प्रयोग गर्न सक्नेछ । कुनै व्यक्तिले कुनै रचना, ध्वनी अंकन, प्रस्तुती वा प्रसारण स्वेच्छाले दर्ता गराउन चाहेमा रजिष्ट्रार समक्ष निवेदन दिई दर्ता गराउन सक्नेछ । [ज्ञठ] प्रतिलीपी अधिकार धनीले आफुलाई प्राप्त आर्थिक अधिकार मध्ये सबै वा केही अधिकार लिखित रूपमा सम्झौता गरी अरूलाई हस्तान्तरण गर्न वा कुनै शर्त तोकी वा नतोकी प्रयोग गर्न सक्नेछ । [ज्ञड] नैतिक अधिकार प्राप्त व्यक्तिले आफ्नो मृत्यु पछि लागु हुने गरी निजलाई प्राप्त नैतिक अधिकारको संरक्षणको लागि रचनामा आफ्नो नाम नहटाउने शर्त सहित लिखित रूपमा संझौता गरी कसैलाई हस्तान्तरण गर्न सक्नेछ । [ज्ञढ] प्रतिलीपी अधिकार ध्वनीबाट अधिकार हस्तान्तरण गरी लिने व्यक्तिले त्यसरी हस्तान्तरण गरी लिएको अधिकार बाहेक अन्य कुनै काम कार्यवाही गर्न पाउने छैन । अनुमती मंजुरीनामा तैयार गर्नको लागि करार ऐन १९९९ आर्कषित हुन सक्दछ ।

## ५. नेपालमा प्रतिलीपी अधिकार संरक्षणको अवधि

प्रतिलीपी अधिकार ऐन २०५९ [२०] अर्न्तगत प्रतिलीपी अधिकार संरक्षणको अवधि निम्न अनुसार छ :

(१) यस ऐन बमोजिम रचयितालाई प्राप्त अर्थिक र नैतिक अधिकार रचयिताको जिवनभर र निजको मृत्यु भएकोमा मृत्यु भएको वर्षबाट ५० वर्षसम्म संरक्षित हुनेछ,

(२) संयुक्त रूपमा तैयार गरिएको रचनाको आर्थिक र नैतिक अधिकारको हकमा

17 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ५ (२)

18 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २४ (१)

19 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २४ (२)

20 प्रतीलिपी अधिकार ऐन, २००२को दफा १४

रचयिताहरू मध्ये सबै भन्दा पछी मृत्यु हुने रचयिताको मृत्यु भएको वर्ष बाट ५० वर्षसम्म संरक्षित हुने छ,

(३) दफा ६ को उपदफा (२) को खण्ड (ख ) र (ग) बमोजिम तैयार गरिएको रचनाको आर्थिक र नैतिक अधिकार त्यस्तो रचना प्रथम पटक प्रकाशन भएको वा प्रथम पटक जन साधारण समक्ष ल्याइएको मिती मध्ये जुन पहिलो आउछ सो मितीबाट ५० वर्षसम्म संरक्षित हुनेछ ।

(४) बेनामी वा छद्‌म नामबाट प्रकाशित रचनाको आर्थिक तथा नैतिक अधिकार त्यस्तो रचना प्रथम पटक प्रकाशन भएको वा जनसाधारण समक्ष ल्याइएको मिती मध्ये जुन पहिलौ आउन्छ सो मितीबाट ५० वर्षसम्म संरक्षित हुनेछ । तर सो समय अवधिभित्र रचयिताको नाम प्रकाशनमा आएमा अवस्था हेरी उपदफा (१) वा (५) मा उल्लेखित संरक्षण प्राप्त हुनेछ

(५) व्यवाहारिक कला र फोटोजन्य रचनाको आर्थिक र नैतिक अधिकार त्यस्तो रचना तैयार भएको वर्ष बाट २५ वर्षसम्म संरक्षितहुनेछ । दफा १४ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै रचनाको रचयिता एउटै भए निजको र दुई वा दुई भन्दा बढि रचयिता भए ती मध्ये कुनै एकको मृत्यु भए पछि प्रकाशित रचनाको हकमा सो रचना प्रकाशन भएको वर्षबाट ५० वर्षसम्म संरक्षित हुनेछ । [२१]

## ६. प्रतिलीपी अधिकार ऐन २०५९ र तत्सम्बन्धित अधिकार (Related Rights)

तत्सम्बन्धित अधिकारहरू रोम महासन्धि (१९६१) पछि थपीएको हो । तीन प्रकारका अधिकारलाई "तत्सम्बन्धित अधिकार" भनी सम्बोधन गरिन्छ जुन यस प्रकार छन् :

(१) आफ्नो प्रस्तुतीमा त्यस्ता कलाकारको अधिकार,

(२) ध्वनि अंकनमा ध्वनि अंकनका उत्पादकहरूको अधिकार र

(३) रेडियो र टेलिभिजन प्रसारणमा प्रसारण संस्थाहरूको अधिकार ।

"**प्रस्तोता**" भन्नाले गायक,संगीतकार, नृत्यकार र अन्य कुनै व्यक्ति जस्ले गीत गाउदछ वा नाच प्रस्तुत गर्दछ वा नाटक मंचन गर्दछ वा त्यस्ता व्यक्ति जसले साहित्यिक र कलात्मक रचनाको प्रस्तुती गर्दछ वा लोक कथाको अभिव्यक्ति गर्दछ । [२२] "**ध्वनिअंकन**"ले त्यस्ता प्रस्तुतिलाई स्थिरिकरण (Fixation) गर्ने कार्यलाई जनाउदछ वा अर्थात ध्वनी र दृश्यालाई एकैसाथ अंकन गर्ने कार्य वाहेक सुन्नका लागि जुनसुकै तरिकावाट जुनसुकै माध्यममा अंकन गरिएको कुनै पनि प्रस्तुतिको ध्वनीअंकन भन्ने बुझ्नु पर्दछ ।यसै गरेर "**प्रसारण**" भन्नाले सार्वजनिक जानकारीको लागि रचनाको प्रदर्शन वा सञ्चार वा तारविहिन उपकरण वा भू(उपग्रहको माध्यमद्वारा गरिने श्रव्य वा श्रव्यदृश्य रचनाको

21 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ६

22 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २ (१)

प्रसारण भनेर प्रतिलिपि अधिकार ऐनले भनेको छ । रचनात्मक काम अर्थात प्रतिलिपि अधिकार भएका कार्यहरूलाई सर्वसाधारण समक्ष लैजाने प्रयोजनमायी व्यक्ति वा संस्थाले गर्ने काम, लगानी र सिर्जनशिलताको योगदान तथा महत्वलाई कदर गर्दै प्रतिलिपि अधिकार जन्य अधिकारको व्यबस्था गरेको पाईन्छ ।

**प्रस्तोताका अधिकारहरू** : [२३]

(क) आफ्नो प्रस्तुतीलाई प्रसारण वा संचार गरी जन समक्ष पुरयाउने,

(ख) आफ्नो प्रस्तुतीको प्रस्तुत गर्ने तौर तरिका वा माध्यमको निर्धारण गर्ने र पुर्नउत्पादन गर्ने,

(ग) आफ्नो प्रस्तुतीको प्रस्तुतिकरण वा त्यस्को प्रतिलीपीहरू बिक्री वा हस्तान्तरण गरी वा स्वामीत्व परिर्वतन गरी पहिलो पटक जन समक्ष पुऱ्याउने,

(घ) आफ्नो प्रस्तुतिको प्रतिलीपी भाडामा दिने,

(ङ) निर्धारित तौर तरिका वा माध्यमद्वारा उत्पादित प्रस्तुतिलाई तारयुक्त वा तारविहिन उपकरण मार्फत सर्व साधारण समक्ष सर्वसुलभ हुने गरी पुऱ्याउने,

(च) आफ्नो प्रस्तुतीलाई परिमार्जन वा संसोधन गर्ने । प्रस्तोतालाई प्राप्त अधिकार ध्वनि उपकरणमा समायोजन भएको वर्षबाट ५० वर्षसम्म र त्यसरी समायोजन नगरेको भए त्यस्तो प्रस्तुती भएको वर्षबाट ५० वर्षसम्म कायम रहनेछ । [२४]

**ध्वनिअंकन उत्पादकहरूलाई ऐनले निम्न अधिकार प्रदान गरेकोछ** : [२५]

(क) कुनै पनि तरिका वा स्वरूपमा ध्वनि अंकनको प्रत्यक्ष वा अप्रत्यक्ष रूपले पुर्नउत्पादन गर्ने,

(ख) ध्वनी अंकनको प्रतिलीपी आयात गर्ने,

(ग) ध्वनी अंकनको मुल प्रती वा प्रतिलिपिको बिक्री वा स्वामित्व हस्तान्तरणका अन्य तरिकाबाट त्यस्ता ध्वनि अंकन सर्वसुलभ गराउने,

(घ) सार्वजनिक रूपमा ध्वनि अंकनलाई भाडामा वा सापटि दिने,

(ङ) तारयुक्त वा तारविहिन उपकरणबाट ध्वनि अंकनलाई एउटै खास ठाउबाट वा आफुले चाहेको ठाउबाट वा जनसाधारण द्वारा श्रवण गर्न सक्ने बनाउने । यो अधिकारको अवधि त्यस्तो ध्वनि अंकन प्रकासन भएको वर्षबाट ५० वर्षसम्म कायम

---

23 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ९ (१)

24 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ९ (५)

25 प्रतीलिपी अधिकार ऐन, २००२को दफा १० (१)

रहनेछ । [26]

## ध्वनी अंकन प्रयोग वापत मनासिब माफिकको पारिश्रमिक पाउने अधिकार

व्यापारिक प्रयोजनकोलाई प्रकासन भएको कुनै ध्वनि अंकन वा त्यस्तो ध्वनि अंकनको पुर्नउत्पादित प्रतिलीपीलाई प्रसारण वा अन्य संचारको लागि सोझै प्रयोग गरी सार्वजनिक रूपमा जन समक्ष प्रस्तुत गरिएको भए सो वापत मनासिब माफिकको पारिश्रमिकको रकम उत्पादकले प्रयोगकर्ताबाट भुक्तानी पाउनेछ । [२७] उपदफा (१) बमोजिमको पारिश्रमिक प्राप्त गर्ने सम्बन्धमा प्रस्तोता र उत्पादक बीच सम्झौता भएकोमा सोही बमोजीम र सम्झौता नभएको अवस्थामा उत्पादकले प्राप्त गरेको आधा रकम प्रस्तोत्ताले पाउनेछ । [२८] उपदफा (१) बमोजिम मनासिब माफिकको पारिश्रमिक रकम पाउने अधिकार त्यस्तो ध्वनि अंकन प्रकाशन भएको वा ध्वनी अंकन समायोजन भएको वर्षबाट ५० वर्षसम्म कायम रहनेछ । [२९]

## प्रसारण संस्थाको अधिकारको संरक्षण

प्रतिलिपि अधिकार ऐनले प्रसारण संस्थालाई देहायको कार्य गर्न पाउने अधिकार प्रदान गरेकोछ : [३०]

(क) आफुले प्रसारण गरेको विषयलाई पुनः प्रसारण गर्ने,

(ख) आफ्नो प्रसारणलाई सर्वसाधारण समक्ष सर्वसुलभ हुने गरी संचार गर्ने,

(ग) आफ्नो प्रसारणको समायोजन गर्ने,

(घ) आफ्नो प्रसारणको समायोजनको पुन उत्पादन गर्ने । ऐन बमोजिमको यो अधिकार त्यस्तो प्रसारण शुरू भएको वर्षबाट ५० वर्षसम्म कायम रहनेछ । [३१]

## ७. प्रतिलिपि अधिकारका सिमा र अपवाद

प्रतिलिपि अधिकार ऐनले बर्न महासन्धिमा व्यबश्था भए झै केही सिमा र अपवादका प्रवधानहरू पनि राखेको पाईन्छ । जस अनुसार केही खास प्रयोजनका लागि अरूको रचना वा अधिकारयुक्त सामाग्रीहरू प्रयोग गर्दा प्रतिलिपि अधिकार धनकिो स्विकृती लिन नपर्ने

26 प्रतीलिपी अधिकार ऐन, २००२को दफा १० (२)

27 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ११ (१)

28 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ११ (२)

29 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ११ (३)

30 प्रतीलिपी अधिकार ऐन, २००२को दफा १२ (१)

31 प्रतीलिपी अधिकार ऐन, २००२को दफा १२ (२)

वा उचित क्षतिपूर्ति सर्वासाधारणलाई जानकारी गराउने उद्देश्यले पुर्नउत्पादन, प्रसारण र अन्य किसीमको संचार गर्न पाईने खालका व्यबस्था बारे याहाँ उल्लेख गरिएको छ : ३२

व्यक्तिगत प्रयोजनका लागि कुनै प्रकाशित रचनाको केही भाग पुनरूत्पादन गर्न पाईने प्रावधान दफा १६ मा गरिएको छ । यसो गर्दा स्विकृती लि नपर्ने भएता पनि प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर पर्ने गरी भने पाईदैन । यसै गरेर दफा १७ मा प्रकाशित रचनाको केही अंश सत्कार्यको लागि उद्दरण गर्न पाईने व्याबस्था छ। यसा पनि प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर पार्न पाईदैन र उद्दरण गरिएको रचनाको श्रोत र त्यस्तो रचनाको रचयिताको नाम समेत उल्लेख गर्नु पर्दछ । पठनपाठन तथा कक्षामा हुने शैक्षिक प्रयोजनको लागि पनि उद्दरण, लेखन वा श्रव्यदृश्यको सहायताद्वारा कुनै प्रकाशित रचनाको छोटो भाग पुनरूत्पादन गर्न, प्रदर्शन, र प्रशारण गर्न पाईन्छ। यसो गर्दा पनि रचनाको स्रोत र रचयिताको नाम उल्लेख गर्न पर्ने सर्त अनिवार्य गरिएको छ । पुस्तकालय तथा अभिलेखालयले कुनै पनि किसिमले आर्थिक लाभ नलिई शोध वा अध्ययन गर्ने व्यक्तिको अनुरोधमा आफुसंग रहेको रचना उपलव्ध गराउने सार्वजनिक पुस्तकालय वा अभिलेखालयले आफुसंग रहेको कुनै रचना हराए वा नष्ट भए वा पुरानो भएमा वा त्यस्तो रचना प्राप्त गर्न नसकिने भएमा स्विकृती विना एक प्रती पुनरूत्पादन गर्न पाईने व्यबस्था पनि दफा १९ मा छ । दफा ७ को खण्ड (क), (झ) र (ञ) मा जुन सुकै कुरा लेखिएको भएता पनि रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमती बिना कुनै रचनाको श्रोत र रचयिताको नाम उल्लेख गरी देहायका काम गर्न पाईन्छ : [33]

(क) कुनै समाचार पत्र वा पत्र पत्रिकामा छापिएको लेख, राजनैतिक वा धार्मिक शिर्षकको लेख वा यस्तै प्रकृतिको प्रसारणलाई कुनै समाचार पत्र वा पत्र पत्रिकामा छाप्न वा सर्वसाधारणलाई प्रसारण गर्न वा अन्य किसिमको प्रसारण गर्ने तर रचयिता वा प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकुल असर पुऱ्याउन पाईनेछैन,

(ख) कुनै ताजा घटनाका सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुनउत्पादन गर्ने, प्रसारण वा अन्य किसीमको संचार गर्न वा कुनै घटनालाई पुष्टी गर्ने,

(ग) ताजा सुचना प्रवाह गर्ने उद्देश्यले सर्वसाधारण समक्ष प्रस्तुत गरिएको वा अदालती कार्यवाही सम्बन्धमा गरिएको बहस कुनै समाचार पत्र वा नियमीत रूपमा प्रकासन हुने पत्रिकाको केही अंश पुर्नउत्पादन गर्ने, प्रसारण गर्ने वा अन्य सार्वजनिक संचार गर्ने । रचयिताले नै पुर्नउत्पादन, प्रसारण र अन्य किसिमको संचार गर्न नपाईने भनी उल्लेख गरेको रहेछ भने त्यस्तो अवस्थामा पुर्न उत्पादन, प्रसारण

32 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २०

33 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २० (१)

र अन्य किसिमको संचार गर्न पाईनेछैन ।[34] राष्ट्रिय प्रसारण ऐन १९९२ (२०४९)[35] को अनुमती बेगर कसैले पनि प्रसारण कार्यक्रम संचालन गर्न पाउने छैन । नेपाल भित्र कुनै ठाउमा स्याटलाइट, केबुल वा अन्य संचार माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न वा frequency modulation प्रसारण प्रणालीको स्थापना गरी शिक्षाप्रद, मनोरंजनात्मक तथा समाचारमुलक कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वासंगठित संस्थाले नेपाल सरकार समक्ष निवेदन दिनु पर्नेछ ।[36] नेपाल सरकारले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गरी निवेदकलाई तोकिएको शर्त पालना गर्ने गरी प्रसारण गर्न इजाजत पत्र दिन सक्नेछ ।

## ८. प्रतिलिपि अधिकारको उल्लङ्घन र निकास

नेपालले अभियोजन प्रणलीलाई अवलम्बन गर्दछ र सरकारी मुद्दा सम्बन्धी ऐनले प्रतिवादी प्रणालीलाई मान्यता प्रदान गरेकोछ । कुनै पनि अपराधको अनुसन्धानको जिम्मेवारी प्रहरीमा निहित रहेको छ भने त्यस्को अभियोजन सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ बमोजिम सरकारी अभियोजनकर्तालाई प्रदान गरेकोछ । प्रतिलीपी अधिकार ऐन २०५९ ले प्रतिलीपी अधिकारको उल्लङ्घनलाई सरकारी मुद्दा सरह मान्यता प्रदान गरेकोछ र यस्ता मुद्दाहरू सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ मा व्यवस्थित गरेको पाईन्छ । यस्ता मुद्दाहरूमा बादीले प्रहरी कार्यालयमा जाहेरी दर्खास्त दिनु पर्ने हुन्छ र यो ऐन अर्न्तगतको मुद्दाको अनुसन्धान र तहकिकात कम्तिमा प्रहरी निरीक्षकले गर्नेछ ।[37]

प्रतिलिपि अधिकार कानूनले रचनाको धनीलाई अधिकारको बिटो प्रदान गरेको हुन्छ जसबाट उनिहरूलाई आफ्नो रचनाको पुर्नउत्पादन गर्न र अन्य कार्य गर्ने अधिकार निहित रहेको हुन्छ र यस्तो अधिकारको प्रयोगबाट त्यस्ता धनिहरूलाई आर्थिक लाभ प्राप्त हुन्छ । यदि कुनै रचनाको सन्दर्भमा कुनै अमुक व्यक्तिले धनीको अनुमती बिना वा प्रतिलिपि अधिकार कानून अर्न्तगत रहेको अख्तियार प्राप्त निकायबाट अनुमती नलिई कुनै कार्य गरेमा त्यस्ता कार्यले प्रतिलिपि अधिकारको उल्लङ्घन भएको मानिनेछ । प्रतिलिपि अधिकार निश्चित अवधिको लागि प्रदान गरिन्छ र प्रायजसो राष्ट्रहरूले प्रतिलिपि अधिकार संरक्षणको अवधि निर्धारण गरेको पाईन्छ अर्थात त्यस्तो संरक्षण रचयिताको जीवनभर र त्यस्तो प्रकासन भएको मितिबाट निजको मृत्यु पश्चात ५० वर्षसम्मको लागि कायम रहन्छ । यदि प्रतिलिपि अधिकार संरक्षणको अवधि समाप्त भए पश्चत कसैले त्यस्तो रचनाको पुर्नउत्पादन गरेमा वा त्यस्तो अन्य कार्य गरेमा त्यस्तो कार्य उल्लङ्घनको दायरा भित्र पर्दैन । प्रतिलिपि अधिकार साम्पती अधिकार हो र यस्तो अधिकारको उल्लङ्घन भएमा कार्यवाही योग्य हुन्छ । सिर्जनात्मक रचनाहरू धेरै प्रकारका हुन्छन जस्तै साहित्यिक

34 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २० (२)

35 राष्ट्रिय प्रसारण ऐन १९९२ को दफा ५

36 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३७

37 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३७

रचना , कलात्मक रचना, नाटकिय रचना, चलचित्र सम्बन्धी रचना, कम्पुटर सफ्टवेयर, आर्किटेक्चरल रचना सांगितिक रचना आादि र रचनाको प्रकृतिको आधारमा उल्लङ्घन निर्भर गर्ने गर्दछ ।

## नेपालमा संरक्षित अधिकारहरूको उल्लङ्घन र दण्ड सजायको कानूनी प्रावधान

ऐनको दफा २५ ले कस्ता कार्य गरेमा संरक्षित अधिकार उल्लङ्घन भएको मानिनेछ भनी व्यवस्था गरेको पाईन्छ । यो ऐन [३८] अर्न्तगत देहायको कार्य गरेमा संरक्षित अधिकार उल्लङ्घन गरेको मानिनेछ : (क) रचिएता वा प्रतिलिपि अधिकार धनीको अनुमती प्राप्त नगरी वा अनुमती प्राप्त गरेको भएता पनि सम्झौता वा अनुमती पत्रमा उल्लेख भएको शर्तको उल्लङ्घन गरी आर्थिक लाभ उठाई वा नउठाई व्यापारिक वा अन्य कुनै उद्देश्यले आफ्नो हक नपुग्ने रचना वा ध्वनी अंकनको प्रतिलीपीहरू उत्पादन गरी विक्री वितरण वा सार्वजनीक संचार गरेमा वा भाडामा दिएमा, (ख) अर्काको रचनाले आर्जित गरेको प्रतिष्ठाको फाइदा उठाउने नियतले त्यस्तो रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गरेमा, (ग) अर्काको रचनाको स्वरूप वा भाषाको माध्यम परिर्वतन गरी आर्थिक लाभ उठाउने उद्देश्यले अर्कै विषय वा प्रकृतिको रचना निर्माण गरेमा, (घ) विज्ञापन वा अन्य कुनै माध्यबाट दर्शक वा श्रोता वा पाठकलाई अर्कै रचना हो भन्ने भान पार्ने नियतले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले कुनै कुरा निर्माण वा तैयार गरी फायदा उठाउने प्रयत्न गरेमा, (ङ) अनधिकृत पुर्नउत्पादन गर्न हतोत्साहित गर्न गरिएको व्यवस्थालाई असफल गराउने उद्देश्य राखि तैयार गरिएको उपकरण वा माध्यमको आयात, उत्पादन वा भाडामा दिने कार्य गरेमा, (च) सांकेतिक भाषा गोप्य रूपमा encrypt गरी प्रसारण गरिएको कार्यक्रमलाई अनधिकृत रूपमा हेर्न मद्दत गर्ने उपकरण बिक्री गर्ने उद्देश्यले उत्पादन वा आयात गर्ने कार्य गरेमा, (छ) खण्ड (ङ) र (च) मा उल्लेख भए बाहेक प्रतिलिपि अधिकार उल्लङ्घन गर्ने उद्देश्यले मात्र तयार गरिएको यान्त्रिक उपकरण आयात, विक्री वितरण तथा प्रयोग गरेमा । कसैलेयी प्रवधानको उल्लङ्घन गरी कुनै रचना वा ध्वनी अंकन प्रकाशन गरेको कुरा थाहा पाउदा पाउदै वा विश्वास गर्ने पर्याप्त कारण हुदा हुदै त्यसरी प्रकाशन गरीएका रचनाका प्रतिहरू एवम् ध्वनी अंकनका प्रतिहरू बिक्री वितरण वा बाहालमा दिनुहुदैन । [३९]

## अनधिकार प्रतिलिपिहरूको पैठारीमा प्रतिबन्ध

प्रतिलिपि अधिकार सम्बन्धी सन्धि सम्झौताहरूले यी अधिकारको सुरक्षाको लागि सिमामा र भंसारमा पनि नियन्त्रणको व्यबस्था गरिनु पर्दछ भन्ने प्रावधानहरू राखेको पाईन्छ यसै अनुसार प्रतिलिपि अधिकार ऐनले पनि नेपालभित्र अनाधिकृत प्रकाशन ठहरीने

38 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २५ (१)

39 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २५ (२)

कुनै रचना वा ध्वनि अंकनको प्रतिलिपिहरू बिदेशमा तैयार गरी वा अन्य कुनै तरिकाले प्राप्त गरी व्यापारिक प्रयोजनको लागि पैठारीमा प्रतिबन्ध गरेकोछ । [४०]

## संरक्षित अधिकारको उल्ल□न गरेमा दण्ड सजाय

कसैले दफा २५ उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घन गर्ने व्यक्तिलाई कसुरको मात्रा (यदि त्यस्तो कार्य जानाजानी वा लापरवाही र नाफा कमाउने उद्देश्य) अनुसार १० हजार रूपैया देखि १ लाख रूपैयासम्म जरिवानाा वा ६ महिनासम्म कैद वा दुबै सजाय हुनेछ र दोस्रो पटक देखि पटकै पीछे २० हजार रूपैया देखि २ लाख रूपैयासम्म जरिवानाा वा १ वर्षसम्म कैद वा दुबै सजाए हुनेछ । त्यसरी प्रकाशन वा पुर्नउत्पादन गरेको वा वितरण गरेको वा पुर्नउत्पादन गर्न प्रयोग गरिएको सामाग्रीहरू जफत हुनेछ । [४१]

## अनधिकार प्रतिलिपि पैठारी गरेमा सजाय

कसैले दफ २६ उल्लङ्घन गरी कुनै रचनाको अनधिकार प्रतिलीपी पैठारी गरेमा त्यस्तो प्रतिलीपीहरू जफत गरी निजलाई कसुरको मात्रा अनुसार १० हजार रूपैया देखि १ लाख रूपैयासम्म जरिवाना हुनेछ र प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो पैठारीबाट भएको नोक्सानीको क्षतीपुर्ती समेत सो पैठारी गर्ने व्यक्तिबाट भराई दिनु पर्नेछ । [४२] अन्य साजयः कसैले यो ऐन र यस ऐन अर्न्तगत बनाएको नियममा लेखिएको अन्य कुनै कुरा उल्लङ्घन गरेमा कसुरको मात्रा अनुसार ५ हजार देखि ५० हजार रूपैयासम्म जरिवानाा हुनेछ । [४३]

## रचना , ध्वनी अंकन प्रतिहरू र अन्य सामाग्री जफत र कब्जा

(१) कसैले पनि प्रतिलिपि अधिकार उल्लङ्घन हुने अर्थात ऐनको दफा २५ विपरीत कुनै रचना वा ध्वनी अंकनको प्रकासन वा पुर्न उत्पादन गरेको वा गर्न लागेको शंखा लागेमा कसुर तहकिकात गर्ने प्रहरी कर्मचारी समक्ष उजुरी दिएमा सो प्रहरी कर्मचारीले त्यस्तो रचना वा ध्वनी अंकनका प्रतिहरू विक्री वितरण हुन नदिनको लागि आवश्यक व्यवस्था गर्नेछ र आवश्यक भएमा त्यस्तो रचना वा ध्वनी अंकनको प्रतिहरू प्रचलित कानून बमोजिम खानतलाशी गरी कब्जामा लिने सक्नेछ । [४४] खानतलाशी गरी कब्जा लिदा त्यस्तो रचना वा ध्वनी अंकनका प्रतिहरू प्रकाशन वा पुर्नउत्पादन गर्न प्रयोग गरिएका यन्त्र उपकरण औजार लगायतका सामाग्रीहरू

---

40 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २६

41 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २७ (१)

42 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २८

43 प्रतीलिपी अधिकार ऐन, २००२को दफा २९

44 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३२ (१)

समेत कब्जामा लिन सक्नेछ । [४५] यस ऐन अर्न्तगतको मुद्दाको अनुसन्धान र तहकिकात कम्तिमा प्रहरी निरीक्षकले गर्नेछ ।[४६] यसरी कब्जा गरिएको रचना र ध्वनी अंकनका प्रतिहरू अदालतबाट मुद्दा किनारा हुँदा जफत हुने ठहरीएमा जिल्ला प्रसाशन कार्यले र स्थानिय निकायका प्रतिनीधिको रोहवरमा मुचुल्का गरी नष्ट गर्नु पर्नेछ । [४७]

## अनाधिकार प्रतिलिपिको पैठारी रोक्ने सम्बन्धी भंसार अधिकृतको अधिकार [४८]

दफा २६ उल्लङ्घन गरी कसैले नेपालभित्र अनाधिकार प्रतिलीपी सामाग्री पैठारी गर्न लागेको छ भन्ने शंका लागेमा त्यस्तो सामाग्रीको पैठारीमा रोक लगाउन भंसार अधिकृत समक्ष निवेदन दिने सक्नेछ । [४९] निवेदन प्राप्त भएमा भन्सार अधिकृले आवश्यक जाँचबुझ गर्दा निवेदकको माग मनासिब देखिन आएमा निजले पैठारी हुन लागेको सामाग्रीलाई एक पटकमा १० कार्य दिन गरी बढीमा २० कार्य दिनसम्म रोक लगाउन सक्नेछ। [५०] उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि भंसार अधिकृतले अनधिकार प्रतिलीपीको सामाग्री पैठारी गर्न लागेको थाहा पाएमा वा शंका लागेमा त्यस्तो सामाग्रीलाई एक पटकमा १० कार्यदिन गरी बढीमा २० कार्य दिनसम्म रोक लगाउन सक्नेछ । [५१] अनाधिकार प्रतिलिपिको पैठारी रोक्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ । [५२]

## कार्यविधि र अदालतको क्षेत्राधिकार

यस ऐन अर्न्तगत सजाय हुने मुद्दाको कार्यवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ । [५३] यस ऐन अर्न्तगतको मुद्दाको कार्यवाही र किनारा गर्दा संक्षिप्त कार्य विधि ऐन १९७१ (२०२८ वि.स.) बमोजिमको कार्यविधि अपनाईनेछ। [५४] यस ऐन बमोजिम उजुरीको कार्यवाही र किनारा गर्ने सिलसिलामा सम्बन्धित पक्षको निवेदन

---

45 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३२ (२)
46 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३७ (२)
47 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३३
48 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३४
49 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३४ (१)
50 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३४ (२)
51 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३४ (३)
52 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३४ (४)
53 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३५ (१)
54 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३५ (२)

माग बमोजिम जिल्ला अदालतले यस ऐन विपरीतको कुनै काम कार्यावाही तत्कालै रोक्न मनासिब ठहरीएमा सम्बन्धित व्यक्ति वा निकायलाई त्यस्तो काम कार्यावाही रोक्का गर्न आदेश दिन सक्नेछ। [५५] यस ऐन अर्न्तगत सजाय हुने मुद्दामा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा सरकरी मुद्दा सम्बन्धी ऐन १९९२ (वि.स.२०४९) को अनुसुचि १ मा परेको मानिनेछ। [५६]

### मुद्दाको हद म्याद :

यस ऐन अर्न्तगतको कुनै संरक्षित अधिकार उल्लङ्घन भएमा सो भएको थाहा पाएको मितीले ३ महीना भित्र उजुरी दिनु पर्नेछ। [५७]

### नेपालमा अन्य सार्न्दभिक विधानहरू

नेपालमा बौद्धिक सम्पतिहरूलाई नियमित गर्ने प्रचलित कानूनहरू निम्न अनुसार छन : विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन, निर्यात आयात (नियन्त्रण) ऐन, मुलुकी ऐन अर्न्तगत चोरी र ठगीको महल, राष्टिय प्रसारण ऐन, १९९२, दुर संचार ऐन १९९७, नेपाल विज्ञान र प्रविधी प्रतिष्ठान ऐन १९९१, संक्षिप्त कार्यविधि ऐन १९७१, नेपाल कृषि अनुसन्धान परिषद ऐन, नेपाल प्रज्ञा प्रतिष्ठान ऐन १९७१, सरकारी मुद्दा सम्बन्धी ऐन १९९२, भन्सार ऐन १९९६, र जग्गा नाप जाच ऐन (सातौ संसोधन) १९९२

### नेपाल द्वारा अनुमोदन भएका अन्तराष्टिय सन्धिहरू

अन्तराष्ट्रिय स्तरमा प्रतिलिपि अधिकार संरक्षण  बर्न महासन्धिको (१८८६) हस्ताक्षर पश्चात प्रारम्भ भएको थियो जुन साहित्यिक र कलात्मक रचनाको संरक्षणको लागि भएको थियो। यस महासन्धिलाई पेरिस ऐन १९७१ ले परिमार्जन गरेको थियो। त्यस पश्चात अरू महासन्धिहरू र सन्धिहरू जस्तै विश्वव्यापी प्रतिलीपी अधिकार महासन्धि (UCC) १९५२ मा आएको थियो जुन १९७१ मा शंसोधन भएको थियो। प्रस्तोता र ध्वनी अंकन उत्पादक र प्रसारण संस्थाको संरक्षणको लागि रोम महासन्धि  (१९६१), ध्वनी अंकन उत्पादकहरूको ध्वनी अंकनको अनधिकृत नक्कल विरूद्धको संरक्षणको सर्न्दभमा जेनेभा महासन्धि (१९७१) मा आएको थियो, व्यापारसंग सम्बन्धित बौद्धिक सम्पत्ति सम्भौता (TRIPS), (१९९४) मा, WIPO प्रतिलिपि अधिकार सन्धि १९९६, WIPO प्रस्तुती र ध्वनी अंकन सन्धि १९९६ मा आएको थियो । बर्न महासन्धि र पेरिस महासन्धि जस्ता बहुपक्षयबौद्धिक सम्पति सम्बन्धी सन्धिहरू विश्व बौद्धिक सम्पतिसंगठन

---

55 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३६

56 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३७ (१)

57 प्रतीलिपी अधिकार ऐन, २००२को दफा ३८

(WIPO) र TRIPS सम्झौता जुन WTO को अङ्गको रूपमा रहेको छ । केही युनेष्को र loको संयोगबाट नियमित भएकोछ । प्रतिलीपी अधिकार र सम्बन्धित अधिकारहरू बर्न महासन्धि, रोम महासन्धि १९६१, TRIPS सम्झौता १९९४, WIPO प्रतिलिपि अधिकार सन्धि (WCT), WIPO प्रस्तुती र ध्वनी अंकन सन्धि (WPPT) , भूउपग्रहद्वारा प्रसारण हुने कार्यक्रमको वितरणसंग सम्बन्धित ब्रसेल्स महासन्धि १९९७ [५८] जस्ता अन्तराष्ट्रिय सन्धि महासन्धिहरूवाट व्यबस्थित हुने गर्दछ ।

१. नेपालले विश्व बौदिक सम्पत्तिसंगठन (WIPO) स्थापना सम्बन्धी महासन्धि, १९६७ को फेब्रवरी ४ १९९७ मासम्मीलन गरेको थियो ।

२. नेपालले बर्न महासन्धिलाई जनवरी ११, २००६ मासम्मीलन गरेको थियो

३. नेपाल विश्व व्यापारसंगठनको सदस्य अप्रेल २३, २००४सम्मीलनको प्रक्रियाद्वारा सदस्य बनेको थियो र नेपालले सदस्यता सम्बन्धी सम्झौतामा वर्णित दायित्वहरूको पालना गर्नु पर्नेछ ।

58 डा. बहादुर मुखिया, तुल्नात्मक विधि शास्त्र, मालती र तम्न( ना, काठमाण्डौ, नेपाल, ३४९ (अक्टोबर २०११)

# परिच्छेद ४

## नेपालमा सामुहिक व्यवस्थापन संस्था

**विषयसूची**

१. रोयल्टी संकलन संस्थाहरू

२. रोयल्टी संकलन संस्था सम्बन्धी व्यवस्थाहरू :

३. रोयल्टी संकलन संस्थाको काम , कर्तव्य र अधिकारहरू

## नेपालमा सामुहिक व्यवस्थापन संस्था

### १. रोयल्टी संकलन संस्थाहरू

प्रतिलिपि अधिकार ऐन २०५९ मा रोयल्टी संकलन संस्थाको व्यवस्था रहेको छ । अहिले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा तिनवटा रोयल्टी संकलन संस्था हरू दर्ता रहेकाछन ।संगीत रोयल्टी संकलन समाज नेपाल नामक संस्था गीतकार रसंगीतकारहरूसंग सम्बन्धित संस्था हो जुन २०६४ मा स्थापना भएको हो ।संगीतको सार्वजनिक प्रयोगकर्ता जस्तै रेडियो र टेलिभिजनसंग यो संस्थाले रोयल्टीको सम्झौता गर्ने प्रक्रियामा रहेको छ। विदेशी रोयल्टी संकलन संस्थासित पारस्परिक सम्झौता सम्पन्न गर्नमा यो संस्थाले कही प्रगती हासिल गरेकोछ। प्रस्तोता समाज नेपाल । अर्को रोयल्टी संकलन संस्था हो जस्ले गायक र प्रस्तोताहरूको प्रतिनिधित्व गर्दछ र यो २०६७ सालमा वैधानीक रूपबाट स्थापीत भएको हो। हालैसंगीत उत्पादक समाज नामक संस्था पनि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता भएको छ ।संगीत उत्पादक समाजले ध्वनीअंकन उत्पादकहरूको पैतिलिपि अधिकार व्यबस्थापन गर्ने उद्देश्य राखेको छ। यस्ले लेखक, प्रकाशक, फोटोग्राफर, चित्रकला आदि मुद्रीत विधिवाट पुनरूत्पादन हुने विधामा पनि रोयल्टी संकलन संस्थाको स्थापनाको लागि पहल भै रहेको छ। नेपालको रोयल्टी संकलन संस्थाहरूलाई हुर्काउनको लागि आर्थिक र प्राविधीक सहयोगको अत्यन्त जरूरी रहेको छ । हाल नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, विश्व वौद्धिक सम्पतिसंगठन र नर्वेजियन प्रतिलिपि अधिकार सहयोग संस्थाले केही सहयोग पनि जारी राखेको छ । पतिलिपि अधिकारको कार्यान्वयन र व्यबस्थापनका लागि रोयल्टी संकलन संस्थाहरूको भूमिका अती नै महत्वपूर्ण हुन्छ ।

### २. रोयल्टी संकलन संस्था सम्बन्धी ब्यवस्थाहरू :

१. प्रतिलीपी अधिकार संबन्धि रचनाको रोयल्टी निर्धारण गर्ने, संकलन गर्ने, वितरण गर्ने प्रयोजनको लागि सामान्तया एउटा विद्यामा एउटा रोयल्टी संक्लन संस्था गठन हुनेछ ।

२. रोयल्टी संकलन संस्था रजिष्ट्रार समक्ष तोकीएको ढाँचामा निवेदन दिई दर्ता गराउनु पर्नेछ ।

३. रोयल्टी संकलन संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित रसंगठित संस्था हुनेछ ।

४. रोयल्टी संकलन संस्थाको सबै काम कार्यावाहीको निम्ति आफ्नो छुट्टै छाप हुनेछ ।

५ रोयल्टी संकलन संस्थाले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने, बेच विखन गर्ने वा अन्य किसिमले व्यवस्था गर्न र व्यक्ति सरह नालिस उजुर गर्न एवं सोही नामबाट नालीस उजुर लाग्न सक्नेछ ।

६. नेपाल सरकारले रोयल्टी संकलन संस्थाले पालना गर्नु पर्ने शर्त तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु रोयल्टी संकलन संस्थाको कर्तव्य हुनेछ ।

### ३. रोयल्टी संकलन संस्थाको काम , कर्तव्य र अधिकारहरू

प्रतिलिपि अधिकार नियमावली २०६१ अर्न्तगत रोयल्टी संकलन संस्थाको मुख्य काम , कर्तव्य र अधिकारहरू निम्न रहेकाछन :

१. सम्बन्धित विद्याका रचयितालाई सदस्यता प्रदान गर्ने,

२. रचयिता वा प्रतिलिपि अधिकार संरक्षित कार्यको धनीलाई प्रदान गर्ने रोयल्टीको निर्धारण गर्ने,

३. रोयल्टीको संकलन र वितरण सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्ने,

४. रचना प्रयोग गरे वापत रोयल्टी संकलन गर्ने र रचयिता वा प्रतिलीपी अधिकारको धनीलाई त्यस्तो रोयल्टी वितरण गर्ने,

५. रजिष्ट्रार र आफ्नो सदस्य समक्ष आफ्नो संस्थाको गतिविधि र प्रगती प्रतिवेदन पेशण गर्ने ।

# परिच्छेद ५

## नेपालमा प्रतिलिपि अधिकार सचेतना कार्यक्रमहरू

नेपालमा प्रतिलिपि अधिकार सम्बन्धी जनचेता सारै नै थोरैछ। प्रतिलीपी अधिकारका धनी, रचयिता र प्रयोगकर्ताहरूमा पनि प्रतिलीपी अधिकारको ज्ञानको स्तर न्युन रहेको छ। प्रतिलीपी अधिकार ऐन पहिलो पटक वि.सं.२०२२ मा जारी भएता पनि, सम्बन्धित व्यक्तिहरू त्यस्को महत्वको बारेमा अनभिज्ञ रहेका थिए। प्रतिलीपी अधिकार र सम्बन्धित अधिकारको बारेमा जनचेतना जगाउने कार्यक्रम वा गतिविधिहरू पनि त्यती मात्रामा थिएन।

वि.सं.२०५९ मा नया प्रतिलिपि अधिकार ऐन लागु भयो र वि.सं.२०६१ मा नेपाल प्रतिलीपी अधिकार रजिष्ट्रारको कार्यलयको स्थापना भएको थियो। यसको स्थापनासंगै जन चेतना सम्बन्धी कार्यक्रमहरूको थालनी भएको थियो। कार्यालयले जन साधारण र सम्बन्धित व्यक्तिहरूलाई चेतना र ज्ञान दिलाउने हेतुले विभिन्न माध्यम र तरिकाबाट कार्यक्रमहरू संचालन गर्न थालेकोछ। नेपाल सरकारबाट प्राप्त सीमित श्रोत साधन र विश्व बौद्धिक सम्पतिसंगठनको सहयोगमा कार्यालयले देशभरी जन चेतना सम्बन्धी कार्यक्रम फैलाउन प्रयत्नशिल रहेको छ। प्रतिलीपी अधिकारसंग सम्बन्धित संस्था र निकायहरूले कार्यालयलाई आफ्नो कार्यक्रम कार्यन्वयन गराउनको लागि भरमजदुर सहयोग गरी रहेकाछन्। जनचेतना सम्बन्धी कार्यक्रमको प्रकृती र प्रकार यस प्रकार रहेको छ :

(१) नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारको सन्र्दभमा पर्चा पुस्तिका र सुचना मुलक पुस्तीकाहरू बनाई वितरण गरेकोछ। "सृजनात्मक कामको प्रबर्द्धन गरौ प्रतिलिपि अधिकारकोसम्मान गरौ" भन्ने नारा सहितको आर्कषक र कलात्मक पोष्टर बनाई प्रकाशनमा ल्याएकोछ।

(२) ईन्टरनेट जन साधारणलाई सुचनको प्रचार प्रसार गर्ने एउटा शक्तिशाली माध्यम भएकोछ। कार्यालयले प्रतिलीपी अधिकार र सम्बन्धित अधिकारको विभिन्न पक्षको बारेमा सुचना संकलन गरी वेबपेजमा राखेकोछ। कार्यालयलको गतिविधि र समाचारहरू पनि यो वेबपेजमा प्रकाशित छ।

(३) "प्रतिलीपी अधिकार बुलेटिन" कार्यालयको अर्को एउटा महत्वपुर्ण प्रकाशन रहेको छ जुन हरेक ४ महिनामा प्रकाशित हुन्छ। विभिन्न कृयाकलाप र र्कायकमको समाचार र प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारको बारेमा ज्ञानवर्द्धक, शीपमुलक र चेतना मुलक सामाग्रीहरू यो बुलेटिनमा प्रकाशित हुन्छ। यस्को अलावा, ख्याती प्राप्त व्यक्तिद्वारा प्रतिलिपि अधिकार र बौद्धिक सम्पत्ति अधिकारको बारेमा लेखेका लेखहरूपनि यो बुलेटिनमा प्रकासित हुने गर्दछ।

(४) विद्युतिय संचार माध्यम जस्तैकी रेडियो र टेलिभिजन संचारको महत्वपुर्ण माध्यमहरू हुन। यो माध्यमबाट संचार भएका सुचनाहरू अरू माध्यम भन्दा प्रभावकारी हुन्छ। कार्यालयलले यी माध्यमद्वारा प्रतिलिपि अधिकार सम्बन्धी सुचनाहरू प्रवाह गरेको

पाईन्छ । श्रोत साधनको कमीले गर्दा कार्यालयले केही रेडियो र टेलिभिजनमा थोरै समयको लागि विज्ञापनहरू प्रसारण गर्ने गरेकोछ ।

(५) कार्यालयले आफ्नो शुरूवातकाल देखिनै प्रतिलिपि अधिकारको विभिन्न विषयवस्तुमा विभिन्न सेमिनार, गोष्ठी, अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गर्दै आएको छ । यस्तै कार्यक्रमहरूमा धेरै जसो प्रतिलीपी अधिकारका धनी, रचयिता, वकिल, सरकारी कर्मचारी र सम्बन्धित संस्थाहरूको प्रतिनिधिहरूले भाग लिएको पाईन्छ । स्थानिय प्रतिलिपि अधिकारका धनी, रचयिता, वकिल, सरकारी कर्मचारीहरू बढी से बढी लाभान्वीत हुन भन्ने उद्देश्यले यस्ता कार्यक्रमहरू देशको विभिन्न भागमा आयोजना गर्ने गरेको पाईन्छ । यस्ता कार्यक्रमको संचालन र खास गरीकन राष्ट्रिय र क्षेत्रिय गोष्ठीहरू संचालन गर्नको लागि विश्व बौदिक सम्पत्तिसंगठन (WIPO) ले नियमित रूपमा सहयोग गर्दै आई रहेको छ ।

(६) प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारको प्रवर्द्धन र प्रशासनमा प्रत्यक्ष रूपमा संलग्न रहेका व्यक्तिहरूलाई अझ थप ज्ञान र शीपको आवश्यकता पर्दछ । यसलाई सम्बोधन गर्नको लागि कार्यालयले प्रहरी अधिकृत, न्यायालय, सरकारी वकिल र अन्य अधिकारीहरूको लागि विषेश प्रशिक्षण कार्यक्रमको पनि आयोजना गर्ने गरेको छ ।

(७) प्रकाशन, प्रशिक्षण र गोष्ठीको आयोजनाको अलावा, कार्यालयले विश्व बौद्धिक सम्पति दिवस, पुस्तक र प्रतिलिपि अधिकार दिवस र विश्वसंगीत दिवस जस्ता कार्यक्रम आयोजनामा सक्रिय रूपमा सहभागी हुदै आईरहेको छ । यस्ता विशेष समारोह मार्फत जन मानस समक्ष प्रतिलीपी अधिकारको सचेतना जगाउने काम उपयोगी हुने गर्दछ । सीमित श्रोत साधन र दक्ष जनशक्तिको कमीले गर्दा कार्यालयले जन साधारण, प्रतिलीपी अधिकारको धनी र सम्बन्धित निकायहरूको चाहना र अपेक्षाहरू पुर्ति गर्न सकेको छैन । जन चेतना जगाउनको लागि र प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारको क्षेत्रमा सम्बन्धित व्यक्तिहरूलाई प्रशिक्षण दिनको लागि धेरै काम गर्न बाकीनैछ । त्यसैले, कार्यालय र सम्बन्धित क्षेत्रका व्यक्तिहरूले सरकारलाई थप श्रोतको माग गर्नुको साथै यस विषय वस्तुलाई प्राथमिकता दिनको लागि अनुरोध गरेकोछ ।

**अनुसुचि १**

**नियम ३ को उपनियम (१)संग सम्बन्धित**

**रचना , ध्वनी अंकन, प्रस्तुती वा प्रसारणको दर्ताको लागि दिइने दर्खास्त**

श्री

रजिष्टार,

नेपाल प्रतिलिपि अधिकार रजिष्टारको कार्यालय

प्रतिलीपी अधिकार नियम, २००४ अर्न्तगत ध्वनी अंकन, प्रस्तुती वा प्रसारण दर्ताको लागि निम्न व्यहोरा संलग्न गरी यो दर्खास्त पेश गरेकोछु :

१. रचिएता वा ध्वनी अंकनको नाम, प्रस्तुती वा प्रसारण :
२. ठेगाना :
३. नागरिकता :
४. जन्ममिती :
५. रचनाको हकमा :
   क. नाम र पृष्ठ संख्या :
   ख. भाषा :
   ग. रचना सम्पन्न भएको मिती :
   घ. रचना पहिलो पटक प्रकाशित भएको देश र मिती :
   ङ. प्रकासन संख्या :
   च. अन्य कुराहरू :
२. ध्वनी अंकन, प्रस्तुती वा प्रसारणको हकमा त्यस सम्बन्धी विवरण :
३. रचना , ध्वनी अंकन, प्रस्तुती वा प्रसारण को स्वामीत्व प्रमाणित गर्ने लिखत वा अन्य वा प्रमाण :
४. अन्य विवरण :
   (क) ..........................................
   (ख) .........................................
   (ग) ...........................................
   (घ) .........................................

निवेदक :
सहि :
नाम :
ठेगाना :
मिती :

**अनुसुचि २**

**नियम ३ को उपनियम (३)संग सम्बन्धित**

**रचना , ध्वनी अंकन, प्रस्तुती वा प्रसारण दर्ताको प्रमाणपत्र**

**प्रमाण पत्र नं** :

प्रतिलीपी अधिकार नियम २००४ अर्न्तगत निम्न व्यहोरा भएको रचना, ध्वनी अंकन, प्रस्तुती वा प्रसारण तपाईको नाममा दर्ता भएकोले यो प्रमाण पत्र तपाईको नाममा जारी भएको छ ।

१. रचिएता वा ध्वनी अंकन को धनी , प्रस्तुती वा प्रसारणको नाम :
२. ठेगाना :
३. नागरिकता :
४. जन्ममिती :
५. रचनाको हकमा :
    क. नाम र पृष्ठ संख्या :
    ख. भाषा :
    ग. रचना सम्पन्न भएको मिती :
    घ. रचना पहिलो पटक प्रकाशित भएको देश र मिती :
    ङ. प्रकाशन सख्या :
    च. अन्य कुराहरू :
६. ध्वनि अंकन, प्रस्तुती वा प्रसारणको हकमा त्यस सम्बन्धी विवरण :
७. अन्य विवरण :
    (क) ..........................................
    (ख) .........................................
    (ग) ...........................................
    (घ) .........................................

प्रमाणित गर्ने अधिकारी
सही :
कार्यालयको छाप :
नाम :
पद : रजिष्ट्रार
मिती :

**अनुसुची ३**

**नियम ७संग सम्बन्धित**

**संस्था दर्ताको लागि दिइने दर्खास्त**

श्री

रजिष्टर

नेपाल प्रतिलीपी अधिकार रजिष्टारको कार्यलय

**विषय : संस्था दर्ता सम्बन्धि**

प्रतिलीपी अधिकार नियम २००४ अर्न्तगत संस्था दर्ता गर्नको लागि निम्न व्यहोरा र लिखतहरू समावेश गरी यो दर्खास्त पेश गरेकोछु ।

१. संस्थाको नाम :

२. दर्ता हुने विद्याहरू :

३. अन्य आवश्यक विवरणहरू :

४. संलग्न लिखतहरू :

(क) संस्थाको विधान :

(ख) कार्यकारी समितीका पदाधिकारीको नागरीकताको प्रतिलीपीहरू :

(ग) संस्थाको सदस्यहरूको संलग्नता भएको प्रमाण :

(घ) कार्यकारी समितिको निर्णयको प्रतिलीपी :

निवेदक

सही :

संस्थाको छाप :

नाम :

पद :

संस्थाको नाम :

मिती :

**अनुसुचि ४**

**नियम ८संग सम्वन्धित**

**संस्था दर्ताको प्रमाणपत्र**

श्री

प्रतिलीपी अधिकार नियम, २००४ को नियम ८ अर्न्तगत.......................................
नाम र ..........विद्यामा संस्था दर्ता भएको हुदा यो प्रमाण पत्र जारी गरिएको छ।

प्रमाणपत्र जारी गर्ने अधिकारी

सही :

कार्यालयको छाप :

नाम :

पद : रजिष्ट्रार

मिती :

# परिशिष्ट - १
# प्रतिलिपि अधिकार ऐन, २०५९

**प्रस्तावनाः**

प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्थालाई समयानुकूल बनाउन वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

**प्रारम्भिक**

**१ संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "प्रतिलिपि अधिकार ऐन, २०५९" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(१) "रचना" भन्नाले साहित्य, कला, ज्ञान-विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत गरिएका रचना सम्झनु पर्छ र सो शब्दले देहायका रचना समेतलाई जनाउछः-

(क) किताब, पर्चा, लेख, शोधपत्र,

(ख) नाटक, नाट्य-संगीत, मुक चित्र र यस्तै किसिमले मञ्चनका लागि तयार गरिएका रचना,

(ग) शब्द सहित वा शब्द रहित सांगीतिक रचना,

(घ) श्रव्य दृश्य रचना,

(ङ) आर्किटेक्चरल डिजाइन,

(च) चित्रकला, पेटिङ्ग, मूर्तिकला, काष्ठकला, लिथोग्राफी र आर्किटेक्चर सम्बन्धी अन्य रचना,

(छ) फोटोजन्य रचना,

(ज) प्रयोगात्मक कला सम्बन्धी रचना,

(झ) उद्धरण, मानचित्र, योजना, भूगोल सम्बन्धी त्रि-आयामिक रचना, टोपोग्राफी र वैज्ञानिक लेख रचना,

(ञ) कम्प्युटर प्रोग्राम ।

(२) "रचयिता" भन्नाले खण्ड (क) मा उल्लिखित रचना तयार गर्ने व्यक्ति सम्झनु पर्छ ।

(३) "श्रव्यदृश्य रचना" भन्नाले ध्वनि सहित वा ध्वनि रहित रूपमा पर्दामा अवलोकन गर्न सकिने चलचित्रमय रचना सम्झनु पर्छ ।

(४) "फोटोजन्य रचना" भन्नाले कुनै पनि वस्तुको धरातलमा चित्राकृती आउने गरी वा त्यस्तो धरातलबाट चित्राकृती पैदा गर्न सकिने गरी रासायनिक, विद्युतयवा अन्य कुनै प्रविधिको सहायताबाट त्यस्तो धरातलमा प्रकाश वा अन्य विकिरणको अङ्कन गरी तयार गरिएको रचना सम्झनु पर्छ । तर कुनै श्रव्यदृश्य रचनाबाट झिकिएको स्थिर फोटोलाई भने फोटोजन्य रचना नमानी सम्बन्धित श्रव्यदृश्य रचनाकै एक भाग मानिनेछ ।

(५) "ध्वनिअङ्कन" भन्नाले ध्वनि र आकृतिको एकैसाथ अङ्कन गर्ने कार्य बाहेकको श्रवण गर्नको लागि जुनसुकै तरिकाबाट जुनसुकै माध्यममा अङ्कन गरिएको कुनै पनि प्रस्तुतिको ध्वनिअङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(६) "प्रस्तुति" भन्नाले,-

(क) श्रव्यदृश्य रचना बाहेक अरू प्रकारको रचनाको हकमा प्रत्यक्ष रूपमा वा अन्य कुनै उपकरण वा प्रक्रियाबाट वाचन, वादन, नृत्य, अभिनय वा अन्य प्रकारले प्रस्तुत गर्ने कार्य,

(ख) श्रव्यदृश्य रचनाको हकमा त्यस्तो रचनामा समायोजित दृश्यलाई सिलसिलाबद्ध रूपमा देखाउँदै त्यसमा समायोजित ध्वनि समेत सुनाउने कार्य,

(ग) ध्वनिअङ्कनको हकमा परिवार वा छरछिमेक, साथीभाई, इष्टमित्रको भन्दा बाहिर रहेर वा त्यस्ता व्यक्तिको उपस्थिती भए पनि सार्वजनिक रूपमा सुन्न सकिने गरी प्रस्तुत गर्ने कार्य सम्झनु पर्छ ।

(७) "आर्थिक अधिकार" भन्नाले प्रतिलिपि अधिकार धनीलाई दफा ७ बमोजिम प्राप्त अधिकार सम्झनु पर्छ ।

(८) "प्रतिलिपि अधिकार धनी" भन्नाले कुनै रचनाको रचयितामा आर्थिक अधिकार निहित रहेको भए त्यस्तो रचयिता, रचयिता बाहेक अन्य कुनै व्यक्ति वा संस्थामा मूल रूपमा आर्थिक अधिकार निहित रहेको भए त्यस्तो व्यक्ति वा संस्था र आर्थिक अधिकारको स्वामित्व कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण गरिएको भए त्यस्तो व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(९) "प्रसारण" भन्नाले सार्वजनिक जानकारीको लागि रचनाको प्रदर्शन वा सञ्चार वा तारविहिन उपकरण वा भू-उपग्रहको माध्यमद्वारा गरिने श्रव्य वा श्रव्य-दृश्य रचनाको प्रसारण सम्झनु पर्छ ।

(१०) "सार्वजनिक सञ्चार " भन्नाले कुनै कार्यक्रमको प्रस्तुती, ध्वनिअङ्कन तथा प्रसार

णको ध्वनि वा दृश्य वा दुवै प्रसारण स्थलको नजिक वा टाढा जहाँ रहेर पनि सुन्न वा अवलोकन गर्न सकिने गरी तारयुक्त वा तारविहिन उपकरणबाट प्रसारण गरिने कार्य सम्झनु पर्छ ।

(११) "नैतिक अधिकार" भन्नाले रचयिता वा निजको हकवाला वा निजबाट अधिकार प्राप्त व्यक्तिलाई दफा ८ बमोजिम प्राप्त हुने अधिकार सम्झनु पर्छ ।

(१२) "प्रस्तोता" भन्नाले अभिनय, गायन,संगीत र नाचको माध्यमद्वारा साहित्यिक वा कलात्मक कार्य वा लोककला अभिव्यक्तिलाई जनसमक्ष प्रस्तुत गर्ने अभिनयकर्ता, गायक,संगीतकार, नर्तक र अन्य व्यक्ति सम्झनु पर्छ ।

(१३) "प्रकाशन" भन्नाले,-

(क) नाटक, चलचित्र वा अन्य कुनै किसिमले अभिनित रचनाको हकमा सो रचनाको अनुवाद वा रूपान्तर गरी वा नगरी सार्वजनिक रूपमा प्रदर्शन गरेको, बिक्री गरेको वा बहालमा दिएको, र (२) अन्य कुनै रचनाको हकमा सो रचनाको अनुवाद वा रूपान्तर गरी वा नगरी सो रचना सार्वजनिक रूपमा बिक्री वितरण वा उपयोगमा ल्याइएको वा बिक्री वितरण वा उपयोग हुने गरी निकालिएको रचना सम्झनु पर्छ र सो शब्दले अभिनयद्वारा प्रदर्शन हुन सक्ने रचनाको हकमा सो रचनाको रूपान्तर वा अनुवाद गरी वा नगरी सार्वजनिक रूपमा प्रदर्शन गरिएको कुरा समेतलाई जनाउँछ ।

(ख) अन्य कुनै रचनाको हकमा सो रचनाको अनुवाद वा रूपान्तर गरी वा नगरी सो रचना सार्वजनिक रूपमा बिक्री वितरण वा उपयोगमा ल्याइएको वा बिक्री वितरण वा उपयोग हुने गरी निकालिएको रचना सम्झनु पर्छ र सो शब्दले अभिनयद्वारा प्रदर्शन हुन सक्ने रचनाको हकमा सो रचनाको रूपान्तर वा अनुवाद गरी वा नगरी सार्वजनिक रूपमा प्रदर्शन गरिएको कुरा समेतलाई जनाउँछ ।

(१४) "रजिष्ट्रार" भन्नाले दफा ३० को उपदफा (१) बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(१५) "रोयल्टी संकलन संस्था" भन्नाले दफा ३९ अनुसार गठित संस्था सम्झनु पर्छ ।

(१६) "तोकिएको " वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

### प्रतिलिपि अधिकारको संरक्षण र प्राप्ति

**३. प्रतिलिपि अधिकारको संरक्षण:**

(१) कुनै पनि रचनालाई प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुनेछ ।

(२) प्रस्तुतिकरण, सङ्कलन वा अभिव्यक्तिको दृष्टिकोणबाट मौलिक रूपमा प्रस्तुत भएका अनुवाद, संयोजन, क्रमबद्ध संयोजन, रचना वा कृतिहरूकोसंग्रह, यन्त्रको सहायताले वा यन्त्रको सहायता बेगर पढ्न सकिने गरी सङ्कलन गरिएको तथ्याङ्क वा तथ्याङ्कको आधार, लौकिक अभिव्यक्ति विधा अन्तर्गतका उखान, लोककथा, लोकगीत वा अन्य कुनै लोक अभिव्यक्तिमा आधारित व्युत्पन्न रचनालाई मूल रचनाको प्रतिलिपि अधिकारमा प्रतिकूल असर नपुऱ्याउने किसिमले मौलिक रचना सरह नै प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुनेछ ।

**४. प्रतिलिपि अधिकारको संरक्षण प्राप्त नहुनेः**

दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विचार, धर्म, समाचार, संचालन विधि, अवधारणा, सिद्धान्त, अदालतको फैसला, प्रशासनिक निर्णय, लोकगीत, लोककथा, उखान र सामान्य तथ्याङ्क जस्ता कुराहरूलाई व्यक्त वा वर्णन वा व्याख्या गरिए वा कुनै रचनामा समावेश गरिएको भए तापनि यस ऐन बमोजिमको संरक्षण प्राप्त हुने छैन ।

**५. दर्ता अनिवार्य नहुनेः**

(१) यस ऐन बमोजिमको अधिकार प्राप्त गर्न कुनै पनि रचना, ध्वनिअङ्कन, प्रस्तुती वा प्रसारण दर्ता गराउन अनिवार्य हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै रचना, ध्वनिअङ्कन, प्रस्तुती वा प्रसारण स्वेच्छाले दर्ता गराउन चाहेमा रजिष्ट्रार समक्ष निवेदन दिई दर्ता गराउन सकिनेछ र दर्ता सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**६. रचनाको आर्थिक अधिकारको धनीः**

(१) रचनाको आर्थिक अधिकारको पहिलो धनी रचयिता हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रचनाको आर्थिक अधिकार देहायको व्यक्ति वा संस्थालाई हुनेछः-

(क) संयुक्त रचनाका हकमा सहरचयिता,

तर त्यस्तो संयुक्त रचना खण्ड खण्डमा विभाजित रहेछ र अलग अलग खण्ड अलग अलग रचयिताको हिसाबले पहिचान हुने किसिमको रहेछ र अलग अलग किसिमले प्रयोग गर्न सकिने रहेछ भने आफूले रचना गरेको प्रत्येक खण्डको लागि सम्बन्धित रचयितालाई आर्थिक अधिकार हुनेछ ।

(ख) कुनै व्यक्ति वा संस्थाको सक्रियता वा निर्देशनमा संयुक्त रचना तयार गरिएको भए जसको सक्रियता वा निर्देशनमा त्यस्तो रचना तयार भएको हो सो तयार गराउने व्यक्ति वा संस्था,

(ग) कसैले पारिश्रमिक दिई कुनै रचना तयार गर्न लगाएको भए त्यस्तो पारिश्रमिक दिने व्यक्ति वा संस्था,

(घ) बेनामी रचनाको हकमा सो रचनाको रचयिता यो हो भन्ने प्रमाणित नहुन्जेल सो रचनाको प्रकाशक,

तर त्यस्तो रचनाको वास्तविक रचयिताले पछि आफ्नो परिचय प्रस्तुत गरेको खण्डमा आफ्नो परिचय प्रस्तुत गरेको मितिदेखि सो रचनाको आर्थिक अधिकार सोही रचयितालाई हुनेछ,।

(ङ) करारमा अन्यथा उल्लेख गरिएकोमा बाहेक श्रव्य दृश्य रचनाको हकमा त्यस्तो रचनाको उत्पादक,

तर श्रव्य दृश्य रचनाका सहरचयिताको रचना वा पहिला नै तयार गरिएको रचनालाई श्रव्य दृश्य रचना निर्माण गर्ने कार्यमा समावेश गरिएमा वा मिलाइएमा निजहरूको आर्थिक अधिकार निजहरूको योगदान बमोजिम हुनेछ ।

**७. आर्थिक अधिकार:**

परिच्छेद-४ को अधीनमा रही रचनाको सम्बन्धमा देहाय बमोजिमको कार्य गर्न पाउने अधिकार रचयिता वा प्रतिलिपि अधिकारको धनीलाई मात्र हुनेछ :-

(१) रचनाको पुनरूत्पादन गर्ने,

(२) रचनाको अनुवाद गर्ने,

(३) रचनाको परिमार्जन वा संशोधन गर्ने,

(४) संयोजन लगायत रचनाको अन्य रूपान्तरण गर्ने,

(५) रचनाको मूल र प्रतिलिपि सर्वसाधारणको लागि बिक्री वितरण वा बहालमा दिने ,

(६) श्रव्य दृश्य रचना, ध्वनिअङ्कन समाविष्ट रचना, कम्प्युटर कार्यक्रम, तथ्याङ्कमा आधारित वा ग्राफ स्वरूपमा रहेको साङ्गीतिक रचनाको आफूलाई प्राप्त अधिकार हस्तान्तरण गर्ने वा बहालमा दिने,

(७) रचनाको प्रतिलिपि आयात गर्ने,

(८) मूल रचना वा सो रचनाको प्रतिलिपिको सार्वजनिक प्रदर्शन गर्ने,

(९) रचनाको प्रस्तुती गर्ने,

(१०) रचनाको प्रसारण गर्ने,

(११) रचनाको सार्वजनिक सञ्चार गर्ने ।

**८. नैतिक अधिकार:**

(१) कुनै रचनामा रचयिताको आर्थिक अधिकार निहित रहे वा नरहेको जेसुकै भए तापनि त्यस्तो रचयितालाई देहाय बमोजिमको नैतिक अधिकार प्राप्त हुनेछ :-

(क) आफ्नो रचनाका प्रतिहरूमा वा आफ्नो रचना सार्वजनिक रूपमा प्रयोग गरिएमा त्यस्तो रचनामा आफ्नो नाम उल्लेख गर्न लगाउने,

(ख) आफ्नो रचनामा वास्तविक नाम उल्लेख नगरी छद्‌म नाम उल्लेख गरिएको भएमा त्यस्तो रचनाको सार्वजनिक रूपमा प्रयोग गर्दा त्यस्तो छद्‌म नाम उल्लेख गर्न लगाउने,

(ग) आफ्नो रचनालाई बङ्ग्याई वा विकृत रूपमा प्रस्तुत गरी निजले आर्जन गरेकोसम्मान वा ख्यातिलाई गिराउने जस्ता कार्य रोक्ने,

(घ) आफ्नो रचनामा आवश्यक संशोधन वा परिमार्जन गर्ने ।

(२) उपदफा (१) मा उल्लिखित अधिकार रचयिताको जीवनभर हस्तान्तरण हुने छैन ।

तर रचयिताले आफ्नो मृत्यु पश्चात् लागू हुने गरी त्यस्तो अधिकार हस्तान्तरण गर्न कसैलाई इच्छाएको भए त्यसरी इच्छाएको व्यक्ति वा संस्थालाई र त्यसरी इच्छाएको नभए नजिकको हकवालामा सर्नेछ ।

**९. प्रस्तोताको अधिकारः**

(१) प्रस्तोतालाई देहाय बमोजिमको कार्य गर्न पाउने अधिकार हुनेछः-

(क) आफ्नो प्रस्तुतिलाई प्रसारण वा सञ्चार गरी जन समक्ष पुऱ्याउने,

(ख) आफ्नो प्रस्तुतिलाई प्रस्तुत गर्ने तौरतरिका वा माध्यमको निर्धारण गर्ने र पुनरूत्पादन गर्ने,

(ग) आफ्नो प्रस्तुतिको प्रस्तुतीकरण वा त्यसको प्रतिलिपिहरू बिक्री वा हस्तान्तरण गरी वा स्वामित्व परिवर्तन गरी पहिलो पटक जन समक्ष पुऱ्याउने,

(घ) आफ्नो प्रस्तुतिको प्रतिलिपि भाडामा दिने,

(ङ) निर्धारित तौरतरिका वा माध्यमद्वारा उत्पादित प्रस्तुतिलाई तारयुक्त वा तार बिहिन उपकरण मार्फत सर्वसाधारण समक्ष सर्वसुलभ हुने गरी पुऱ्याउने,

(च) आफ्नो प्रस्तुतिलाई परिमार्जन वा संशोधन गर्ने ।

(२) प्रस्तोताले एक पटक आफ्नो प्रस्तुतिलाई श्रव्यदृश्य माध्यममा समावेश गर्न स्वीकृती दिइसकेपछि निजले त्यसमा पुनः उपदफा (१) मा उल्लिखित अधिकार प्रयोग गर्न पाउने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तोतालाई प्रत्यक्ष श्रव्य प्रस्तुती एवं ध्वनिअङ्कनमा समायोजित प्रस्तुतिको प्रस्तोताको रूपमा आफ्नो पहिचान कायम गराउने र सोको दावी गर्न सक्ने अधिकार तथा आफ्नो प्रतिष्ठा वा ख्यातिको प्रतिकूल हुने गरी कसैले आफ्नो प्रस्तुतिलाई तोडमोड गरेको वा खण्डित

गरेको वा अन्य प्रकारले अर्थान्तर हुने गरी विरूप गरेकोमा त्यस्तो कार्यलाई रोक्ने अधिकार हुनेछ ।

(४) यस दफामा लेखिएको कुनै कुराले आफ्नो प्रस्तुतिबाट बढी लाभान्वित हुने वा बढी सुविधा प्राप्त गर्ने खालका शर्त राखी सम्झौता गर्ने वा त्यसमा सहमत हुने प्रस्तोताको अधिकारमा कुनै असर पारेको मानिने छैन ।

(५) यस दफा बमोजिम प्रस्तोतालाई प्राप्त अधिकार ध्वनि उपकरणमा समायोजन भएको वर्षबाट पचास वर्षसम्म र त्यसरी समायोजन नगरेको भए त्यस्तो प्रस्तुती भएको वर्षबाट पचास वर्षसम्म कायम रहनेछ ।

**१०. ध्वनिअङ्कन उत्पादकको अधिकार:**

(१) ध्वनिअङ्कन उत्पादकलाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) कुनै पनि तरिका वा स्वरूपमा ध्वनिअङ्कनको प्रत्यक्ष वा अप्रत्यक्ष रूपले पुनरूत्पादन गर्ने,

(ख) ध्वनिअङ्कनको प्रतिलिपि आयात गर्ने,

(ग) ध्वनिअङ्कनको मूल प्रती वा प्रतिलिपिको बिक्री वा स्वामित्व हस्तान्तरणका अन्य तरिकाबाट त्यस्ता ध्वनि अङ्कन सर्वसुलभ गराउने,

(४) सार्वजनिक रूपमा ध्वनिअङ्कनलाई भाडामा वा सापटीमा दिने,

(घ) तारयुक्त वा तारविहिन उपकरणबाट ध्वनिअङ्कनलाई एउटै खास ठाउँबाट वा आफूले चाहेको ठाउँबाट वा जनसाधारणद्वारा श्रवण गर्न सक्ने बनाउने ।

(२) उपदफा (१) बमोजिमको अधिकार त्यस्तो ध्वनिअङ्कन प्रकाशन भएको वर्षबाट पचास वर्षसम्म कायम रहनेछ ।

**११. ध्वनिअङ्कनको प्रयोग बापत मनासिब माफिकको पारिश्रमिक पाउने :**

(१) व्यापारिक प्रयोजनको लागि प्रकाशन भएको कुनै ध्वनिअङ्कन वा त्यस्तो ध्वनिअङ्कनको पुनरूत्पादित प्रतिलिपिलाई प्रसारण वा अन्य सञ्चारको लागि सोझै प्रयोग गरी सार्वजनिक रूपमा जनसमक्ष प्रस्तुत गरिएको भए सो बापत मनासिब माफिकको पारिश्रमिकको रकम उत्पादकले प्रयोगकर्ताबाट भुक्तानी पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक प्राप्त गर्ने सम्बन्धमा प्रस्तोता र उत्पादक बीच सम्झौता भएकोमा सोही बमोजिम र सम्झौता नभएको अवस्थामा उत्पादकले प्राप्त गरेको आधा रकम प्रस्तोताले पाउनेछ ।

(३) उपदफा (१) बमोजिम मनासिब माफिकको पारिश्रमिक रकम पाउने अधिकार त्यस्तो ध्वनिअङ्कन प्रकाशन भएको वा ध्वनिअङ्कन समायोजन भएको वर्षबाट पचास वर्षसम्म कायम रहनेछ ।

**१२. प्रसारण संथाको अधिकार:**

(१) प्रसारण संस्थालाई देहायका कार्य गर्न पाउने अधिकार हुनेछ:-

(क) आफूले प्रसारण गरेको विषयलाई पुनःप्रसारण गर्ने,

(ख) आफ्नो प्रसारणलाई सर्वसाधारण समक्ष सर्वसुलभ हुने गरी सञ्चार गर्ने,

(ग) आफ्नो प्रसारणको समायोजन गर्ने,

(घ) आफ्नो प्रसारणको समायोजनको पुनरूत्पादन गर्ने ।

(२) उपदफा (१) बमोजिमको अधिकार त्यस्तो प्रसारण शुरू भएको वर्षबाट पचास वर्षसम्म कायम रहनेछ ।

**[५९]१३. रचना, प्रस्तोता, ध्वनि उत्पादक वा प्रसारण संस्थाको संरक्षण:**

(१) देहायको रचयिताको रचनालाई यस ऐन बमोजिम संरक्षण प्राप्त हुनेछ :-

(क) नेपाल राज्य वा विश्व व्यापार सङ्गठनको सदस्य मुलुकमा बसोवास गर्ने रचयिताबाट रचित नेपाल राज्य वा सोही मुलुकमा प्रकाशन भएको रचना,

(ख) नेपाल राज्य वा विश्व व्यापार सङ्गठनको सदस्य मुलुकमा बसोवास गर्ने उत्पादकबाट उत्पादित श्रव्य-दृश्य रचना,

(ग) नेपाल राज्य वा विश्व व्यापार सङ्गठनको सदस्य मुलुकभित्र गरिएको भवनको आर्किटेक्चरल डिजायन वा भवन वा अन्य कुनै संरचनामा प्रयोग गरिएको अन्य कुनै प्रकारको कलात्मक रचना,

घ) नेपाल राज्य वा विश्व व्यापार सङ्गठनको सदस्य मुलुक बाहेक अन्य मुलुकमा बसोवास भएको रचयिताबाट नेपाल राज्यमा प्रकाशित रचना वा त्यस्तो मुलुकको उत्पादकबाट नेपाल राज्यमा उत्पादित श्रव्य-दृश्य रचना ।

(२) देहायको प्रस्तोतालाई यस ऐन बमोजिमको प्रस्तोता सम्बन्धी अधिकार प्राप्त हुनेछ :-

(क) नेपाल राज्य वा विश्व व्यापार सङ्गठनको सदस्य मुलुकको प्रस्तोता,

(ख) नेपाल राज्य वा विश्व व्यापार सङ्गठनको सदस्य मुलुकमा प्रस्तुत गरिएको कुनै प्रस्तुती वा यस ऐन बमोजिम संरक्षण प्राप्त ध्वनिअङ्कनमा प्रयुक्त भएको प्रस्तुती वा ध्वनिअङ्कनमा समाविष्ट नगरेको भए पनि प्रसारणमा समाविष्ट प्रस्तुतिको प्रस्तोता ।

(३) देहायका ध्वनिअङ्कन उत्पादकलाई यस ऐन बमोजिमको ध्वनिअङ्कनको उत्पादक सम्बन्धी अधिकार प्राप्त हुनेछ :-

---

**५९.** निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधन ।

(क) नेपाल राज्य वा विश्व व्यापार सङ्गठनको सदस्य मुलुकका व्यक्तिबाट उत्पादित ध्वनिअङ्कन,

(ख) नेपाल राज्य वा विश्व व्यापार सङ्गठनको सदस्य मुलुकमा प्रकाशन भएको ध्वनिअङ्कन ।

(४) देहायका प्रसारण संस्थालाई यस ऐन बमोजिमको प्रसारण संस्था सम्बन्धी अधिकार प्राप्त हुनेछ :-

(क) नेपाल राज्य वा विश्व व्यापार सङ्गठनको सदस्य मुलुकमा कार्यालय रहेको प्रसारण संस्थाबाट प्रसारित प्रसारण,

(ख) नेपाल राज्य वा विश्व व्यापार सङ्गठनको सदस्य मुलुकमा अवस्थित प्रसारण केन्द्रबाट प्रसारित प्रसारण ।

## परिच्छेद-३

### प्रतिलिपि अधिकार संरक्षणको अवधि

**१४. प्रतिलिपि अधिकार संरक्षणको अवधिः**

(१) यस ऐन बमोजिम रचयितालाई प्राप्त आर्थिक र नैतिक अधिकार रचयिताको जीवनभर र निजको मृत्यु भएकोमा मृत्यु भएको वर्षबाट पचास वर्षसम्म संरक्षित हुनेछ ।

(२) संयुक्त रूपमा तयार गरिएको रचनाको आर्थिक र नैतिक अधिकारको हकमा रचयिताहरूमध्ये सबैभन्दा पछि मृत्यु हुने रचयिताको मृत्यु भएको वर्षबाट पचास वर्षसम्म संरक्षित हुनेछ ।

(३) दफा ६ को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम तयार गरिएको रचनाको आर्थिक र नैतिक अधिकार त्यस्तो रचना प्रथम पटक प्रकाशन भएको वा प्रथम पटक जनसाधारण समक्ष ल्याइएको मिती मध्ये जुन पहिले आउँछ सो मितिबाट पचास वर्षसम्म संरक्षित हुनेछ ।

(४) बेनामी वा छद्म नामबाट प्रकाशित रचनाको आर्थिक तथा नैतिक अधिकार त्यस्तो रचना प्रथम पटक प्रकाशन भएको वा जनसाधारण समक्ष ल्याइएको मिती मध्ये जुन पहिले आउँछ सो मितिबाट पचास वर्षसम्म संरक्षित हुनेछ ।

तर उल्लिखित समयभित्र रचयिताको नाम प्रकाशनमा आएमा अवस्था हेरी उपदफा (१) वा (५) मा उल्लिखित संरक्षण प्राप्त हुनेछ ।

(५) व्यवहारिक कला सम्बन्धी रचना र फोटोजन्य रचनाको आर्थिक तथा नैतिक अधिकार त्यस्तो रचना तयार भएको वर्षबाट पच्चीस वर्षसम्म संरक्षित हुनेछ ।

**१५. रचयिताको मृत्युपछि प्रकाशित रचनाको संरक्षण अवधिः**

दफा १४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै रचनाको रचयिता एउटै

भए निजको र दुई वा दुई भन्दा बढी रचयिता भए ती मध्ये कुनै एकको मृत्यु भएपछि प्रकाशित रचनाको हकमा सो रचना प्रकाशन भएको वर्षबाट पचास वर्षसम्म संरक्षित हुनेछ ।

## परिच्छेद-४

### अनुमती विना प्रतिलिपि अधिकार प्राप्त सामग्री प्रयोग गर्न पाइने अवस्था

**१६. व्यक्तिगत प्रयोजनको लागि पुनरूत्पादन गर्न पाइने :**

(१) दफा ७ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए ता पनि व्यक्तिगत प्रयोजनको लागि कुनै पनि प्रकाशित रचनाको केही भाग पुनरूत्पादन गर्न रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमती आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भवनको रूपमा तयार गरिएको आर्किटेक्चरल डिजाइन र अन्य निर्माण सम्बन्धी डिजाइनको पुनरूत्पादन वा कुनै पुस्तकको ठूलो हिस्साको पुनरूत्पादन वा सांगीतिक रचनालाई नोटेशनको रूपमा पुनरूत्पादन वा डाटाबेसको सम्पूर्ण वा उल्लेखनीयहीस्सा डिजिटल ट्रान्समिसनको प्रक्रियाद्वारा पुनरूत्पादन गर्दा रचयिता वा प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर पर्ने गरी पुनरूत्पादन गर्न पाइने छैन ।

**१७. उद्धरण गर्न पाइने:**

दफा ७ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रकाशित रचनाको केही अंश सत्कार्यको लागि रचयिता वा प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर नपर्ने गरी निजको अनुमती विना नै उद्धरण गर्न पाइने छ । त्यसरी उद्धरण गर्दा सोको स्रोत र त्यस्तो रचनाका रचयिताको नाम उल्लेख भए सो समेत उल्लेख गर्नु पर्नेछ ।

**१८. पठनपाठनको लागि पुनरूत्पादन गर्न पाइने:**

(१) दफा ७ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमती विना पठनपाठनको लागि रचयिता वा प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर नपुऱ्याउने गरी देहायको कार्य गर्न पाइनेछः-

(क) उद्धरण, लेखन वा श्रव्य दृश्यको सहायताद्वारा कुनै प्रकाशित रचनाको छोटो भाग पुनरूत्पादन गर्न,

(ख) कक्षामा प्रस्तुत हुने शैक्षिक क्रियाकलापको प्रयोजनको लागि रचनाको केही अंश पुनरूत्पादन, प्रसारण र प्रदर्शन गर्न ।

(२) उपदफा (१) बमोजिम पुनरूत्पादन गरिएको सबै प्रतिहरूमा स्रोत र रचयिताको नाम उल्लेख गर्नु पर्नेछ ।

**१९. पुस्तकालय तथा अभिलेखालयले पुनरूत्पादन गर्न पाइने:**

दफा ७ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए ता पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आर्थिक लाभ नलिई शोध वा अध्ययन गर्ने व्यक्तिको अनुरोधमा आफूसँग रहेका रचना उपलब्ध गराउने सार्वजनिक पुस्तकालय वा अभिलेखालयले आफूसँग रहेका कुनै पनि रचना हराए वा नष्ट भए वा पुरानो भएमा वा त्यस्तो रचना प्राप्त गर्न नसकिने भएमा त्यस्तो रचनाको रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमती विना त्यस्तो रचनाको एकप्रती पुनरूत्पादन गर्न पाइनेछ ।

**२०. सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुनरूत्पादन, प्रसारण र अन्य किसिमको सञ्चार गर्न पाइने:**

(१) दफा ७ को खण्ड (क), (झ) र (ञ) मा जुनसुकै कुरा लेखिएको भए तापनि रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमती बिना कुनै रचनाको स्रोत र रचयिताको नाम उल्लेख गरी देहायका काम गर्न पाइनेछः-

(क) कुनै समाचारपत्र वा पत्रपत्रिकामा छापिएको लेख, राजनैतिक वा धार्मिक शीर्षकको लेख वा यस्तै प्रकृतिको प्रसारणलाई कुनै समाचार पत्र वा पत्रपत्रिकामा छाप्न वा सर्वसाधारणलाई प्रसारण गर्न वा अन्य किसिमको प्रसारण गर्न, तर रचयिता वा प्रतिलिपि अधिकार धनीको आर्थिक अधिकारमा प्रतिकूल असर पुऱ्याउन पाइने छैन ।

(ख) कुनै ताजा घटनाका सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुनरूत्पादन गर्न, प्रसारण वा अन्य किसिमको सञ्चार गर्न वा कुनै घटनालाई पुष्टि गर्न,

(ग) ताजा सूचना प्रवाह गर्ने उद्देश्यले सर्वसाधारण समक्ष प्रस्तुत गरिएका वा अदालती कारवाहीका सम्बन्धमा गरिएको वहस कुनै समाचारपत्र वा नियमित रूपमा प्रकाशत हुने पत्रिकाको केही अंश पुनरूत्पादन गर्न, प्रसारण गर्न वा अन्य सार्वजनिक सञ्चार गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रचयिताले नै पुनरूत्पादन, प्रसार ण र अन्य किसिमको सञ्चार गर्न नपाइने भनी उल्लेख गरेको रहेछ भने त्यस्तो अवस्थामा पुनरूत्पादन, प्रसारण र अन्य किसिमको सञ्चार गर्न पाइनेछैन ।

**२१. कम्प्युटर प्रोग्रामको पुनरूत्पादन गर्न पाइने :**

दफा ७ को खण्ड (क) र (ग) मा जुनसुकै लेखिएकोभए तापनि जुन उद्देश्यका लागि कम्प्युटर प्रोग्राम प्राप्त गरिएको हो सो उद्देश्य प्राप्त गर्न नसकेको अवस्थामा वा अभिलेख राख्ने उद्देश्यले वा वैध रूपले प्राप्त गरिएको कम्प्युटर प्रोग्राम हराए वा नष्ट भए वा प्रयोग गर्न नसकिने भएमा रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमती बिना नै एक प्रती कम्प्युटर प्रोग्राम पुनरूत्पादन गर्न पाइनेछ ।

**२२. व्यक्तिगत प्रयोजनको लागि पैठारी गर्न पाइने:**

दफा ७ को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि रचयिता वा प्रतिलिपि अधिकार धनीको इजाजत बिना व्यक्तिगत प्रयोजनको लागि कुनै रचनाको एकप्रती पैठारी गर्न पाइनेछ ।

**२३. सार्वजनिक प्रदर्शन गर्न पाउने:**

दफा ७ को खण्ड (ज) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले कुनै रचना वा रचनाको प्रतिलिपिको सार्वजनिक प्रदर्शन गर्न चाहेमा रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमती विना त्यस्तो रचना वा रचनाको प्रतिलिपिको सार्वजनिक प्रदर्शन गर्न पाउनेछ ।

तर त्यस्तो प्रदर्शन चलचित्र, स्लाइड, टेलिभिजन वा पर्दा वा अन्य किसिमको यन्त्रको सहायता बिना नै गरिएको हुनु पर्नेछ ।

## परिच्छेद-५

### प्रतिलिपि अधिकारको हस्तान्तरण

**२४. प्रतिलिपि अधिकारको हस्तान्तरण:**

(१) प्रतिलिपि अधिकार धनीले आफूलाई प्राप्त आर्थिक अधिकारमध्ये सबै वा केही अधिकार लिखित रूपमा सम्झौता गरी अरूलाई हस्तान्तरण गर्न वा कुनै शर्त तोकी वा नतोकी प्रयोग गर्न अनुमती दिन सक्नेछ ।

(२) नैतिक अधिकार प्राप्त व्यक्तिले आफ्नो मृत्युपछि लागू हुने गरी निजलाई प्राप्त नैतिक अधिकारको संरक्षणको लागि रचनामा आफ्नो नाम नहटाउने शर्त सहित लिखित रूपमा सम्झौता गरी कसैलाई हस्तान्तरण गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम प्रतिलिपि अधिकार धनीबाट अधिकार हस्तान्तरण गरी लिने व्यक्तिले त्यसरी हस्तान्तरण गरी लिएको अधिकार बाहेक अन्य कुनै काम कारवाही गर्न पाउने छैन ।

## परिच्छेद-६

### संरक्षित अधिकारको उल्लङ्घन र दण्ड सजाय

**२५. संरक्षित अधिकारको उल्लङ्घन भएको मानिने:**

(१) कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिम संरक्षित अधिकार उल्लङ्घन गरेको मानिनेछ :-

(क) रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमती प्राप्त नगरी वा अनुमती प्राप्त गरेको भए तापनि सम्झौता वा अनुमतिपत्रमा उल्लेख भएको शर्तको उल्लङ्घन गरी आर्थिक लाभ उठाई वा नउठाई व्यापारिक वा अन्य कुनै उद्देश्यले आफ्नो हक नपुग्ने रचना वा ध्वनिअङ्कनको प्रतिलिपिहरू उत्पादन गरी बिक्री

वितरण वा सार्वजनिक सञ्चार गरेमा वा भाडामा दिएमा,

(ख) अर्काको रचनाले आर्जित गरेको प्रतिष्ठाको फाइदा उठाउने नियतले त्यस्तो रचनाको अनुकरण गरी विज्ञापन वा प्रचार प्रसार गरेमा,

(ग) अर्काको रचनाको स्वरूप वा भाषाको माध्यम परिवर्तन गरी आर्थिक लाभ उठाउने उद्देश्यले अर्कै विषय वा प्रकृतिको रचना निर्माण गरेमा,

(घ) विज्ञापन वा अन्य कुनै माध्यमबाट दर्शक वा श्रोता वा पाठकलाई अर्कै रचना हो भन्ने भान पार्ने नियतले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले कुनै कुरा निर्माण वा तयार गरी फाइदा उठाउने प्रयत्न गरेमा ।

(ङ) अनधिकृत पुनरूत्पादन गर्न हतोत्साहित गर्न गरिएको व्यवस्थालाई असफल गराउने ध्येय राखी तयार गरिएको उपकरण वा माध्यमको आयात, उत्पादन वा भाडामा दिने कार्य गरेमा,

(च) सांकेतिक भाषामा गोप्य रूपमा (इन्क्रिप्ट गरी) प्रसारण गरिएको कार्यक्रमलाई अनधिकृत रूपमा हेर्न मद्दत गर्ने उपकरण बिक्री गर्ने उद्देश्यले उत्पादन वा आयात गर्ने कार्य गरेमा,

(छ) खण्ड (ङ) र (च) मा उल्लेख भए बाहेक प्रतिलिपि अधिकार उल्लङ्घन गर्ने उद्देश्यले मात्र तयार गरिएको यान्त्रिक उपकरण आयात, बिक्री, वितरण तथा प्रयोग गरेमा ।

(२) कसैले उपदफा (१) उल्लङ्घन गरी कुनै रचना वा ध्वनिअङ्कन प्रकाशन गरेको कुरा थाहा पाउँदा पाउँदै वा विश्वास गर्ने पर्याप्त कारण हुँदा हुँदै त्यसरी प्रकाशन गरिएका रचनाका प्रतिहरू एवं ध्वनिअङ्कनका प्रतिहरू बिक्री वितरण गर्न वा वहालमा दिनु हुँदैन ।

**२६. अनधिकार प्रतिलिपिहरूको पैठारीमा प्रतिबन्धः**

नेपाल अधिराज्यभित्र तयार गरिएको भए अनधिकार प्रकाशन ठहरिने कुनै रचना वा ध्वनि अङ्कनको प्रतिलिपिहरू विदेशमा तयार गरी वा अन्य कुनै तरिकाले प्राप्त गरी व्यपारिक प्रयोजनको लागि नेपाल अधिराज्यभित्र पैठारी गर्न हुँदैन ।

**२७. संरक्षित अधिकारको उल्लङ्घन गरेमा दण्ड सजायः**

(१) कसैले दफा २५ उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घन गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार दश हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुनेछ र दोस्रो पटक देखि पटकै पिच्छे बीस हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुनेछ। त्यसरी प्रकाशन वा पुनरूत्पादन गरेको वा वितरण गरेको वा पुनरूत्पादन गर्न प्रयोग गरिएका सामग्रीहरू जफत हुनेछ ।

(२) संरक्षित अधिकारको उल्लङ्घन गर्ने व्यक्तिबाट प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई

परेको नोक्सानीको क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ ।

**२८. अनाधिकार प्रतिलिपि पैठारी गरेमा सजाय:**

कसैले दफा २६ उल्लङ्घन गरी कुनै रचनाको अनाधिकार प्रतिलिपिहरू पैठारी गरेमा त्यस्तो प्रतिलिपिहरू जफत गरी निजलाई कसूरको मात्रा अनुसार दश हजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना हुनेछ र प्रतिलिपि अधिकार प्राप्त व्यक्तिलाई त्यस्तो पैठारीबाट भएको नोक्सानीको क्षतिपूर्ति समेत सो पैठारी गर्ने व्यक्तिबाट भराई दिनु पर्नेछ ।

**२९. अन्य सजाय:**

कसैले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएका अन्य कुनै कुरा उल्लङ्घन गरेमा कसूरको मात्रा अनुसार पाँचहजार रूपैयाँदेखि पचासहजार रूपैयाँसम्म जरिबाना हुनेछ ।

## परिच्छेद-७

**विविध**

**३०. रजिष्ट्रार तथा निजको काम, कर्तव्य र अधिकार:**

(१) यस ऐन बमोजिम रजिष्ट्रारको काम गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कम्तीमा राजपत्राङ्कित द्वितयश्रेणीको अधिकृतलाई रजिष्ट्रारको काम गर्ने गरी तोक्नेछ ।

(२) यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रोयल्टी सङ्कलन संस्थाको रेखदेख र नियन्त्रण गर्ने,

(ख) रोयल्टी सङ्कलन संस्थाले निर्धारण गरेको रोयल्टीमा कुनै पक्षको चित्त नबुझेमा तोकिए बमोजिम उजुरी सुन्ने,

(ग) यस ऐनको उद्देश्य पूर्तिको लागि तोकिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने ।

**३१. रजिाष्ट्ररको आदेश र निर्णय उपर पुनरावेदन :**

रजिष्ट्रारले दिएको कुनै आदेश वा निर्णय उपर चित्त नबुझ्ने पक्षले पैतीस दिनभित्र रजिष्ट्रारको कार्यालय रहेको क्षेत्रको पुनरावेदन अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

**३२. रचना, ध्वनिअङ्कनका प्रतिहरू वा अन्य सामग्री कब्जा गर्न सक्ने:**

(१) कसैले दफा २५ विपरीत कुनै रचना वा ध्वनिअङ्कनको प्रकाशन वा पुनरूत्पादन गरेको वा गर्न लागेको शङ्का लागेमा यस ऐन बमोजिम कसूर तहकिकात गर्ने प्रहरी कर्मचारी समक्ष उजुरी दिएमा सो प्रहरी कर्मचारीले त्यस्तो रचना वा

ध्वनिअङ्कनको प्रतिहरू बिक्री वितरण हुन नदिनको लागि आवश्यक व्यवस्था गर्नेछ र आवश्यक भएमा त्यस्तो रचना वा ध्वनिअङ्कनको प्रतिहरू प्रचलित कानून बमोजिम खानतलासी गरी कब्जामा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी गरी कब्जामा लिंदा त्यस्तो रचना वा ध्वनिअङ्कनका प्रतिहरू प्रकाशन वा पुनरूत्पादन गर्न प्रयोग गरिएको मेशिन लगायतका सामग्रीहरू समेत कब्जामा लिन सकिनेछ ।

**३३. रचना, ध्वनिअङ्कनका प्रतिहरू वा अन्य सामग्री नष्ट गर्नुपर्नेः**

दफा ३२ बमोजिम कब्जा गरिएका रचना र ध्वनिअङ्कनका प्रतिहरू अदालतबाट मुद्दा किनारा हुँदा जफत हुने ठहरिएमा जिल्ला प्रशासन कार्यालय र स्थानयनिकायका प्रतिनिधिको रोहवरमा मुचुल्का गरी नष्ट गर्नुपर्नेछ ।

**३४. अनधिकार प्रतिलिपिको पैठारी रोक्ने सम्बन्धी भन्सार अधिकृतको अधिकारः**

(१) दफा २६ उल्लङ्घन गरी कसैले नेपाल अधिराज्यभित्र अनधिकार प्रतिलिपिको सामग्री पैठारी गर्न लागेको छ भन्ने शङ्का लागेमा त्यस्तो सामग्रीको पैठारीमा रोक लगाउन प्रमाण सहित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ गर्दा निवेदकको माग मनासिव देखिन आएमा निजले पैठारी हुन लागेको सामग्रीलाई एक पटकमा दश कार्यदिन गरी बढीमा बीस कार्यदिनसम्म रोक लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि भन्सार अधिकृतले नेपाल अधिराज्यभित्र अनधिकार प्रतिलिपिको सामग्री पैठारी गर्न लागेको थाहा पाएमा वा शङ्का लागेमा त्यस्तो सामग्रीलाई एक पटकमा दश कार्यदिन गरी बढीमा बीस कार्यदिनसम्म रोक लगाउन सक्नेछ ।

(४) अनधिकार प्रतिलिपिको पैठारी रोक्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३५. मुद्दाको कारबाही र किनाराः**

(१) यस ऐन अन्तर्गत सजाय हुने मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

(२) यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाइनेछ ।

**३६. रोक्का गर्न आदेश दिन सक्नेः**

यस ऐन बमोजिम उजुरीको कारवाही र किनारा गर्ने सिलसिलामा सम्बन्धित पक्षको निवेदन माग बमोजिम जिल्ला अदालतले यस ऐन विपरीतको कुनै काम कारवाही

तत्काल रोक्न मनासिव ठहऱ्याएमा सम्बन्धित व्यक्ति वा निकायलाई त्यस्तो काम कारवाही रोक्का गर्न आदेश दिन सक्नेछ ।

**३७. नेपाल सरकार वादी हुने:**

(१) दफा २७ र २८ अन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची -१ मा परेको मानिनेछ ।

(२) यस ऐन अन्तर्गतको मुद्दाको अनुसन्धान र तहकिकात कम्तीमा प्रहरी निरीक्षकले गर्नेछ ।

**३८. हदम्याद**: यस ऐन अन्तर्गतको कुनै अधिकार उल्लङ्घन भएकोमा सो भएको थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी दिनु पर्नेछ ।

**३९. रोयेयल्टी सङ्कलन संस्था सम्बन्धी व्यवस्था:**

(१) प्रतिलिपि अधिकार सम्बन्धी रचनाको रोयल्टी निर्धारण गर्ने, सङ्कलन गर्ने, सङ्कलित रोयल्टी वितरण गर्ने प्रयोजनको लागि सामान्यतया एउटा विधामा एउटा रोयल्टी सङ्कलन संस्था तोकिए बमोजिम गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको रोयल्टी संङ्कलन संस्थालाई रजिष्ट्रार समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

(३) रोयल्टी संकलन संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित रसंगठित संस्था हुनेछ ।

(४) रोयल्टी संकलन संस्थाको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(५) रोयल्टी संकलन संस्थाले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न र व्यक्ति सरह नालिस उजूर गर्न एवं सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(६) नेपाल सरकारले रोयल्टी संकलन संस्थाले पालन गर्नुपर्ने शर्त तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु रोयल्टी संकलन संस्थाको कर्तव्य हुनेछ ।

**४०. नेपाल सरकारको प्रतिलिपि अधिकार :**

(१) नेपाल सरकारद्वारा तयार गरिएको रचनाको प्रतिलिपि अधिकार नेपाल सरकारलाई हुनेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम प्राप्त अधिकार कुनै व्यक्ति वा संस्थालाई बहालमा दिन वा बिक्री गर्न वा अन्य कुनै प्रकारले प्रयोग गर्न अनुमती दिन सक्नेछ ।

**४१. वर्षको गणनाः**

यस ऐन बमोजिम वर्ष गणना गर्दा रचना प्रकाशन वा सार्वजनिक सञ्चार भएको वा ध्वनिअङ्कन उत्पादन भएको वर्षको अन्त्यबाट शुरू हुने विक्रम सम्बत् बमोजिमको नयाँ वर्षबाट गणना गरिनेछ ।

**४२. नियम बनाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

**४३. खारेजी र बचाउः**

(१) प्रतिलिपि अधिकार ऐन, २०२२ खारेज गरिएको छ ।

(२) यो ऐन प्रारम्भ हुनु पूर्व सार्वजनिक रूपमा प्रकाशन भएका रचनाको बांकी रहेको प्रतिलिपि अधिकारको संरक्षण अवधि यस ऐन बमोजिम संरक्षण भएको मानिनेछ ।

(३) प्रतिलिपि अधिकार ऐन, २०२२ बमोजिम भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछन् ।

**द्रष्टव्य :**

१. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ ले देहाय शब्दको सट्टा देहायको शब्द राखी रूपान्तरण गरेकोछ :

"श्री ५ सरकार" को सट्टा "नेपाल सरकार" ।

# परिशिष्ट २

# नेपालमा रहेका प्रतिलिपि अधिकार संस्थाहरूको जानकारी

## १. नेपाल प्रतिलीपी अधिकार रजिष्ट्रारको कार्यालय

नया ऐनको प्रार्दुभाव भए पशचात, नेपाल सरकारले वि. सं. २०६१मा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय (NCRO) को स्थापना गरेकोछ । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय को स्थापनाकाल देखि नै, स्रष्टा, सर्जक, प्रस्तोता, कलाकार र सबै प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार धनीहरूको अधिकारको संरक्षणको लागि कार्यरत रहेको छ । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको प्रमुख काम र कर्त्तव्य निम्न अनुसार छन :

(क) प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार धनीहरूलाई निजहरूको अधिकार बारे चेतना जगाउने

(ख) सृजनात्मक कार्यको दर्ता गर्ने

(ग) सम्बन्धित निकायहरूलाई र अधिकारका धनीहरूलाई ज्ञान र शीप प्रदान गर्ने हेतु प्रशिक्षण र गोष्ठीहरूको आयोजना गर्ने

(घ) रोयल्टी संकलन संस्थाहरूको दर्ता, अनुगमन र सहजिकरण गर्ने

(ङ) रोयल्टी संकलन संस्थाहरूद्वारा निर्धारण गरेको रोयल्टीको मापदण्ड विरूद्द दर्ता भएको उजुरी सुन्ने

(च) प्रतिलिपि अधिकार व्यबस्थाको विकास र अभिवृद्विको लागि विभिन्न संस्थाहरू बिच समन्वय गर्ने (सरकारी र गैर सरकारी)

(छ) प्रतिलीपी अधिकारसंग सम्बन्धित क्षेत्रमा नीती निर्माणको लागि सरकारलाई सुझावहरू दिने,

(ज) अन्तराष्ट्रिय महासन्धि, सम्झौता र सन्धिहरू अन्तराष्ट्रिय संस्थाहरूको सदस्यता सम्बन्धमा आवश्यक अध्ययन गरेर राय सुझावहरू दिने,

(झ) प्रतिलिपि अधिकार विषयमा सम्बन्धित पक्षलाई प्राविधिक सहयोग र परार्मश प्रदान गर्ने,

**सर्म्पक ठेगाना** : कालिका स्थान, डिल्ली बजार, काठमाण्डौ - ३३, नेपाल, फोन नं : ९७७-१-४४३११५५, फयाक्स् नं : ९७७-१-४४३११४४, पोष्ट बक्स : ४३०, ईमेल : info@nepalcopyright.gov.com, वेब पेज : www.nepalcopyright.gov.np

## २. संगित रोयल्टी संकलन समाज, नेपाल:-(MRCSN)

संगित रोयल्टी संकलन समाज, नेपाल -:(RCSN) एउटा गैर सरकारी, गैर मुनाफामुलक संस्था हो जुन प्रतिलीपी अधिकार कानून अर्न्तगत वि.सं. २०६६ मा स्थापना भएको थियो । यसले गीत रसंगीतका सर्जकहरूको प्रतिलिपि अधिकारको व्यबस्थापन र संरक्षण गर्ने कार्य गर्दछ । यो संस्थाको प्रमुख कार्य निम्न अनुसार छन् :

(क) आफ्ना सदस्यहरूको रचनाको सार्वजनिक प्रयोग गर्न अनुमती प्रदान गर्ने

(ख) त्यस्ता रचनाहरूको प्रयोग सम्बन्धी अनुगमन गर्ने

(ग) सम्भाव्य प्रयोगकर्तासित वार्ता गर्ने र तोकिएको मापदण्ड बमोजिम प्रयोग गर्न अनुमती पत्र जारी गर्ने,

(घ) तोकिएको मापदण्ड बमोजिमको रोयल्टी संकलन गर्ने र अधिकारका धनीलाई वितरण गर्ने,

(ङ) विदेशमा रहेको यस्तै मिल्दो जुल्दो संस्थाहरूसित पारस्परिक सम्झौताको संजाल स्थापना गर्ने

(च) अधिकार धनीहरूलाई निजहरूको अधिकार र त्यस्को व्यवस्थापन बारे शिक्षा र चेतना प्रदान गर्ने,

(छ) प्रतिलिपि अधिकार व्यबस्थाको विकासको लागि अन्य कार्यहरू गर्ने,

छोटकरीमा, कानूनद्वारा प्रदान गरेको लाभ आफ्ना सदस्य प्रतिलिपि अधिकारका धनीहरूलाई सुनिश्चित र सहज बनाउनु नैसंगीत रोयल्टी संकलन समाजको मुल उद्देश्य रहेको छ । यो संस्था The international Confideration of Authors and Composers Society (CISAC) को सदस्य पनि रहेको छ ।

**सर्म्पक ठेगाना** : २१संगम गल्ली, अनामनगर, काठमाण्डौ - ३३, नेपाल, फोन नं : ९७७-१-४७७०६०६, पोष्ट बक्स : २६५१७, वेब पेज : www.mrscn.com

## ३. प्रस्तोता समाज नेपाल (PSN)

प्रस्तोता समाज नेपाल (PSN) वि.सं. २०६६ मा नेपाल गायन समाज (NSS) नामवाट अधिकार ऐन अर्न्तगत स्थापना भएको थियो । सवै रचनात्मक कार्यका प्रस्तोता जस्तै गायन, वादन, नृत्य, अभिनय आदि कार्य गर्नेहरूलाई समेटने उद्देश्य साथ प्रस्तोता समाज नेपाल भनेर नाम परिवर्तन गरेको छ । यसको पनि प्रमुख काम प्रस्तोताहरूको पारितोषिक वा रोयल्टी संकलन गरेर वितरण गर्नु हो । संगीत रोयल्टी संकलन समाजले रचनाकारहरको सम्बन्धमा गर्ने सकबै कामहरू यसले आफ्ना सदस्य प्रस्ताताहरूको लागि गर्दछ ।

**सर्म्पक ठेगाना** : अनामनगर, काठमाण्डौ , नेपाल, फोन नं : ९७७-१-४२४५७४२

### ४. संगीत उत्पादक समाजः

ध्वनीअंकन उत्पादक अर्थात रचनात्मक कार्यका प्रस्तुतीलाई स्थिरिकरण गर्ने काम। प्रतिलिपि अधिकारसंग सम्बन्धित अधिकार अन्तरगत ध्वनी अंकन उत्पादकको पनि अधिकार व्यबस्था गरिएको छ।यी अधिकारहरूको व्यबस्थापन र संरक्षण गर्नसंगीत उत्पादक समाज नामक रोयल्टी संकलन संस्था २०६९ सालमा दर्ता भएको छ।

**सर्म्पक ठेगाना** : अनामनगर, काठमाण्डौ , नेपाल, फोन नं : ९७७-१-....

### ५. प्रतिलीपी अधिकार संरक्षण समाज - नेपाल (CPSN)

प्रतिलीपी अधिकार संरक्षण समाज - नेपाल एउटा गैर सरकारी संस्था हो जुन ................मा स्थापना भएको थियो र यसको स्थापना प्रख्यात गीतकार ,संगीतकार, रचनाकार, लेखक, कवि, कलाकार र सिर्जनात्मक काममा आधारित उद्यमी र कानून व्यवसायीद्वारा स्थापीत भएको थियो। CPSN ले सरकारलाई नया प्रतिलीपी अधिकार ऐन जारी गर्न सुझावहरू दिएको थियो र यसले नेपालमा प्रतिलीपी अधिकार प्रणालीको विकास गर्नको लागि प्रतिलीपी अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना गराउनमा महत्वपुर्ण भुमिका खेलेकोछ। यस्को साथै यो संस्थाले विगतमा प्रतिलीपी अधिकारको संरक्षण र नक्कल, चोरी पाईरेसी विरूद्ध जन चेतना अभियान संचालन गर्ने काम पनि गरेको थियो। यो संस्थाले रोयल्टी संकलनको स्थापनामा र प्रतिलिपि अधिकार सम्बन्धी नीती नियम तर्जुमा गर्नका लागि पनि योगदान पुर्‍याउदै आएको छ।

**सर्म्पक ठेगाना** : अनामनगर , काठमाण्डौ , नेपाल, फोन नं : ९७७-१-४२६७३५७, पोष्ट बक्स : २०१८